साउन – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २५, अङ्क ७ | २०७३, साउन १–१५ | पूर्णाङ्क ५७७



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.ब.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्बबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सहायक डिजायनर श्री रसना बज्राचार्य
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ६ |
| संयुक्त इजलास | १४ |
| इजलास नं. १ | १५ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | १३ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | २ |
| एकल इजलास | २ |
| जम्मा | ७१ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, साउन – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-७** |
| १. | लुटपिट हक कायम | पुण्यप्रसाद लुइँटेलसमेत वि. सुमित्रादेवी पाण्डे | |
| २. | उत्प्रेषण | प्रहरी प्रधान कार्यालय, नक्साल र ऐजनको कानून शाखाको तर्फबाट ऐ.का प्रहरी महानिरीक्षक वि. विद्याधर अधिकारी | |
| ३. | परमादेश / प्रतिषेध | अपूर्व खतिवडासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| ४. | उत्प्रेषण | अधिवक्ता प्रकाशमणि शर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **७-१७** |
| ५. | बन्दी प्रत्यक्षीकरण | प्रशान्त अग्रवाल वि. काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंसमेत | |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्यामबहादुर झाँक्रीसमेत | |
| ७. | उत्प्रेषण | भिमेन्द्रकुमार गोयल वि. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.२ बबरमहल, काठमाडौंसमेत | |
| ८. | परमादेश | वीरेन्द्र पाण्डेय वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत | |
| ९. | बाल बिज्याँई (जबरजस्ती करणी) | नेपाल सरकार वि. दीपक सदा | |
| १०. | अदालतको अवहेलना | पद्मकुमार मेघासी (शाह) वि. सुरेन्द्रमान महर्जनसमेत | |
| ११. | जबरजस्ती करणी | नेपाल सरकार वि. खेम खवास भन्ने खेमलालसमेत | |
| १२. | डाँका | नेपाल सरकार वि. महेन्द्र सोनार ठाकुरसमेत | |
| १३. | उत्प्रेषण / परमादेश | पद्मकुमार मेघासी शाह वि. युनिभर्सल फाइनान्स लिमिटेड (वित्तीय संस्था) प्रधान कार्यालय, सिद्धार्थ भवन कान्तिपथ, काठमाडौंसमेत | |
| १४. | अदालतको अवहेलना | प्रणयराज आचार्यसमेत वि. सूर्यप्रसाद सिलवालसमेत | |
| १५. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद देवकोटा वि. दुर्गाप्रसाद आचार्य | |

| | | |
|---|---|---|
| १६. | उत्प्रेषण / परमादेश | रामचन्द्र ठाकुर वडहीसमेत वि. पुनरावेदन अदालत, जनकपुर |
| १७. | भ्रष्टाचार | पदमप्रसाद अधिकारी वि. नेपाल सरकार |
| १८. | परमादेश | जीवनबाबु श्रेष्ठ वि. वैदेशकि रोजगार विभाग, काठमाडौं |
| **इजलास नं.१** | | **१७-२८** |
| १९. | उत्प्रेषण | विष्णुकुमार श्रेष्ठ वि. गृहमन्त्रालयसमेत |
| २०. | उत्प्रेषण / परमादेश | भाइकाजी तिवारी वि. चतुर्भुज भट्टसमेत |
| २१. | निषेधाज्ञा / परमादेश | सोमनी सरबरिया वि. सोभितप्रसाद गुप्ता |
| २२. | निषेधाज्ञा / परमादेश | ओमहरि पोखरेलसमेत वि. हेमबहादुर थापा |
| २३. | निषेधाज्ञा | आशिषकुमार खड्कासमेत वि. महानगरीय प्रहरी परिसर, ललितपुरसमेत |
| २४. | निषेधाज्ञा | मानबहादुर पाण्डे वि. महानगरीय प्रहरी प्रभाग कपन, काठमाडौंसमेत |
| २५. | भ्रष्टाचार | लोकबहादुर देउबा वि. नेपाल सरकार |
| २६. | कम्पनीले पाउनु पर्ने रकम दिलाई भराई पाउँ | कमलनारायण कर्णसमेत वि. राजेशकुमार सर्राफसमेत |
| २७. | अनियमित वन पैदावार काटी ओसारपसार | नेपाल सरकार वि. राजेन्द्र सुनुवार |
| २८. | जबरजस्ती करणी | नेपाल सरकार वि. मोहम्मद बसर खाँ |
| २९. | उत्प्रेषण / परमादेश | शम्भुप्रसाद घिमिरेसमेत वि. जिल्ला विकास समितिको कार्यालय, लमजुङ, बेसीँसहरसमेत |
| ३०. | बन्दी प्रत्यक्षीकरण | गौरीमाया घिमिरे वि. कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंसमेत |
| ३१. | उत्प्रेषण / परमादेश | भोजराज पाण्डे वि. नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाडौंसमेत |
| ३२. | उत्प्रेषण / परमादेश | गोबर्द्धनलाल नकर्मीसमेत वि. कमला नकर्मीसमेत |

| | | |
|---|---|---|
| **इजलास नं. २** | | **२८-३१** |
| ३३. | मूल्य अभिवृद्धि कर | टङ्कमणि शर्मा वि. सञ्जय चोखनी |
| ३४. | लागु औषध ब्राउन सुगर | अनुप गुरूङ वि. नेपाल सरकार |
| ३५. | लागु औषध खैरो हेरोइन | रामराज मोक्तान वि. नेपाल सरकार |
| ३६. | लागु औषध (अफिम) | मिश्रादेवी भण्डारीसमेत वि. नेपाल सरकार |
| ३७. | भ्रष्टाचार | नेपाल सरकार वि. रीनाकुमारी रायसमेत |
| **इजलास नं. ३** | | **३१-४०** |
| ३८. | कर्तव्य ज्यान | निरज खाती वि. नेपाल सरकार |
| ३९. | लागु औषध खैरो हेरोइन | विजय साह रौनियारसमेत वि. नेपाल सरकार |
| ४०. | निर्णय दर्ता बदर | प्रतुतलाल श्रेष्ठ वि. खुशबु सरकार श्रेष्ठ |
| ४१. | उत्प्रेषण / परमादेश | सन्जयकुमार के.सी.समेत वि. लक्ष्मणकुमार बि.सी.समेत |
| ४२. | उत्प्रेषण | हिरालाल रजक वि. जिल्ला शिक्षा कार्यालय, सप्तरीसमेत |
| ४३. | कर्तव्य ज्यान | रामबहादुर कापर वि. नेपाल सरकार |
| ४४. | जबरजस्ती करणी | राजु पराजुली वि. नेपाल सरकार |
| ४५. | कर्तव्य ज्यान | लक्ष्मी प्रकाश सेनासमेत वि. नेपाल सरकार |
| ४६. | परमादेश | शम्भु कुसियैत यादव वि. नारायणी मिश्र |
| ४७. | निषेधाज्ञा | बचाईराम चमारसमेत वि. सुकनीदेवी चमैन |
| ४८. | निषेधाज्ञा / परमादेश | विष्णुकान्त यादवसमेत वि. चन्द्रशेखर साफीसमेत |
| ४९. | हक कायम | धर्मनारायण महर्जनसमेत वि. लक्ष्मीनारायण महर्जन |
| **इजलास नं. ४** | | **४०-४२** |
| ५०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रभु माझी |
| ५१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कालु तामाङ (लामा) |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रसाते काजी भन्ने नरभुपाल राई |
| **इजलास नं. ५** | | **४२-४३** |
| ५३. | अंश | ओमराज हरिजनसमेत वि. भेषराज हरिजनसमेत |

| | | | |
|---|---|---|---|
| ५४. | कर्तव्य ज्यान | प्रेम वली वि. नेपाल सरकार | |
| **इजलास नं. ६** | | | **४३-४५** |
| ५५. | उत्प्रेषण | विष्णुकुमार श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | |
| ५६. | कर्तव्य ज्यान | राजदेव मंडल वि. नेपाल सरकार | |
| ५७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मनबहादुर गुरूङ | |
| ५८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शिवलाल शर्मा | |
| **इजलास नं.७** | | | **४५-४८** |
| ५९. | उत्प्रेषण | अश्मिर भन्ने मीनबहादुर बस्नेत वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत | |
| ६०. | निषेधाज्ञा | भिमप्रसाद हुमागाईं वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत | |
| ६१. | उत्प्रेषण / परमादेश | नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयसमेत वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत | |
| ६२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ललित भन्ने सूर्या दयाल | |
| **इजलास नं.८** | | | **४८-४९** |
| ६३. | मोटर साइकल चोरी | नेपाल सरकार वि. बिनोद थापा | |
| ६४. | उत्प्रेषण / परमादेश | पृथान स्याङतान वि. कारागार कार्यालय, नख्खु ललितपुरसमेत | |
| **एकल इजलास** | | | **४९-५२** |
| ६५. | उत्प्रेषण | विजय सिंह सिजापति वि. न्याय परिषद् काठमाडौंसमेत | |
| ६६. | उत्प्रेषण | दीपक विक्रम मिश्र वि. माननीय राष्ट्रपतिको कार्यालय, शीतलनिवास, काठमाडौंसमेत | |

## पूर्ण इजलास

१

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-NF-०००८, लुटपिट हक कायम, *पुण्यप्रसाद लुइँटेलसमेत वि. सुमित्रादेवी पाण्डे*

सार्वजनिकरूपमा प्रयोगमा रहेका देवी देवताका मन्दिर, धारा, चौतारा र बाटो जस्ता सार्वजनिक हितको जग्गा सार्वजनिक हितको लागि मात्र नगरपालिकाले उचित बन्दोबस्त र प्रबन्धसम्म गर्न पाउने हो तर व्यक्ति विशेषको हक स्थापित हुने गरी नगरपालिकाले हक र स्वामित्वको हक हस्तान्तरण गर्न सक्ने देखिएन। सार्वजनिक उपयोगमा प्रयोग भइरहेको त्यस्तो जग्गा कुनै व्यक्ति विशेषका नाममा दर्ता भएको भए पनि स्वतः बदर हुन जाने हुँदा वादीले राजीनामा गरी लिएको भनेको कथित लिखतको स्रोत परदाता असर्फी साहुको दर्ता नै वैधानिक नदेखिएबाट त्यसबाट सिर्जित गरिएका वा हस्तान्तरण गरिएका लिखतसमेत स्वतः कानूनी मान्यताबिहीन लिखत हुँदा वादीले प्राप्त गरेको भनेको मिति २०३९।५।३ को लिखत वैधानिक नभएबाट दाबीको जग्गामा वादीको हक कायम हुन सक्ने स्थिति नरहने।

१९९८ सालमा नगर योजना तयार गर्दा नै सार्वजनिक प्रयोजनका लागि छुट्याइएको विवादित जग्गा तत्कालीन राजविराज नगरपञ्चायतबाट २०३१।९।१५ मा असर्फी साहु रौनियारका नाउँमा दर्ता गर्ने निर्णय गर्दा स्वीकृतिको लागि तत्कालीन श्री ५ को सरकारमा पठाउने भन्ने उल्लेख भई सोहीबमोजिम मिति २०३१।१२।७ मा समर्थनका लागि लेखी पठाएकोमा तत्कालीन श्री ५ को सरकारबाट स्वीकृति भई नआउँदै तहतह हक हस्तान्तरण गरिएको र हालसम्म पनि स्वीकृति प्राप्त गर्न नसकेको अवस्था छ। दाता तथा परदाताले नै लिएको हक पक्का भई नसकेको अवस्थामा निजबाट प्राप्त गर्ने यी वादीको सो जग्गामा हक भएको भनी सम्झन नमिल्ने हुन्छ। वादी दाबीको जग्गामा तत्कालीन नगरपञ्चायतको टाउन प्लानिङको योजनाअनुसार सार्वजनिक रूपमा प्रयोग गर्ने गरी राखिएकोमा सो सार्वजनिक जग्गा तत्काल प्रचलित कानूनबमोजिम कसैको नाममा दर्ता गर्न नमिल्ने गरे पनि बदर हुने प्रकृतिको जग्गा रहेको छ। विवादित जग्गामा हाल दुर्गा भगवतीको मन्दिर, शिव मन्दिर, पानीको धारा, पिपलको रूखसहितको चौतारा र सार्वजनिक कच्ची बाटो रही सार्वजनिक उपयोगमा रहेको र वादीले प्राप्त गरेको परदाता असर्फी साहु रौनियारको वैधानिक स्रोतको अभावमा वादीको निजी हक भोग भन्न मिल्ने नदेखिँदा लुटपिटतर्फको मूल दाबी नपुग्ने ठहर्‍याई त्यसबाट उठाएको हक कायम मुद्दाबाट हक कायम हुने ठहर गरेको यस अदालत संयुक्त इजलासको मिति २०६२।५।१३ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई वादी दाबी नपुग्ने।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७१ साल पुस २४ गते रोज ५ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६६-NF-०००९, निषेधाज्ञा, पुण्यप्रसाद लुइँटेलसमेत वि. सुमित्रादेवी पाण्डे
- ०६६-NF-००१०, परमादेश, पुण्यप्रसाद लुइँटेलसमेत वि. लखन साह हलुवाई

२

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-NF-०००६, उत्प्रेषण, *प्रहरी प्रधान कार्यालय, नक्साल र ऐजनको कानून शाखाको तर्फबाट ऐका प्रहरी महानिरीक्षक वि. विद्याधर अधिकारी*

कस्ताकस्ता मुद्दा सरकार वादी भई चल्न सक्ने रहेछन्, सरकार वादी भई चल्ने मुद्दामा सरकारी वकिलको के कस्तो भूमिका रहने हो र निवेदकउपर लगाइएको अभियोगसम्बन्धी मुद्दा सरकार वादी भै

चल्ने मुद्दा हो होइन भन्नेसम्बन्धमा विश्लेषण गरी निष्कर्षमा पुग्नुपर्ने भएकोले तत्सम्बन्धी संवैधानिक र कानूनी व्यवस्थाको विवेचना गर्नु उपयुक्त हुने देखिन आयो । तत्काल बहाल रहेको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११० को उपधारा (२) मा "नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट श्री ५ को सरकारको प्रतिनिधित्व गरिनेछ । कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष श्री ५ को सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ । त्यस्तै सोही धाराको उपधारा (५) मा महान्यायाधिवक्ताले उक्त धाराबमोजिम निजको काम, कर्तव्य र अधिकार मातहतका अधिकृतलाई सुम्पन सक्ने व्यवस्थासमेत गरिएको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) र (६) तथा वर्तमान नेपालको संविधानको धारा १५८ को उपधारा (२) र (७) मासमेत सोही व्यवस्थासँग मिल्दोजुल्दो व्यवस्था समावेश गरिएको पाइन्छ । उल्लिखित साबिक र वर्तमान संवैधानिक व्यवस्थाअनुसार कुनै अदालत, न्यायिक निकाय वा अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्ता वा निजले अधिकार प्रत्यायोजन गरेको मातहतको सरकारी वकिललाई मात्र हुने स्पष्ट रूपमा देखिन आउने ।

विपक्षी रिट निवेदक उपर प्रहरी ऐन, २०१२ को दफा ३४ को खण्ड (ग),(घ) र (छ) बमोजिमको कसुरमा प्रहरी प्रधान कार्यालयको पत्रले श्री ५ को सरकार वादी भनी प्रहरी प्रधान कार्यालय कानून शाखाका प्रहरी नायब उपरीक्षक भिष्मकान्त अर्यालले सरकारी वकिलको निर्णय बिना नै मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतसमक्ष अभियोगपत्र दायर गरेको देखिन्छ । निजले के कुन कानूनले दिएको अधिकार प्रयोग गरी अभियोगपत्र दायर गरेको हो सो कुरा उक्त अभियोगपत्रमा उल्लेख भएको देखिँदैन । प्रहरी ऐन, २०१२ मा रिट निवेदकउपर लगाइएको दफा ३४ को अभियोगसम्बन्धी मुद्दा सरकार वादी भै चल्ने भन्ने कुरा उल्लेख भएको देखिँदैन । त्यसैगरी प्रहरी ऐन, २०१२ अन्तर्गतको कसुरसम्बन्धी मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ मा समेटिएको नदेखिनुका साथै प्रहरी ऐन, २०१२ को दफा ३४ अन्तर्गतको कसुरसम्बन्धी मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ को क्रमसङ्ख्या ३६ र अनुसूची २ को क्रमसङ्ख्या १० बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल सरकार वादी भै चल्ने भनी तोकेको भन्ने पनि देखिन आएको छैन । यसप्रकार विपक्षी रिट निवेदकउपर लगाइएको प्रहरी ऐन, २०१२ को दफा ३४ सँग सम्बन्धित कसुरसम्बन्धी मुद्दा सरकार वादी भै चल्ने भनी स्वयं उक्त ऐन, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ तथा अन्य कुनै कानूनी प्रावधानले स्पष्ट रूपमा व्यवस्था गरेको नदेखिँदा रिट निवेदकउपर दायर गरिएको उक्त मुद्दा नेपाल सरकार वादी भै चल्न सक्ने अवस्था देखिन नआउने ।

उल्लिखित आधार कारणबाट विपक्षी निवेदकउपर लगाइएको मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ भित्र नपरेको, उक्त ऐनको दफा ३१ ले पनि नसमेटेको अवस्थामा प्रहरी प्रधान कार्यालयको पत्रले नेपाल सरकार वादी भनी सरकारी वकिलको निर्णयबेगर प्रहरी नायब उपरीक्षकले दायर गरेको मुद्दा कानूनबमोजिम अधिकारप्राप्त निकाय वा पदाधिकारीले दायर गरेको भन्न मिल्ने नदेखिँदा गैरकानूनी अभियोजनका आधारमा मुद्दाको सुनुवाई गरी विपक्षी निवेदकलाई एक वर्ष कैदसमेत हुने ठहऱ्याएको मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतको मिति २०६१।१।२ को फैसला र सोलाई सदर गर्ने गरेको केन्द्रीय प्रहरी विशेष अदालतको मिति २०६३।३।१२ को निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहऱ्याएको यस अदालतको संयुक्त इजलासको मिति २०६६।८।९ को फैसला मनासिब देखिँदा सदर

हुने ठहर्छ । निवेदक विपक्षीको निवेदन जिकिर पुग्न नसक्ने ।

उपर्युक्तबमोजिम यस अदालतको संयुक्त इजलासबाट भएको फैसला सदर हुने ठहरे पनि प्रहरी ऐन, २०१२ अन्तर्गतका कसुरसम्बन्धी मुद्दा चलाउने वा वादी कायम गर्नेसम्बन्धमा स्पष्ट कानूनी व्यवस्थाको अभाव देखिन आएकोले सोसम्बन्धमा स्पष्ट र पर्याप्त कानूनी व्यवस्था हुन जरूरी देखिएकोले तत्सम्बन्धमा अविलम्ब थप स्पष्ट कानूनी व्यवस्था गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री सुशीला कार्की, मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६८-WF-०००५, परमादेश / प्रतिषेध, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ९ स्थित ल स्टुडेन्टस सोसाइटी, काठमाडौंको अख्तियारप्राप्त अपूर्व खतिवडासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारसमेत*

कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय नगरिने, अभियुक्तहरूलाई अपराधीहरूबाट अलग राखिने र सजाय नपाएका व्यक्तिहरूको हैसियतले तिनीहरूको अवस्था सुहाउँदो पृथक व्यवहार गरिने, दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने र आफ्नो प्रतिरक्षार्थ कानून व्यवसायी नियुक्त गर्न सकिने गरी व्यक्तिलाई अधिकार प्रदान गरेको देखिन आयो । पक्राउ व्यक्तिलाई सार्वजनिकीकरण गर्नु पनि उक्त प्रतिज्ञापत्रले प्रदान गरेको हकमा प्रतिकूल असर पर्नु हो भन्ने दाबी छ । तर निवेदकले दाबी गरे जस्तो पक्राउसम्बन्धी सूचना सञ्चार माध्यमबाट सार्वजनिकीकरण नगरिने प्रतिबद्धताका विषयमा प्रतिज्ञापत्रको उक्त धाराहरूमा कुनै व्यवस्था भएको देखिन आएन । प्रतिज्ञापत्रद्वारा सिर्जित दायित्वहरू पुरा गर्न नेपालले नेपालको अन्तरिम संविधान, २०६३, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ लगायतका अन्य ऐनहरूमा संवैधानिक तथा कानूनी व्यवस्था गरेको देखिन आउने ।

प्रतिज्ञापत्रद्वारा सिर्जित दायित्वहरू पूरा गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ ले न्यायसम्बन्धी हक प्रत्याभूत गरेको छ । धारा २४(२) (५), (९) ले व्यवस्था गरेको पक्राउ गर्नुको कारण जानकारी पाउने र कानून व्यवसायीबाट मुद्दा पुर्पक्ष गर्ने हक, निर्दोषिताको अनुमान र स्वच्छ सुनुवाइको हकको प्रत्याभूति भएकोमा उक्त हकहरूको उपभोग गर्नबाट बञ्चित गरिएको वा उपभोग गर्न नै नपाएको भन्ने निवेदकको भनाइ होइन, मात्र पक्राउपश्चात् सार्वजनिकीकरण गरिनु प्रतिज्ञापत्र र संविधान प्रदत्त हकको उल्लङ्घन हो भनी दाबी गरिएको छ । सार्वजनिकीकरणको विषय कानून व्यवसायीबाट मुद्दा पुर्पक्ष गर्ने हक, निर्दोषिताको अनुमान र स्वच्छ सुनुवाइको हकसँग जोडिएको भन्ने निवेदकको तर्कसम्म हो तर उक्त हकहरू निर्वाधरूपमा प्रयोगको बञ्चिती भन्न नसक्नुबाट निवेदकहरूको कोरा कल्पना मात्र हो भन्न सकिने ।

व्यक्तिको सार्वजनिकीकरणले स्वच्छ सुनुवाईमा प्रतिकूल असर परेको भन्नेसमेत निवेदन दाबी रहेको छ । प्रत्येक व्यक्तिले स्वच्छ सुनुवाइसम्बन्धी अधिकार प्राप्त गर्ने भएकोले सार्वजनिकीकरणले न्यायिक निकाय पनि पूर्वाग्रही बन्दछ भनी शङ्का व्यक्त गर्नु उचित होइन । संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तबमोजिम न्याय सम्पादन हुने हुँदा कुनै अमुक सूचनाबाट न्यायिक निर्णयमा असर पर्ने वा न्यायिक निर्णय प्रभावित हुने भनी न्यायिक स्वतन्त्रताको मूल्य मान्यतामाथि नै शङ्का व्यक्त गरी गलत धारणा बनाउनु मनासिब नहुने ।

आम सञ्चार माध्यमले प्रकाशन र प्रसारण गरेको विषयसमेतलाई निवेदकहरूले चुनौती दिएको देखिन्छ । आम सञ्चार माध्यमले कुनै पनि विषयको

प्रकाशन र प्रसारण गर्दा सर्वसाधारण जनताको सदाचार, नैतिकता, सामाजिक मर्यादामा आघात पर्न जाने विषयवस्तु प्रकाशन गर्न नपाइने गरी छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४(ङ) ले निषेध गरेको देखिन्छ। निषेध गरेको कुरा आम सञ्चार माध्यमले प्रकाशन र प्रसारण गरेमा सोही ऐनको दफा २७ मा सजायको व्यवस्था भएपछि निवेदकहरूले माग गरेको विषयका सम्बन्धमा कानूनी व्यवस्था भैरहेको हुँदा कानूनले निषेध गरेको त्यस्तो कार्यको सम्बन्धमा पीडित पक्षले कानूनी मार्ग अवलम्बन गर्न नसक्ने भन्ने देखिन नआउने।

पक्राउ व्यक्तिको सार्वजनिकीकरणले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ ले प्रत्याभूत गरेको स्वतन्त्रताको हकमा प्रतिकूल असर परेको भन्ने दाबीतर्फ विचार गर्दा हिरासत वा थुनामा रहेका व्यक्तिका हकमा निजहरूलाई गर्नुपर्ने मानवोचित व्यवहारसँग स्वतन्त्रताको हकको विषय जोडी निवेदन गरेको देखिन्छ। कुनै पनि व्यक्ति फौजदारी कसुरमा हिरासतमा वा थुनामा रहेको अवस्थामा अरू व्यक्तिको भन्दा निजको वैयक्तिक स्वतन्त्रता केही हदसम्म नियन्त्रित हुन पुग्न जाने हुँदा वैयक्तिक स्वतन्त्रतालाई असीमित, अनियन्त्रित, पूर्ण र निरपेक्ष हकको रूपमा ग्रहण गर्न मिल्ने नहुने।

अनुसन्धान, तहकिकात वा मुद्दा पूर्पक्षको निमित्त हिरासतमा वा थुनामा रहेका व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने, अमानवीय वा अपमानजनक कार्य भएमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६(२) मा भएको व्यवस्था बमोजिम यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ६(१) ले उपचारको व्यवस्था गरेको र सर्वसाधारण जनताको सदाचार, नैतिकता, सामाजिक मर्यादामा आघात पर्न जाने विषयवस्तु प्रकाशन गर्न नपाइने गरी छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४(ङ) ले निषेध गरेको र उक्त निषेध गरेको कुरा आम सञ्चार माध्यमले प्रकाशन र प्रसारण गरेमा सोही ऐनको दफा २७ ले सजायको व्यवस्था गरेको हुँदा निषेध गरेको कार्य प्रसारण र प्रकाशन गरेकोसम्बन्धमा पीडित पक्षले कानूनी मार्ग अवलम्बन गर्न सक्ने नै हुँदा निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था नदेखिएको हुँदा २०५९ सालको रिट नं. २७२९ खारेज हुने ठहर गरी मिति २०६२।११।२६ मा कायम भएको रूलिङ मिलेको नदेखिँदा उक्त रूलिङ कायम हुने ठहर्छ। उक्त रूलिङसँग असहमति व्यक्त गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६८।१।१९ को रूलिङसँग यो इजलास सहमत हुन नसकेकोले उक्त मिति २०६८।१।१९ को रूलिङ कायम नहुने हुँदा संवैधानिक हक हनन् भएको भनी निवेदकहरूले माग गरेको विषयमा मौजुदा कानूनहरूले नै उपचारको व्यवस्था गरेको हुँदा मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम्।

४

**मा.न्या. श्री सुशीला कार्की, मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-००८२, उत्प्रेषण, *अधिवक्ता प्रकाशमणि शर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

हरेक खानीको उत्खनन् गर्ने निश्चित आयु हुन्छ। त्यसैले खानी सञ्चालनको लागि अनुमति प्रदान गर्दा नै समायावधि किटान गर्ने खानी ऐन, २०४२ र नियमावलीको व्यवस्था बोधगम्य नै छ। साथै खनिज सम्पदाजस्तो राज्यको ट्रस्टीको रूपमा रहेको विषय निरन्तररूपमा एउटै व्यक्तिलाई दिइरहनु र पाइरहनु पर्ने भन्ने कुरा पनि न्यायोचित छैन। विपक्षी उद्योगको लिखित जवाफ हेर्दा प्रस्तुत उद्योगले राणा कालदेखि नै गोदावरी पहाडमा मार्बलको निरन्तर उत्खनन् गरेको भन्ने देखिन्छ। यस हिसाबले पनि यो मार्बल उद्योगले १०० वर्ष नाघीसकेको देखिन्छ। अहिलेका विपक्षीले उद्योगको स्वामित्व लिएको पनि तिसौं वर्ष भइसकेको भन्ने देखिएको छ। यसरी एउटै व्यक्तिलाई लामो

समयसम्म र त्यो पनि अदालतमा मुद्दा परी विवाद खडा भइरहेको अवस्थामा त्यसलाई छली उद्योगको म्याद थप गरेको देखिँदा यस्तो कार्यलाई उचित मान्न नसकिने।

जैविक विविधता र वातावरणमा ह्रास पार्ने कुनै उद्योग सञ्चालन गर्न दिने वा बन्द गर्ने भन्ने विषयमा राज्यका व्यवस्थापिका र कार्यपालिका तथा कार्यपालिकाअन्तर्गतका निकायहरूबिच फरकफरक धारणा रहेको पाइयो। यसबाट राज्यको वातावरण र जैविक विविधता संरक्षणसम्बन्धी नीति दरो र प्रभावकारीरूपमा कार्यान्वयन नभएको प्रस्ट हुन्छ। यदि राष्ट्रिय महत्त्वको यस्तो विषयमा राज्यका निकायहरूबिच नै स्वार्थको द्वन्द्व हुन्छ भने त्यसको लाभ राज्यले नभई अरू कसैले उठाउने कुरा निश्चित छ। त्यसैले वातावरण जस्तो संवेदनशील विषयमा राज्यको एउटै साझा धारणा हुन अनिवार्य छ। यस्तो महत्त्वपूर्ण विषयमा संसद् तथा सरकारकै एउटा निकायको एक थरी धारणा र अर्को निकायको अर्कै दृष्टिकोण रहनु तथा उद्योग खोल्ने र बन्द गर्ने विषयमा लुकामारी भैरहनु शोभनीय नदेखिने।

प्रकृतिका हरेक सिर्जना वा वस्तुको अस्तित्व रहिरहनुमा आ-आफ्नै प्राकृतिक कारण र महत्त्व हुन्छ । हरेक वस्तुको पृथकपृथक मूल्य र मान्यता रहेको हुन्छ । कसैको निहित उद्देश्य वा आर्थिक स्वार्थका निमित्त प्रकृतिको आधारभूत मूल्य मान्यता भत्काउने कुरा स्वीकार्य हुन सक्दैन । प्रकृतिको पहिचान र अस्तित्वसँग जोडिएर रहेका हावा, पानी, वनजङ्गल र जैविक विविधता जस्ता विषयहरू कुनै एक पुस्ता मात्रका लागि बनेका होइनन्। तिनको कुनै पनि बहानामा क्षयीकरण हुन दिनु हुँदैन । विकासको नाममा प्रकृति तथा यसका अवयवहरूको आधारभूत स्वरूप वा मान्यता समाप्त गर्ने छुट कसैलाई पनि हुँदैन। प्रकृतिले दिएका उपहारको मूल्यसँग विकासका क्रियाकलापले दिने लाभको तुलना हुन सक्दैन। त्यसैले भौतिक विकासका क्रियाकलापबाट कुनै ठुलै लाभ हुने रहेछ भने पनि प्रकृति र वातावरणलाई नकारात्मक प्रभाव पार्ने वा विनास गर्ने क्रियाकलापले निरन्तरता पाउन नहुने।

जसरी हामी कुनै विकास वा आर्थिक लाभका निमित्त हाम्रा हिमाल र पहाडहरू भत्काउन तथा समुद्र पुर्ने कुरा गर्न सक्दैनौं, त्यसरी नै जैविक विविधताको मूल्यलाई मार्बल वा रोडा ढुङ्गासँग साट्न सकिन्न। गोदावरी क्षेत्रको धार्मिक र सांस्कृतिक सम्पदा, जैविक विविधता, लोप हुने अवस्थामा रहेका चराचुरुङ्गी, पुतली, वनस्पति, पारिस्थितिकीय प्रणाली तथा प्राकृतिक सौन्दर्यताको कुनै मूल्य छैन। यस्ता अमूल्य प्राकृतिक सम्पदाहरू सुदुर पुस्तासम्मका लागि संरक्षणीय र सङ्ग्रहणीय हुँदा मार्बल होइन सुन वा हिरा नै पाइन्छ भने पनि गोदावरीजस्तो जैविक विविधताको सञ्जीवनी पहाड भत्काउने कुरा त परै जावस् खोस्रन पनि नपाइने।

गोदावरी मार्बलको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले उद्योगले पनि व्यवसाय गर्ने हकलाई कानूनबमोजिम उपभोग गर्न पाउनुपर्छ र त्यो बन्द गर्दा क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ भन्ने कुरा उठाउनु भएको पाइयो। तर उक्त विषयवस्तुको निरूपण गर्ने उपयुक्त थलो प्रस्तुत रिट निवेदन होइन। यसबारेमा कानूनबमोजिम दाबी गर्न र उपचार लिन उद्योग सक्षम नै रहेकोले यो रिटबाट उक्त विषयवस्तुको निरूपण गर्न नमिल्ने।

विपक्षी गोदावरी मार्बलले क्षति न्यूनीकरणका केही उपायहरू अवलम्बन गरेको भन्ने पनि देखिन्छ । तर उद्योग अवस्थित गोदावरीक्षेत्रको उल्लिखित जैविक, भौगोलिक र भूगर्भिक महत्त्वले गर्दा सुधारका प्रयासहरू फिका साबित भएका देखिन्छन्। साथै सो क्षेत्रको मार्बलको गुणस्तर तथा भण्डारण राम्रो नभएको, थोरै मार्बल निकाल्न बढी मात्रामा ढुङ्गा उत्खनन् गर्नुपर्ने र विपक्षी उद्योगले मार्बलभन्दा पनि ढुङ्गा उद्योगका रूपमा काम गरिरहेको भन्ने देखिएको छ। विपक्षी उद्योगले प्रदान गरेको सीमित रोजगारी र बुझाएको राजस्वको तुलनामा पर्यावरणीय दृष्टिकोणबाट अति संवेदनशील सो क्षेत्रमा

परेको क्षति अपुरणीय देखिएको हुँदा त्यसको संरक्षण गर्नु नै मानव समुदायको बृहत् हितको लागि अपरिहार्य भएकोले विकासका क्रियाकलापहरू अघि बढाइरहनु कुनै पनि दृष्टिकोणबाट न्यायोचित नदेखिने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) ले सम्मानपूर्वक बाँच्न पाउने हक र धारा १६(१) ले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हककै रूपमा राखेको देखिन्छ । वातावरण स्वच्छ राख्न जैविक विविधता संरक्षण गर्दै सन्तुलित र दिगो विकास गर्नुपर्ने गरी संविधानको धारा ३५(५) ले राज्यको नीति निर्दिष्ट गरेको पाइन्छ । खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ११क. ले खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने व्यवस्था गरी खानी तथा खनिज पदार्थसम्बन्धी नियमाली, २०५६ को नियम ३२ मा त्यस्ता असरहरू तोकिएको देखिन्छ। विपक्षी उद्योगको क्रियाकलापबाट उक्त कानूनी व्यवस्थाप्रतिकूल गोदावरीक्षेत्रको वातावरणमा उल्लेखनीय प्रतिकूल असर पुर्‍याएको भन्ने पनि देखियो । साथै ऐनको दफा १२ मा सार्वजनिक हित र ऐतिहासिक महत्त्वका क्षेत्रलाई खनिज कार्य निषेधितक्षेत्र घोषणा गर्न सकिने व्यवस्था भई वातावरण संरक्षण ऐन, २०५३ को दफा १० बमोजिम यस क्षेत्रलाई संरक्षित क्षेत्रको रूपमा विकास गर्नुपर्ने।

वातावरणीय न्यायको उपर्युक्त सैद्धान्तिक अवधारणा, यस अदालतबाट वातावरण संरक्षणका सम्बन्धमा प्रतिपादित भएका नजिर सिद्धान्त, संवैधानिक र कानूनी व्यवस्था र फुलचोकी गोदावरीक्षेत्रको जैविक महत्त्व र विपक्षी मार्बल उद्योगको क्रियाकलापबाट त्यस क्षेत्रको पर्यावरणमा परेको उल्लेखनीय प्रतिकूल असरसमेतको सन्दर्भमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) बमोजिम विपक्षीहरूका नाममा देहायको आदेश जारी हुने ठहर्छः-

(क) यस अदालतमा मुद्दा विचाराधीन छँदाछँदै पुनः खानी सञ्चालन अवधि २०७८ सालसम्म थप्ने गरी विपक्षी खानी तथा भूगर्भ विभागबाट मिति २०६७।९।२३ मा भएको निर्णय र सो सम्बद्ध सम्पूर्ण कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ।

(ख) फूलचोकी गोदावरीक्षेत्रको जलवायु, जैविक विविधता, प्राकृतिक सौन्दर्य, भौगोलिक र भौगर्भिक अवस्था, पारिस्थितिकीय प्रणाली र ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्वसमेतका कारण त्यस क्षेत्रमा खानी तथा खनिज कार्य सञ्चालन गर्नु खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २७ को उपदफा (१) र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४३ को देहाय (घ) अनुसार बृहत सार्वजनिक हित प्रतिकूल हुने देखिएकोले सोही ऐनको दफा १२(१) बमोजिम गोदावरीक्षेत्रलाई खनिज कार्यका लागि निषेधितक्षेत्र घोषणा गरी खानी कार्य तत्कालैदेखि बन्द गर्नु गराउनु र अब उप्रान्त कसैलाई पनि त्यस्तो अनुमति नदिनु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र खानी तथा भूगर्भ विभागका नाउँमा निरन्तर प्रकृतिको परमादेश (Continious Mandamus) जारी हुन्छ।

(ग) विपक्षी गोदावरी मार्बल उद्योगले लामो समयसम्म गरेको खानी तथा खनिज कार्यबाट त्यस क्षेत्रको भूसतहमा परेको प्रतिकूल असर, पर्यावरण र जैविक विविधतामा परेको क्षतिसमेतको यथार्थ र वास्तविक स्थिति पहिचान गरी त्यसबाट सिर्जित नकारात्मक असरलाई न्यूनीकरण गर्दै सो क्षेत्रलाई पूर्ववत् प्राकृतिक अवस्थामा फर्काउनको लागि गर्नुपर्ने संरक्षण र सुधारका कार्यहरू तथा संरक्षणक्षेत्र वा आरक्ष वा निकुञ्ज वा जे जो उपयुक्त हुन्छ सोको घोषणा गरी त्यसको उचित व्यवस्थापन र सञ्चालनसमेतको लागि गरिनु

पर्ने आवश्यक कानूनी र नीतिगत प्रबन्ध, कार्यक्रम र स्रोत साधन व्यवस्थापनसमेतका सम्बन्धमा रायसहितको सुझाव दिन वन मन्त्रालय, वातावरण मन्त्रालय, खानी तथा भूगर्भ विभागका प्रतिनिधिका साथै सम्बन्धित विषयका कम्तीमा दुईजना विज्ञ सम्मिलित समिति बनाई यो आदेश प्राप्त भएको मितिले छ महिनाभित्र अध्ययन अनुसन्धानको कार्य सम्पन्न गर्नू गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाममा आदेश जारी गरिएको हुने।

(घ) उपर्युक्तबमोजिमको समितिको सिफारिसलाई मध्यनजर गरी पर्यावरण संरक्षणका दृष्टिले अति महत्त्वपूर्ण फुलचोकी गोदावरीक्षेत्रको जलवायु, जैविक विविधता, प्राकृतिक सौन्दर्य, भौगोलिक र भौगर्भिक अवस्था, पारिस्थितकीय प्रणाली, दुर्लभ एवम् सङ्कटापन्न जीवजन्तु र वनस्पति र ऐतिहासिक धार्मिक सांस्कृतिक महत्त्वसमेतका दृष्टिकोणबाट सो क्षेत्र र मानव बस्तीको बिचमा सीमा कायम गर्दा ती सबैको नक्सा खडा गरी उक्त क्षेत्रलाई वातावरण संरक्षण ऐन, २०५३ को दफा १०(१) अनुसार यो आदेश प्राप्त भएको मितिले एक वर्षभित्र संरक्षित क्षेत्र वा अन्य प्रचलित नेपाल कानूनबमोजिम आरक्ष वा निकुञ्ज वा जे जो उपयुक्त हुन्छ घोषणा गर्नू भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनसङ्ख्या तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयको नाउँमा परमादेश जारी गरिदिएको छ।

(ङ) उपर्युक्त खण्ड (ख), (ग) र (घ) बमोजिमको समय सीमाभित्र कार्य सम्पन्न नभएसम्म आदेश कार्यान्वयनको अद्यावधिक प्रगति विवरण वातावरण मन्त्रालय र वन मन्त्रालयबाट हरेक तीन-तीन महिनामा पेस गर्न लगाउनू।

(च) आदेश कार्यान्वयनको निमित्त महान्यायाधिवक्ताको कार्यालयमार्फत सम्बन्धित निकायमा पठाई सोको नियमित अनुगमन यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखाले गर्नू।

इजलास अधिकृत: विश्वनाथ भट्टराई
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल वैशाख ३ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६८-WF-०००५, उत्प्रेषण, *अधिवक्ता प्रकाशमणि शर्मासमेत वि. मन्त्रिपरिषद्को सचिवालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोपाल पराजुली,** ०७२-WH-०००१, बन्दीप्रत्यक्षीकरण, *प्रशान्त अग्रवाल वि. काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंसमेत*

पुनरावेदन अदालत, हेटौंडाको फैसलाउपर यस अदालतमा पुनरावेदन गर्न अ.बं. १९४ नं. बमोजिम सुविधा पाउँ भनी निवेदकले यस अदालतमा दिएको निवेदनमा सो नं. बमोजिमको सुविधा प्रदान गर्न इन्कार गरेको स्थिति विद्यमान रहेको र अदालतबाट भएको फैसला कार्यान्वयनका लागि निवेदकलाई पक्राउ गरी थुनामा राखेको देखिँदा निजलाई गैरकानूनी थुनामा राखेको भन्न नमिल्ने।

गैरकानूनी तरीकाले पक्राउ गरी थुनामा राखेको स्थितिमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हुन्छ। अदालतको फैसलाबमोजिम लागेको कैद जरिवाना असुलउपर गर्नको लागि कैद जरिवाना लागेको व्यक्तिलाई पक्राउ गरी थुनामा राखेको अवस्थामा त्यस्तो आदेश जारी गर्न मिल्ने देखिँदैन। अदालतको फैसलाबमोजिम कैद जरिवाना लागेका व्यक्तिलाई पक्राउ गरी कैद जरिवाना असुल

उपर नगर्ने हो भने अदालतबाट फैसला हुनुको कुनै अर्थ नरहनुका साथै दण्डहीनताले प्रश्रयसमेत पाउने।

पुनरावेदन अदालत, हेटौंडाको फैसलाबमोजिम निवेदकलाई कैद जरिवाना लागेको कुरामा विवाद नभएको, पुनरावेदन अदालतको फैसलाउपर पुनरावेदन गर्न अ.बं. १९४ नं. बमोजिम सुविधा माग गरी धरौटी तारेखमा रहेको भए पनि अ.बं. १९४ नं. बमोजिमको सुविधा अस्वीकार भैसकेको तत्कालको स्थितिमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७२ साल साउन २७ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्द कुमार उपाध्याय,** ०७१-RC-००४२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. श्यामबहादुर झाँक्रीसमेत*

प्रतिवादीहरू फरार रही वारदातका सम्बन्धमा निजहरूको भनाइ उल्लेख हुन नसके तापनि सहअभियुक्तले गरेको बयानलाई अन्य स्वतन्त्र प्रमाणले सम्पुष्टि गरेको छ भने न्याय निष्पादन गर्नमा सहअभियुक्तको पोल प्रमाणमा लिनु न्यायको मान्य सिद्धान्तप्रतिकूल मान्न मिल्दैन । सहअभियुक्तको पोल मिसिल प्रमाण कागजातबाट खुल्न आएका तथ्य र व्यहोराले समर्थन गरेको छ भने सहअभियुक्तको पोललाई प्रमाणको रूपमा ग्रहण गर्न सकिने।

घटनाका प्रत्यक्षदर्शी टिकामन घर्तिमगरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागजमा मिति २०५०।४।१८ गते राति ९ बजेको समयमा भाङको राँको बाली म र मेरो ज्वाइँ मृतक अम्मरसिंह झाँक्री घर जान धुलसीबोट खोल्साको मूल बाटोबाट आइरहेको बखत मैले चिनेका पूर्णबहादुर झाँक्री, अमरबहादुर डाँगी र श्यामबहादुरसमेत ३ जना र मैले नचिनेका १५/१६ जनाले आक्रमण गरी अम्मरसिंह डाँगीलाई कुटपिट कर्तव्य गरी मारेका हुन भनी उल्लेख गरेका र अदालतमा समेत सोही व्यहोरा मिलान हुने गरी बकपत्र गरेको देखिन्छ। यसरी घटनाका प्रत्यक्षदर्शी टिकामन घर्तिमगरले प्रहरीमा गरेको कागज र अदालतमा गरेको बकपत्र र कसुरदार कायम भएका सहप्रतिवादी पूर्णबहादुर झाँक्रीले गरेको पोल एकापसमा मेल खान आएको हुँदा अम्मरसिंह झाँक्रीलाई अमरबहादुर डाँगी र श्यामबहादुर झाँक्रीसमेत भई कुटपिट गरी कर्तव्य गरी मारेको तथ्य स्थापित हुन आउने।

मृतक र यी प्रतिवादीहरूबिच राजनीतिक मत भिन्नता रहेकै कारण सोही रिसइवीको कारणबाट मिति २०५०।४।१८ मा प्रतिवादीहरू अमरबहादुर डाँगी तथा श्यामबहादुर झाँक्रीसमेत भई अम्मर सिँह झाँक्रीलाई कर्तव्य गरी मारेको तथ्य स्थापित हुन आएकोले प्रतिवादीहरू अमरबहादुर डाँगी तथा श्यामबहादुर झाँक्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू रोल्पा जिल्ला अदालतको मिति २०७०।१।३१ को फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।८।१८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल असार २५ गते रोज ६ शुभम्।

३

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६५-WO-०६७७ उत्प्रेषण, *भिमेन्द्रकुमार गोयल वि. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ बबरमहल काठमाडौंसमेत*

आन्तरिक राजस्व कार्यालयले गरेको प्रारम्भिक र अन्तिम कर निर्धारण आदेशबाट निवेदकलाई मर्का परेको भए त्यस्तो कर निर्धारण आदेशउपर तत्कालीन आयकर ऐन, २०३१ को दफा ५७ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्नसक्ने अवस्थामा कानूनले निर्धारित गरेको पुनरावेदनको सहज र सरल वैकल्पिक मार्ग अवलम्बन गरेको देखिएन । यसरी पुनरावेदन लाग्ने सहज मार्ग भएको अवस्थामा यो वा त्यो कारण

देखाई पुनरावेदन नगरी त्यसको विकल्पमा रिटक्षेत्रमा प्रवेश गर्न नमिल्ने । कानूनमा पुनरावेदनसम्बन्धी व्यवस्थामा कुनै द्विविधा वा द्वैध अर्थी दिने स्थिति नभई किटानीरूपमा पुनरावेदनको व्यवस्था गरेको त्यस्तो अवस्थामा उक्त सहज र सरल कानूनी मार्ग अवलम्बन नगरी सिधै असाधारण अधिकारक्षेत्रको माध्यमबाट आफ्नो हक गुमेको भनी हक प्रचलन गराई पाउन माग गरिएको छ। पुनरावेदनको विकल्प रिटक्षेत्र बनाउने नै होइन । अन्यथा साधारण अधिकारक्षेत्र अन्तर्गतको पुनरावेदकीय अधिकारक्षेत्रको समुचित उपयोग गर्नु नपर्ने र स्वेच्छिककरूपमा रिटक्षेत्रलाई ग्रहण गर्न खोज्ने प्रवृत्तिको विकास हुन जान्छ । पुनरावेदन वा अन्य उपलब्ध वैकल्पिक उपचारहरूको उपयोग गरिसकेपछि वा ती उपचारहरू प्रभावहीन भएमा मात्रै रिटक्षेत्र गुहार्न स्वाभाविक विकल्प हुने। प्रस्तुत मुद्दामा त्यस्तो असम्भव परिस्थिति उपस्थित रहे भएको भन्ने देखिन आउँदैन। आफ्नो जो भएको भनाइसहित जुन कर निर्धारण आदेशउपर आफ्नो आपत्ति हो सोसहित पुनरावेदन गर्न सक्नु पर्नेमा सो नगरेबाट त्यस्तो विकल्प विद्यमान रहेको अवस्थामा सिधै रिटक्षेत्रमा प्रवेश गरी उपचारको माग दाबी गरेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्नुको अतिरिक्त त्यस्तो मागलाई वैधानिक माग मान्नसमेत मिल्ने नहुने।

निवेदकले इनटाइम प्रा.लि. को नामबाट आयकर दाखिला गरिसकेको हुँदा सन्को इम्पेक्सको नाममा सोही विषयको करको दायित्व लगाउन नहुने भनी जिकिर लिएको देखिन्छ । सन्को इम्पेक्स मिति २०५५।५।२ मा र इनटाइम इम्पेक्स प्रा.लि. २०५४।८।२७ मा स्थापना भएका उक्त दुवै फर्महरूका सञ्चालक एउटै व्यक्ति भए पनि निज फर्महरूको कानूनी हैसियत एउटै नभई भिन्नभिन्न रहेको र उक्त फर्महरूले गरेको कारोबारसमेत भिन्नभिन्न हुँदा निज फर्महरूले गरेको कारोबारको आयकरसमेत भिन्नभिन्न निर्धारण गर्नुपर्ने हुन्छ । यसरी भिन्नभिन्न हैसियत भएका फर्महरूले गरेको कारोबारको आयकरको भिन्नभिन्न करको दायित्व निर्धारण गरेको आदेशलाई कानूनविपरीत भएको भन्न मिल्ने अवस्था नहुने।

कर निर्धारण आदेशउपर राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा कर, जरिवाना तथा ब्याजसमेतको निश्चित रकम धरौटी राख्नु पर्ने बाध्यात्मक कानूनी व्यवस्था भएको अवस्थामा त्यस्तो रकम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा धरौटी राख्नुपर्ने कारणबाट सो छल्ने हिसाबले पुनरावेदन नगरी यी निवेदक रिटक्षेत्रबाट अदालत प्रवेश गरेको भनी सहज अनुमान गर्न सकिन्छ। यसरी आफूले बहन गर्नुपर्ने आर्थिक दायित्वबाट छुटकारा पाउने मनसाय राखी उपचारको मार्ग बदली रिटक्षेत्रलाई प्रयोग गर्न नमिल्ने।

माथि विवेचित आधार र कारणबाट आन्तरिक राजस्व कार्यालयले गरेको कर निर्धारण आदेशउपर पुनरावेदनको कानूनी व्यवस्था भएकोमा त्यस्तो सहज र सरल वैकल्पिक कानूनी मार्ग अवलम्बन नगरी निवेदक रिट क्षेत्रमा प्रवेश गरेको देखिएको र भिन्नभिन्न फर्महरूले गरेको कारोबारमा भिन्नभिन्न करको दायित्व निर्धारण गरेको आन्तरिक राजस्व कार्यालय, काठमाडौंको मिति २०६२।६।१६ आदेशमा कुनै कानूनी त्रुटि नहुँदा मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम्।

४

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६७-WO-११७०, परमादेश, *वीरेन्द्र पाण्डेय वि. श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम भ्रष्टाचारसम्बन्धमा कसैको उजुरी परी वा कुनै स्रोतबाट आयोग स्वयम्लाई जानकारी प्राप्त भएमा सोसम्बन्धमा अनुसन्धान र तहकिकात गर्ने वा अन्य कारवाही चलाउने (दफा १३), त्यसको

प्रारम्भिक छानबिन गोप्यरूपमा गर्ने (दफा १४), भ्रष्टाचारको अपराध गर्ने वा त्यसमा मुछिएका अन्य व्यक्तिसँग स्पष्टीकरण माग गर्ने (दफा १५) भ्रष्टाचारको अपराधमा संलग्न देखिएका व्यक्तिलाई थुनामा राख्ने (दफा १६), अनुसन्धान तहकिकातबाट भ्रष्टाचारको अपराध गरेको हो भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा त्यससम्बन्धमा प्रचलित कानूनबमोजिम मुद्दा चलाउन अनुसन्धान अधिकृत वा नेपाल सरकारको कुनै अधिकारीलाई आदेश दिनसक्ने (दफा १८) समेतको काम कर्तव्य र अधिकार अख्तियार दुरूपयोग आयोगलाई रहेको नदेखिने।

सार्वजनिक पदाधिकारीले कानूनबमोजिम गर्नुपर्ने कर्तव्य र दायित्व नगरेमा वा गर्न इन्कार गरेमा त्यस्ता सार्वजनिक पदाधिकारीलाई कानूनबमोजिमको पदीय कर्तव्य र दायित्व पूरा गर्न गराउन परमादेशको आदेश जारी हुने हुन्छ । तर निवेदकले विद्यालयको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरे भनी दिएको निवेदनअनुसार सो विद्यालयको सम्पत्ति हिनामिना भए नभएको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुसन्धान भइरहेको देखिँदा विपक्षीहरूले आफ्नो कानूनी कर्तव्य र दायित्व पूरा नगरेको वा गर्न इन्कार गरेको स्थिति र अवस्था नदेखिँदा निवेदकले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दिएको निवेदनमा सो आयोगबाट अनुसन्धान भइरहेको स्थितिमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानूनबमोजिमको कुनै दायित्व वा कर्तव्य पूरा नगरेको हो र निवेदकसँग के कस्तो कानूनी हक भई सोको प्रचलन गर्न नपाएको हो भन्ने कुरा रिट निवेदनमा खुलाउन नसक्नुका साथै निवेदकले उल्लेख गरेको विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुसन्धान जारी रहेको भन्नेसमेत देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्नेसम्मको स्थिति र अवस्था नदेखिने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम्।

५

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७०-CR-१४८१, बाल बिज्याँई (जबरजस्ती करणी), *नेपाल सरकार वि. दीपक सदा*

बालकउपर सजाय निर्धारण गर्दा उमेर पुगेका व्यक्तिले गरेको अपराधसँग तुलना गरी उमेर हदलाई वर्गीकरण गरी सजाय निर्धारण गर्नुपर्ने कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२) बमोजिम पीडक बालक भए पनि पीडित बालिका हुने देखिन्छ । उक्त ऐन बालबालिकाको हक हित संरक्षणको लागि बनेको विशेष ऐनसमेत भएको तथ्यमा विवाद छैन । मुलुकी ऐन, जबरजस्ती करणीको ३ र १० नं. बिच कानूनी रूपमा अनोन्याश्रित सम्बन्ध रहेको देखिन्छ । ३ नं. बमोजिमको कसुरमा सजाय गरेपछि १० नं. बमोजिम उचित क्षतिपूर्ति नभराई दिने हो भने सो कानूनी व्यवस्थाको निस्प्रयोजन हुने देखिन्छ। यसतर्फ यस अदालतले ध्यान दिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पीडक र पीडित दुवै बालक हुन् । पीडक पनि बालक भएको भन्ने अर्थमा पीडित बालिकालाई आरोपित कसुर गरेको ठहरेको अवस्थामा उचित क्षतिपूर्ति नदिने हो भने उक्त जबरजस्ती करणीको १० नं. को व्यवस्था निस्प्रयोजन हुन्छ र पीडितले कहिल्यै न्याय नपाई अपराध र अपराधीले कसुरबाट समेत उन्मुक्ति पाउने अवस्था आउँछ । साथै पीडित (महिला, बालिका) को अधिकार संरक्षण हुन नसकी उनीहरूको अधिकार संरक्षण के आधारमा हुने भन्ने प्रश्न उठ्न सक्ने ।

जबरजस्ती करणी अपराधमा पीडक बालकको मात्र अधिकार हेर्न हुँदैन । पीडित बालिकाको हकको संरक्षण पनि हेर्नु पर्ने हुन्छ । जबरजस्ती करणीको अभियोगमा सजाय गरेपछि क्षतिपूर्ति नभराउने हो भने यहाँ पीडितको हक संरक्षण हुन सक्दैन । ११ वर्षको पीडकसँग आर्थिक क्षतिपूर्ति बहन गर्न सक्ने क्षमता नहुने भनी अर्थ गर्दा समाजमा पीडकको उच्च मनोबल भई अरू अपराध पनि हुन सक्ने कुरालाई नकार्न सकिँदैन । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा

११ ले नाबालक कसुरदारलाई उमेरको आधारमा विभिन्न प्रकारले सजायमा केही छुट दिएको भन्ने आधारमा क्षतिपूर्तिको हकमा समेत छुट पाउन सक्ने अवस्था नदेखिने । यस अदालतको पूर्ण इजलासबाट पुनरावेदक वादी नेपाल सरकार विरूद्ध पवनकुमार यादव (ने.का.प. २०६७ फागुन, निर्णय नं. ८४९४, पृष्ठ १८०२) मा बालिकालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसुरदारलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिब क्षतिपूर्तिको हकमा समेत छुट पाउने भनी सो कानूनी व्यवस्थाको सङ्कुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा सङ्कुचन आउने अवस्था हुने" भन्नेसमेतको सिद्धान्त प्रतिपादन भएको आधार र कारणबाट समेत पीडित बालिकाले क्षतिपूर्ति नपाउने गरी गरेको फैसला सो हदसम्म मिलेको देखिएन । पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।११।३ को फैसलाले क्षतिपूर्ति नदिएको हदसम्म केही उल्टी भई पीडक प्रतिवादीबाट पीडित परिवर्तित नाम नरमायाले रू. ५,०००।– (पाँच हजार) रूपैयाँ क्षतिपूर्ति भराई पाउने ।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल असार २७ गते रोज शुभम् ।

६

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६७-MS-००१३, अदालतको अवहेलना, *पद्मकुमार मेघासी (शाह) वि. सुरेन्द्रमान महर्जनसमेत*

निवेदकले लेनदेन बिगो मुद्दाकी प्रतिवादी विजया मार्क राणाबाट अदालतको फैसलाबमोजिम भरिपाउने बिगो कानूनी प्रक्रियाअनुसार भराई लिन सक्ने हक सुरक्षित नै रहेको छ । विपक्षीहरूले अदालतप्रति आस्था र सम्मान रहेको व्यहोरा उल्लेख गरी लिखित जवाफ पेस गरेको देखिन्छ । विपक्षीहरूले अदालतको आदेशको अवज्ञा गरेको वा अदालत विरूद्ध नै लक्षित गरी कुनै काम कारवाही गरेको देखिन्न । विपक्षी फाइनान्स कम्पनीले ऋणीबाट आफ्नो लेना रकम असुलउपर गर्न ऋणीले धितो सुरक्षणमा राखेको घर जग्गा कानूनी प्रक्रियाबमोजिम लिलाम गरेको तथा सो लिलामबाट निवेदकले भरिपाउने बिगो असुल हुन नसकेको भन्ने आधारमा अदालतप्रतिको जनआस्थामा प्रतिकूल असर परेको तथा अदालतको अवहेलना भएको मान्न सम्झन नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम् ।

७

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७०–CR–०११३, जबरजस्ती करणी, *नेपाल सरकार वि. खेम खवास भन्ने खेमलालसमेत*

घटनास्थल मुचुल्कामा रोहबरमा बसी घटना विवरण कागजसमेत गर्ने मनबहादुर तामाङले मौकामा देखाइएबमोजिमको वारदातस्थल ठिक साँचो हो भनी सहीछाप गरेको र घटना विवरण कागजमा प्रतिवादी खेमलाल खवासले पीडितलाई जबरजस्ती करणी गरेको हुनुपर्दछ भन्नेसमेतका व्यहोराले लेखाएकोमा अदालतमा घटनास्थल मुचुल्का इलाका प्रहरी कार्यालय, बेलबारीमा तयार गरेको र त्यहीं बसी सही छाप गरेको भनी मौकाको व्यहोरालाई फरक पारी बकपत्रको जवाफ नं. ८ मा लेखाएबाट घटनास्थल मुचुल्का नै विवादास्पद भई शङ्कारहित तवरबाट वारदात पुष्टि हुन सक्ने देखिन नआउने ।

जाहेरवालीले जाहेरी दरखास्त र शारीरिक जाँचको लागि दिएको निवेदनमा प्रतिवादी खेमलाल खवासकी श्रीमती गाउँको पुराणको कार्यक्रममा गएको मौकामा जबरजस्ती करणी गरेको भनी व्यहोरा उल्लेख गरेको देखिन्छ । तर जाहेरवालीले अदालतमा गरेको बकपत्रको सवाल जवाफ ७ मा प्रतिवादी खेमलाल खवासकी श्रीमती मेलामा गएकी थिइन् भनी आपसमा विरोधाभाषपूर्ण बकपत्र गरेको देखिन्छ । अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूले अदालतमा साक्षीसरह बकपत्र नगरेसम्म र बकपत्र गर्नेले मौकाको व्यहोरा समर्थन नगरेसम्म त्यस्तो प्रमाणलाई प्रमाण ऐन,

२०३१ को दफा १८ बमोजिम ठोस र विश्वसनीय प्रमाण मान्न नमिल्ने।

जबरजस्ती करणी भएको क्षणमा प्रतिवादीले गाला, छाती, घाटी, हात र खुट्टामा कोतरेर घाउ बनाएको थियो भनी बकपत्र गरेको देखिन्छ । तर जबरजस्ती करणीको क्रममा सङ्घर्ष भएको चिन्हहरू र शरीरमा घाउ चोट लागेकोसमेत केही देखिएको छैन । चिकित्सकीय परीक्षणबाट जबरजस्ती करणी भएको पुष्टि नहुँदा कसुरदार ठहर गर्न नमिल्ने भनी यस अदालतबाट ठगा चौधरी विरूद्ध नेपाल सरकार (ने.का.प. २०६३, असार, निर्णय नं. ७६६४, पृष्ठ ३३०) मा सिद्धान्त प्रतिपादन भएको देखिँदा प्रतिवादी खेमलाल खवासलाई आरोपित कसुरमा सजाय गर्न मिल्ने नदेखिने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : गिता घिमिरे (गिरी)

इति संवत २०७२ साल असार २७ गते रोज १ शुभम्।

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९–CR–०११९, डाँका, *नेपाल सरकार वि. महेन्द्र सोनार ठाकुरसमेत*

वादी नेपाल सरकारका साक्षी भद्रमणी गौतम, खगेश्वर निरौला, उद्धवप्रसाद ढुंगाना र कौशलकुमार श्रेष्ठले पनि वारदात र वारदात गर्ने मानिसहरूको समूह देखेको नभई प्रतिवादी राकेश शर्मा, महेन्द्र सोनार ठाकुर र चन्द्रलाल बरही शर्माको घरबाट धनमाल बरामद भएको ठिक हो भन्नेसमेत व्यहोराले मात्र बकपत्र गरेको देखिन्छ । यस प्रकार उल्लिखित वादी पक्षका साक्षीको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने नदेखिने।

मुलुकी ऐन, चोरीको महलको ६ नं. को डाँकाको घटना स्थापित हुन चार डाँका बढी कम्तीमा ५ जना सङ्ख्याका मानिसहरू वारदातमा संलग्न भएको हुनुपर्दछ। चारजना वा सोभन्दा कम संख्याका मानिसहरू भई गरेको वारदात डाँकाको वारदात हुने देखिँदैन । चारजनाभन्दा बढीले डाँका अपराध नगरेकोमा डाँकाको वारदात कायम हुन नसक्ने सम्बन्धमा यस अदालतबाट बिनोदबहादुर वलीसमेत विरूद्ध नेपाल सरकार (ने.का.प. २०७०, फाल्गुण, निर्णय नं. ९०८५, पृष्ठ १४३६) भएको डाँका चोरी मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । तसर्थ मुलुकी ऐन, चोरीको ६ नं. को कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तको आधारमा उक्त वारदात चारजनाभन्दा बढी मानिसहरूको समूहले गराएको तथ्य स्थापित नभएबाट डाँकाको वारदात कायम गर्न मिल्ने नदेखिने।

मौकामा पक्राउ परेका प्रतिवादी महेन्द्र सोनार ठाकुर र तिरीलाल भन्ने राकेश शर्माले पनि यी प्रतिवादीले डाँका गरेको होइन, हामीले लुटपाट गरेको मोटरसाइकल निजको घरमा लगी राखेको अवस्थामा बरामद भएको हो । प्रतिवादी चन्द्रलाल वरही शर्मा डाँकाको वारदातमा संलग्न थिएनन् भन्नेसमेतका व्यहोराले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ। वादी नेपाल सरकारले प्रतिवादी चन्द्रलाल वरही शर्माको हकमा प्रतिवादी महेन्द्र सोनार ठाकुर र राकेश शर्माले मौकामा गरेको बयानभन्दा अन्य प्रमाण देखाउन सकेको देखिँदैन । यसरी मौकामा पक्राउ परेका प्रतिवादीहरूले वारदातमा निजको संलग्नता नरहेको भनी गरेको बयान र वादीले पनि प्रमाण पेस गर्न नसकेको हुँदा प्रतिवादी चन्द्रलाल वरही शर्माको इन्कारी बयान पुष्टि भएको नै देखिँदा निज प्रतिवादीले वादी दाबीबमोजिम उक्त वारदातमा मतियारको भूमिका निर्वाह गरेको देखिन नआउने।

प्रतिवादी महावीरप्रसाद सिंह, हरिप्रसाद गनगाई, उदय साह र तुलसीप्रसाद राजवंशीको हकमा विचार गर्दा यी प्रतिवादीहरू समेत भई जम्मा रू. १,९७,०००।– मूल्य बराबरको बिगो डाँका गरी लगेको देखिँदा निजहरूलाई मुलुकी ऐन चोरीको महलको १ र ६ नं. को कसुरमा ऐ. १४ को देहाय ४ नं. बमोजिमसमेत सजाय गरिपाउँ भन्नेसमेत व्यहोराले अभियोग दाबी

लिएको देखिन्छ । यी चारजना प्रतिवादीहरू मौकामा पक्राउ पर्न सकेको देखिँदैन । प्रतिवादी चन्द्रलाल वरही शर्माको घरबाट बरामद भएको मोटरसाइकलको सम्बन्धमा महावीरप्रसाद सिंह, हरिप्रसाद गनगाई, उदय साह र तुलसीप्रसाद राजवंशीसमेत चारजना नै दाबीको कसुर नगरेको भनी पूर्णरूपमा इन्कारी रहेका छन् । प्रतिवादीहरू महेन्द्र सोनार ठाकुर र तिरीलाल भन्ने राकेश शर्माले अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी चन्द्रलाल वरहीबाहेकका अन्य ४ जनासमेत ६ जना भै जाहेरवालाहरूको धनमाल डाँका गरेको भनी बयान गरेकोमा अदालतमा गरेको बयानमा महावीरप्रसाद सिंह, हरिप्रसाद गनगाई, उदय साह र तुलसीप्रसाद राजवंशीलाई पोल गर्नसकेको देखिँदैन । वादी नेपाल सरकारले प्रतिवादी महेन्द्र सोनार ठाकुर र राकेश शर्माले मौकामा तुलसीप्रसाद राजवंशी, उदय साह, हरिप्रसाद, महावीरप्रसाद सिंह गनगाईसमेत भै डाँका गरी मोटरसाइकल चन्द्रलाल वरही शर्माको घरमा पुर्‍याई राखेको भनी बयान गरेभन्दा अन्य वस्तुनिष्ठ प्रमाणहरूले अभियोग दाबी पुष्टि गर्न सकेको देखिएन । तसर्थ प्रतिवादीहरू उदय साह, तुलसीप्रसाद राजवंशी, हरिप्रसाद र महावीरप्रसाद सिंह गनगाईको हकमा पनि वस्तुनिष्ठ प्रमाणको अभाव देखिँदा उल्लिखित प्रतिवादीहरू आरोपित कसुरमा संलग्न भई चोरी गरेको कुरा पुष्टि हुन नआउने ।

प्रतिवादीहरू महेन्द्र सोनारठाकुर र तिरिलाल भन्ने राकेश शर्माको हकमा विचार गर्दा को. ३ प. ५१६६ नं. को मोटरसाइकल प्रतिवादी चन्द्रलाल वरही शर्माको घरबाट बरामद भएकोसम्बन्धमा प्रतिवादी चन्द्रलाल वरही शर्माले प्रतिवादी महेन्द्र सोनार ठाकुरसमेतले राखिदिनु भनी राखेको हो भनी बयान गरेको देखिन्छ । प्रतिवादीहरू महेन्द्र सोनार ठाकुरले मौकामा आफूसमेत भै प्रतिवादी चन्द्रलाल वरही शर्माको घरमा लगेर राखेको भनी कसुरलाई स्वीकार गरी बयान गरेको देखिन्छ । त्यसैगरी प्रतिवादी तिरीलाल भन्ने राकेश शर्माले पनि मौकामा कसुर गरेको तथ्यलाई स्वीकार गरेको देखिने ।

जाहेरी दरखास्तमा दुवैजना जाहेरवालाबाट रू. ९२,०००।– डाका गरेको उल्लेख भए तापनि रू.१७,५००।– भन्दा बढी रकम बरामद हुन सकेको देखिँदैन । मुलुकी ऐन चोरीको महलको ५ नं. मा बाटो घाटो वा जङ्गलमा ढुकी जबरजस्ती चोरी गरेमा रहजनी चोरी गरेको ठहर्छ भन्ने व्यवस्था भएकोमा यी दुईजना प्रतिवादीहरूले मोरङ जिल्ला झुर्किया ९ स्थित सार्वजनिक बाटोमा ढुकी मोटरसाइकल र उल्लिखित रकम चोरी गरेको तथ्य बरामदी मुचुल्का र प्रतिवादीहरूको मौकाको बयानबाट पुष्टि हुन आएबाट प्रतिवादीहरू महेन्द्र सोनार ठाकुर र राकेश शर्माले रहजनी चोरी गरेको देखिन आउने ।

प्रतिवादीहरूलाई हुने सजायतर्फ विचार गर्दा चोरी गरेको मोटरसाइकलको मूल्य रू. १,०५,०००।– र प्रतिवादी महेन्द्र सोनार ठाकुरको घरबाट रू.१७,५००।– नगद बरामद भई बिगो रू.१,२२,५००।– हुने देखिन्छ । मुलुकी ऐन, चोरीको महलको १४ को देहाय ३ नं. मा रहजनी गर्नेलाई यसै महलको १२ नं. बमोजिम हुने सजायको दोब्बर बढाई सजाय गरी जरिवानाबापत समेत कैद गर्नुपर्छ र सोबमोजिम गर्दा ६ महिनादेखि घटी कैद हुने भएमा ६ महिना कैद गर्नुपर्छ भन्ने व्यवस्था भएको देखिन्छ । चोरीको २७ नं. मा बिगो, जरिवाना, कैद वा तिनै थोकमा समेत गर्दा पनि रहजनी चोरीमा १२ वर्षदेखि बढी कैद गर्नु हुँदैन भन्ने व्यवस्था भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाबाट रहजनी चोरीमा १२ वर्षसम्म कैद सजाय हुने देखिए तापनि मुलुकी ऐन, दण्ड सजायको महलको ३८ को देहाय १ नं. मा जरिवानाबापतको कैद सजाय गर्दा चार वर्षभन्दा बढी कैद सजाय गर्न हुँदैन भन्ने व्यवस्था भएको देखिएको र यस अदालतको पूर्ण इजलासबाट निवेदक अर्जुन थापा विरूद्ध काठमाडौं जिल्ला अदालतसमेत विपक्षी भएको बन्दीप्रत्यक्षीकरण मुद्दा (ने.का.प. २०६७, चैत, निर्णय नं. ८५१६, पृष्ठ १९७६) मा मुलुकी ऐन,

चोरीको महलको...२७ नं. बमोजिम जरिवानाबापतको हुने कैद सजायको हद बढी हुनसक्ने देखिए पनि जरिवानाको सट्टामा ठेगिने कैदको उपल्लो हद दण्ड सजायको महलको ३८ को देहाय १ नं. बमोजिम चार वर्षभन्दा बढी हुन नसक्ने भनी सिद्धान्त प्रतिपादन भएको देखिएबाट पुनरावेदन अदालत, बिराटनगरले प्रतिवादीहरू महेन्द्र सोनार ठाकुर र राकेश शर्माको हकमा चोरीको महलको १२ र १४ को देहाय ३ नं. को कसुरमा दुई महिना कैद, रू. १,२२,५००।- बिगो कायम गरी सोको दोब्बर रू. २,४५,०००।- जरिवाना गरी सो जरिवानाबापतको चार वर्ष कैद सजायसमेत जनही चार वर्ष दुई महिना कैद सजाय, जाहेरवालाहरूलाई उल्लिखित बिगोसमेत भराई दिने, प्रतिवादीहरू महावीरप्रसाद सिंह, हरिप्रसाद गनगाई, उदय साह, तुलसीप्रसाद राजवंशी र चन्द्रलाल वरही शर्मालाई सफाइ दिने ठहर्‍याई मिति २०६८।११।२१ मा गरेको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटरः गिता घिमिरे (गिरी)

इति संवत् २०७२ साल असार २७ गते रोज १ शुभम्।

९

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६५-WO-१०४७, उत्प्रेषण / परमादेश, *पद्मकुमार मेघासी शाह वि. युनिभर्सल फाइनान्स लिमिटेड (वित्तीय संस्था) प्रधान कार्यालय, सिद्धार्थ भवन कान्तिपथ, काठमाडौंसमेत*

ऋणीले आफूले लिएको कर्जा रकम भुक्तान नगरेमा कर्जा सुरक्षणको रूपमा रहेको घरजग्गासमेतका सम्पत्ति कानूनबमोजिमको प्रक्रिया पुरा गरी इजाजतप्राप्त संस्थाले आफूले लिनुपर्ने साँवा ब्याजसमेतको लेना रकमबापत लिलाम गर्नसक्ने हुँदा त्यस्तो लिलाममा सबैभन्दा बढी मूल्यमा धितो सकार गर्ने व्यक्तिको नाममा धितो बिक्री गर्ने निर्णय गरी दा.खा. गर्न पठाएको कार्यलाई अवैध भन्न नमिल्ने।

युनिभर्सल फाइनान्स लिमिटेडले विजया मार्क राणालाई प्रवाह गरेको कर्जाबापत सुरक्षणको रूपमा लिएको घरजग्गा लिलामको प्रक्रियाबाट विपक्षी फाइनान्सले नै निवेदकको बिगोसमेत असुल गरी दिनुपर्ने भन्ने कुनै कानूनी आधारसमेत देखिँदैन। विपक्षीले आफ्नो ऋण असुलीको लागि लिलाम गरेको धितोबाट निवेदकले समेत आफ्नो लेना रकम भराउने माग गरेको देखिँदा रिट क्षेत्रबाट यस्तो ऋणको व्यवस्थापन गर्न सम्भवसमेत नहुने हुन्छ। यी निवेदकले विपक्षीमध्येकी विजया मार्क राणासँग अदालतको फैसलाबमोजिम भरी पाउने रकम कानूनबमोजिमको प्रक्रिया पुरा गरी भरी पाउन सक्ने नै हुन्छ। रिट जारी हुन कुनै निकायको काम कारबाहीमा प्रत्यक्ष कानूनी त्रुटि भएको देखिनुका साथै कुनै व्यक्तिको संवैधानिक तथा कानूनी अधिकारमा आघात भएको देखिनु पर्दछ। प्रस्तुत विवादमा युनिभर्सल फाइनान्स लिमिटेडले गरेको धितो लिलामसम्बन्धी प्रक्रियामा कुनै कानूनी त्रुटि नदेखिएको र सो काम कारबाहीबाट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारमा आघात भएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम्।

१०

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६९-MS-०००८, अदालतको अवहेलना, *प्रणयराज आचार्यसमेत वि. सूर्यप्रसाद सिलवालसमेत*

निवेदक कम्पनीलाई नेपाल दूरसञ्चार कम्पनीले ४ सेप्टेम्बर २०१२ (तदनुसार २०६९।५।१९) मा अर्के कम्पनीले कबुल गरेको मूल्यमा बोलपत्रबमोजिमको काम गर्न १५ दिनभित्र सम्झौता गर्न आउनु, नआएमा बोलपत्रबापतको जमानत जफत हुने भनी गरेको पत्राचारसमेतका कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी निवेदकले यस अदालतमा मिति २०६९।५।२६ मा दायर गरेको

यसै लगाउको ०६९-WO-०२९८ को रिट निवेदनमा उक्त ४ सेप्टम्बर २०१२ को पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी यस अदालतबाट मिति २०६९।५।२९ मा अल्पकालीन अन्तरिम आदेश जारी भएको देखिन्छ । यस अदालतबाट उक्त मिति २०६९।५।२९ मा अल्पकालीन अन्तरिम आदेश हुनुभन्दा अगावै मिति २०६९।३।१९ मा नै नेपाल दूरसञ्चार कम्पनीले निवेदकले राखेको बैंक ग्यारेन्टीका सम्बन्धमा निर्णय गरी दाबी गरी बैंकसमक्ष पत्राचार गरेको देखिन्छ । उक्त बैंक ग्यारेन्टीको रकम हालसम्म नेपाल दूरसञ्चार कम्पनीको दाबीबमोजिम भुक्तानी नभै यथावत नै रहेको भन्ने पनि देखिएको छ । विपक्षीहरूले आफ्नो लिखित जवाफमा अदालतको अवहेलना हुने कुनै कार्य आफूहरूबाट नभएको, निवेदकले राखेको बैंक जमानतको अवधि समाप्त हुन लागेको, अवधि समाप्त भएपछि बैंक ग्यारेन्टीको रकममा दाबी पुग्न नसक्ने भएकोले सम्मानित अदालतबाट भएको अन्तरिम आदेशले निरन्तरता नपाई बैंक जमानत जफत गर्नुपर्ने अवस्था आएमा कुनै समस्या नहोस् भन्ने उद्देश्यले सोको सुनिश्चितताका लागि पछि अदालतबाट हुने आदेशबमोजिम नै हुन भनी पत्राचारसम्म गरेको भनी अदालतको गरिमा र सम्मानमा प्रतिबद्धता व्यक्त गरेको देखिन्छ । यसप्रकार निवेदकले बोलपत्रबापत राखेको नेपाल दूरसञ्चार कम्पनीले दाबी गरको बोलपत्र जमानतबापतको रकम हालसम्म भुक्तानी नभै यथावत रहेको र पछि कुनै कारणबस बोलपत्रबापतको रकम भुक्तानी हुने अवस्था आएमा सो सम्बन्धमा कुनै कानूनी अड्चन नआवस् भनी दाबीसम्म गरेको भनी अदालतको आदेशको पालना गर्न प्रतिबद्धता जनाइरहेको अवस्थामा निवेदन दाबीबमोजिम विपक्षीहरूले अदालतको आदेशको अवज्ञा गरी अदालतको अवहेलनाको कसुरजन्य कार्य गरेको भनी ठहर निर्णय गर्नु न्यायोचित हुने नदेखिने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७२ साल माघ २४ गते रोज २ शुभम् ।

११

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०२१९, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद देवकोटा वि. दुर्गाप्रसाद आचार्य*

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७४ र ७५ बमोजिम नै मिति २०६०।१२।१९ मा सम्पन्न भएको लिलाम कार्यलाई बदर गराउन यी निवेदकले मुलुकी ऐन, दण्ड सजायको महलको ६१ नं. को हदम्यादभित्र गोरखा जिल्ला अदालतमा निवेदन दिन सक्नेमा सो हदम्यादभित्र निवेदन दिएको भन्ने देखिएन । मुलुकी ऐन, दण्ड सजायको महलको ६१ नं. मा "फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदार कर्मचारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अड्डाका हाकिम छेउ पन्ध्र दिनभित्र उजुर गर्न सक्नेछ । निजले गरेको निर्णयमा चित्त नबुझे अदालती बन्दोबस्तको महलको १७ नं. बमोजिम पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । सो कानूनले तोकेको हदम्याद नघाई यी निवेदकले फैसलाबमोजिमको बिगो दाखिला गरिपाउँ भनी मिति २०६०।१२।१९ मा भए गरेको कार्यलाई प्रभावित गर्ने गरी सो कार्य सम्पन्न भएको १० वर्षपछि परेको निवेदन दर्ता हुन नसक्ने भनी गोरखा जिल्ला अदालतका तहसिलदारबाट मिति २०७०।१२।१० मा दरपिठ आदेश भएको पाइन्छ । सो मिति २०७०।१२।१० को दरपिठ आदेश बदरका लागि परेको निवेदनमा २०६०।१२।१९ मा भएको कार्य बेरीतको भयो बदर गरिपाउँ भनी २०७१ सालमा आएर उजुर गर्ने हदम्याद यी निवेदकलाई कुनै कानूनले प्रदान गरेको नपाइने ।

हदम्यादविहीन परेको निवेदनको आधारमा गोरखा जिल्ला अदालतबाट मिति २०६०।१२।१९ मा सम्पन्न भइसकेको लिलामी कार्य बेरीतको देखिएको भनी बदर गरी मिति २०७१।३।१० मा भएको गोरखा जिल्ला अदालतको आदेशउपर परेको निवेदनलाई न्यायको रोहमा परीक्षण गरी गोरखा जिल्ला अदालतको

मिति २०७१।३।१० को उक्त आदेशलाई बेरीतको ठहर गरी भएको पुनरावेदन अदालत, पोखराको मिति २०७१।५।२६ को आदेश कानूनसम्मत रहे भएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७२ साल माघ २८ गते रोज ५ शुभम् ।

१२

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-१३६३, उत्प्रेषण / परमादेश, *रामचन्द्र ठाकुर वडहीसमेत वि. पुनरावेदन अदालत, जनकपुर*

मुलुकी ऐन, दण्ड सजायको ६१ नं. ले "फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदार कर्मचारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अड्डाका हाकिम छेउ पन्ध्र दिनभित्र उजुर गर्न सक्नेछ । निजले गरेको निर्णयमा चित्त नबुझे अदालती बन्दोबस्तको महलको १७ नं. बमोजिम पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ" भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ । प्रस्तुत विवादमा बन्डामुद्दाको फैसला कार्यान्वयनको सिलसिलामा मिति २०६८।७।५ मा भएको बन्डा मुचुल्काको आधारमा मिति २०६८।७।३० मा धनुषा जिल्ला अदालतका तहसिलदारले उक्त बन्डा मुचुल्काबमोजिमको जग्गा वादीका नाममा दा.खा. गरी चलन पूर्जी दिने गरी आदेश गरेकोमा सो आदेशको जानकारी निवेदक रामचन्द्र ठाकुर वडहीसमेतले मिति २०६८।८।२० मा नक्कल सारी थाहा पाएको भन्ने जिकिर लिएका छन् । सो बन्डा मुद्दामा यी निवेदकहरूले बन्डा नछुट्याउन्जेल तारेखमा रहने र तारेख गुजारे कानूनबमोजिम होस् भनी निवेदन दिई तारेखमा रहेका र मिति २०६८।५।१७ मा डोरमा हाजिर हुन र डोर नगए भोलिपल्ट धनुषा जिल्ला अदालतमा हाजिर हुन भनी धनुषा जिल्ला अदालतबाट तोकी पाएको तारेख गुजारी हाजिर हुन नआएको भन्ने मिसिलबाट देखिएको छ । मिति २०६८।८।२० मा मात्र तहसिलदारको आदेशको नक्कल सारी थाहा जानकारी पाएको हुँदा थाहा जानकारी पाएको मितिले कानूनको म्यादभित्रै बन्डा मुचुल्का बदरका लागि जिल्ला अदालतमा निवेदन दिएको भन्ने जिकिर लिए पनि अदालतको फैसलाबमोजिम बन्डा कार्यलाई असर पर्ने गरी डोर खटिजाने सूचना म्यादको बेवास्ता गरी बसेको र पुनः अर्को पटक खटिई गएको डोरबाट बन्डा मुचुल्का तयार भई सोअनुसार मिति २०६८।७।३० मा उक्त मुद्दा तामेलीमा गइसकेको भन्ने देखिँदा मिति २०६८।८।२६ मा परेको निवेदनलाई मुलुकी ऐन, दण्ड सजायको ६१ नं. अनुसारको म्यादभित्रै परेको भनी सो निवेदनको आधारमा मिति २०६८।७।५ को बन्डा मुचुल्का तथा सोका आधारमा धनुषा जिल्ला अदालतका तहसिलदारबाट मिति २०६८।७।३० मा भएको दा.खा.समेतको आदेश बदर गर्न मिल्ने नदेखिँदा निवेदकका कानून व्यवसायीले बहसको क्रममा प्रस्तुत गर्नुभएको नजिर प्रस्तुत मुद्दामा आकर्षित नहुने ।

धनुषा जिल्ला अदालतबाट मिति २०६९।३।१५ मा तहसिलदारको आदेश बदर गर्ने गरी भएको आदेशलाई बेरीतको ठहर गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।२।३० मा भएको आदेश मनासिब देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । निवेदन खारेज हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७२ साल माघ २८ गते रोज ५ शुभम्

१३

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-००७१, भ्रष्ट्राचार, *पदमप्रसाद अधिकारी वि. नेपाल सरकार*

यी प्रतिवादी पदमप्रसाद अधिकारी पिता कृष्णप्रसाद अधिकारीसँग २०६२ सालमा अंश लिई भिन्न बसेको मिसिल संलग्न रजिस्ट्रेसन पारित भएको अंशबन्डाको लिखतबाट देखिएको छ । अंशबन्डा गरी भिन्न भइसकेका पिताले यी प्रतिवादीलाई रकम राख्न दिएको देखिने कुनै प्रमाण पेस हुन सकेको देखिन्न । प्रतिवादीका पिता कृष्णप्रसादले आफ्नो रकम आफ्नै

नाममा बैंक खाता खोली जम्मा नगरी प्रतिवादीको नामको बैंक खातामा राख्नुपर्ने वस्तुनिष्ठ कारण देखाउन सकेको पनि पाइन्न । उक्त रकम पिता कृष्णप्रसादको भए सम्पत्ति विवरणमा कैफियत व्यहोरामा पिताको सम्पत्ति भन्ने उल्लेख गरी विवरण पेस गर्न सकेको पनि पाइएन । आफ्नो नाममा जे जति सम्पत्ति छ जुनसुकै प्रकृतिको भए पनि सो सम्पत्तिको विवरण आधिकारिक निकायमा पेस गर्नु प्रतिवादीको कानूनी कर्तव्य हुन्छ । आफ्नो नाममा खाता खोली रकम जम्मा गर्ने, सोको विवरण लुकाउने र पछि आएर मेरो सम्पत्ति होइन पिताको हो भनी वस्तुनिष्ठ प्रमाणबेगर लिएको जिकिर पत्यारलायक र कानूनसम्मत नहुँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी उक्त बचतपत्र खरिद हुँदाका बखत मिति २०५९।३।२० मा महालेखा नियन्त्रकको कार्यालयमा बहाल रहेको कुरा निजले पेस गरेको व्यक्तिगत विवरणबाट देखिँदा जागिरको सिलसिलामा काठमाडौं बाहिर भएकोले बचतपत्रका विषयमा थाहा नपाएको भन्ने जिकिर खण्डित भएको छ । त्यसमा पनि निजको नाबालक छोराको संरक्षिका भई एकासगोलकी श्रीमतीले खरिद गरेको बचतपत्रका सम्बन्धमा थाहा नभएकोले विवरणमा उल्लेख नगरेको भन्ने पुनरावेदक प्रतिवादीको भनाइ विश्वासप्रद र कानूनसम्मत मान्न नमिल्ने ।

माथि विवेचना गरिएअनुसार प्रतिवादी पदमप्रसाद अधिकारीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट सम्पत्ति छानबिन प्रारम्भ भई सम्पत्ति विवरण पेस गर्ने विषयको पत्र बुझिसकेपछि नियोजित रूपमा बैंकबाट रकम झिकी सो रकम र बचतपत्रको रकमसमेत गरी जम्मा रू. ११,३५,१८६।२६ को सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) मा परिभाषित कसुर गरेको देखिएकोले निजलाई सोही दफा १६ को उपदफा (२) बमोजिम १ महिना कैद र रू. २०००।- जरिवाना गरी लुकाए छिपाएको रकम रू. ११,३५,१८६।२६ निजबाट जफत हुने ठहर गरेको विशेष अदालत, काठमाडौंको मिति २०६६।५।७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल भदौ १ गते रोज ३ शुभम् ।

१४

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७२-WO-०३९८, परमादेश, *जीवनबाबु श्रेष्ठ वि. वैदेशिक रोजगार विभाग, काठमाडौं*

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ११ को सर्त पुरा गरेको अवस्थामा कानूनबमोजिम इजाजतपत्र दिनु पर्नेमा तुरून्त दिने र दिन उपयुक्त नहुने अवस्था भए कारण खोली निवेदकलाई जानकारीसमेत दिनुपर्नेमा त्यसो केही नगरी अनिर्णित अवस्थामा राख्न र त्यसको कारणबाट निवेदकको मागलाई अस्वीकृत गरेको परिणाम ल्याउने खालको काम गर्न मिल्दैन । विपक्षी विभागले निवेदक कम्पनीसँग धरौटी बापतसमेत भनी रकम माग गरी निवेदकबाट रकम ग्रहण गरेपछि जवाफसम्म नदिएको कुरा मिल्दो भएन, निवेदकको रकम त्यसरी नियन्त्रणमा राखि राख्नसमेत नमिल्ने ।

निवेदक कम्पनीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र पाउँ भनी विपक्षी विभागसमक्ष निवेदन दिई निवेदकसँग बैंक ग्यारेन्टी र धरौटी माग गरी निवेदकले दाखिलसमेत गरिसकेको अवस्थामा हालसम्म कुनै निर्णय भएको नदेखिँदा यो आदेश प्राप्त गरेको एक महिनाभित्र निवेदकको मागबमोजिमको इजाजतपत्र सम्बन्धमा निर्णय गरी दिनु भनी विपक्षी वैदेशिक रोजगार विभागका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७२ साल फागुन १७ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-WO-००६५, उत्प्रेषण, *विष्णुकुमार श्रेष्ठ वि. गृह मन्त्रालयसमेत*

मिसिल संलग्न निर्णय पर्चाबाट निवेदक विष्णुकुमार श्रेष्ठले ड्युटीमा रहेको, पटकपटक मादक पदार्थ सेवन गरी आचरणसम्बन्धी नियम उल्लङ्घन गरेको निजको अभिलेखसमेतबाट देखिएको र सोसम्बन्धमा गठित छानबिन टोलीले सोअनुसारको प्रतिवेदनसमेत दिएको आधारमा निवेदक प्रहरी जवानलाई प्रहरी नियमावली (संशोधनसहितको) २०४९ को नियम ९३ को उपनियम ३ (ख) ले दिएको अधिकार प्रयोग गरी ऐ. नियमावलीको नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको महानगरीय प्रहरी परिसरको मिति २०६८।३।२० को निर्णयबाट निवेदकको संविधानप्रदत्त हकमा आघात पुगेको भनी मान्न मिल्ने नदेखिँदा निवेदन मागअनुसारको आदेश जारी गर्न मिल्ने नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७१-CI-०२६२, उत्प्रेषण / परमादेश, *डा. भाइकाजी तिवारी वि. चतुर्भुज भट्टसमेत*

विकासको नाममा विधि र प्रक्रिया पूरा नगरी व्यक्तिको सम्पत्ति सरकारले प्राप्त गर्न सक्दैन । यदि उक्त स्थानमा G.L.D. कार्यक्रमअन्तर्गत बाटो विस्तार गर्न आवश्यक देखिएमा निःशुल्क जग्गा उपलब्ध गराउन मन्जुर गरेमाबाहेक प्रत्यर्थीहरूलाई क्षतिपूर्ति/मुआब्जा दिएर मात्र राज्यले निजहरूको घरजग्गा प्राप्त गर्नुपर्दछ । प्रत्यर्थी निवेदकहरूले उक्त बाटो विस्तारको लागि आफ्नो घरजग्गा दिन मन्जुर नगरेको अवस्थामा निजहरूको घरजग्गा प्राप्त गर्नुपर्दा कानूनको उचित प्रक्रिया पुरा गरी मुआब्जा वा क्षतिपूर्ति दिनुपर्नेमा सो केही नगरी प्रत्यर्थी निवेदकहरूको घर जग्गा भत्काई सडक विस्तार गर्ने भनी माइकिङ गरी चिह्नसमेत लगाएको कार्यलाई कानूनअनुरूपको रहेछ भनी मान्न मिल्ने नदेखिने।

पुनरावेदक काठमाडौं उपत्यका विकास प्राधिकरणले उपरोक्तानुसार प्रत्यर्थी निवेदकहरूको घरजग्गामा बाटो विस्तारका लागि चिह्न लगाउने र भत्काउनेसमेत कार्य गर्नुअघि कुनै पूर्वसूचना वा जानकारी तथा क्षतिपूर्ति दिएको भन्न सकेको पाइँदैन । साथै प्रत्यर्थीहरूले घर निर्माण गर्नुअघि नै G.L.D मापदण्ड लागू भएको वा सोबापत क्षतिपूर्ति लिइसकेको भन्न र सोको प्रमाण दिन सकेको पनि छैन । यस स्थितिमा राज्यको जिम्मेवार निकायले नागरिकको संविधान र कानूनप्रदत्त हकको संरक्षण गरेको भन्ने नभई उल्टै प्रचलित कानूनले तोकेको कार्यविधि र सीमा नै उल्लङ्घन गरी एकतर्फीरूपमा प्रत्यर्थीहरूको घरबसोबास प्रभावित हुने गरी बाटो विस्तार गर्न लागेको भन्ने देखिन आएको छ । सोही आधारको विद्यमानता रहेको निष्कर्षमा पुगी पुनरावेदन अदालत पाटनबाट प्रत्यर्थि निवेदकहरूको घर बसोबासको अधिरकारसमेतको संरक्षण खातिर निजहरूको स्वामित्त्व र भोगमा रहेको घरजग्गामा गैरकानूनीरूपले प्रवेश गरी चिह्न लगाउने, भत्काउने लगायतका कुनै कार्य नगर्नु नगराउनु भनी भएको आदेश अन्यथा नदेखिने हुँदा कानूनबमोजिमको रित पुर्याई मात्र गर्नुपर्नेमा बाहेक निवेदकहरूको घर जग्गा प्रवेश गर्ने, कब्जा गर्ने, भत्काउने, बाटो विस्तार गर्ने जस्ता कार्य नगर्नु नगराउनु भनी पुनरावेदक विपक्षीहरूका नाममा निषेधाज्ञासमेत जारी हुने ठहर्याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।७।२०

को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रस्तुत पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CI-०४४४, निषेधाज्ञा / परमादेश, *सोमनी सरबरिया वि. सोभितप्रसाद गुप्ता*

कुनै पनि जग्गामा मोहीको हैसियतले दाबी गर्ने व्यक्तिले कुनै ठोस प्रमाण पेस गराउन नसकेको स्थितिमा केवल मोही हुँ भनी दाबी गरेकै आधारमा मात्र त्यस्तो जग्गामा निजको मोही हक सिर्जना हुन सक्दैन । विपक्षी निवेदकले आक्रमण हुने आशङ्का देखाएको राम मन्दिर गुठीको जग्गाको हालसम्म कुनै पनि व्यक्ति मोही भइसकेको भन्ने कुनै ठोस प्रमाण भएको देखिएन । मोही नै नभएका व्यक्तिले हामी मोही हौं भनी जिकिर लिएको देखिँदा ती व्यक्तिबाट उक्त गुठीको जग्गामा अतिक्रमण हुन नसक्ने भन्न नमिल्ने ।

निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेको कि.नं.१३५, १३७, १४६ का जग्गाहरूमा गुठीको स्वामित्व भएकोमा विवाद देखिएन । राजगुठी जग्गाको संरक्षण गर्ने कार्य गुठी संस्थान ऐन, २०३३ को दफा १७ र १८ ले गुठी संस्थाको भएको देखियो । यी निवेदकले गुठीको जग्गा संरक्षण गर्न र मोही नभएकाले मोहीको हैसियतले जग्गा जोतकोड गरेको घर नभएको भन्ने पनि लिखित जवाफकर्तामध्येका विश्वनाथ सरवरियाको लिखित जवाफ रहेको पाइयो । गुठीको जग्गामा मोही लाग्न नसक्ने व्यवस्था उक्त ऐनको दफा २७ को प्रतिवन्धात्मक वाक्यांश (क) र (ख) मा भएको पाइँदा निवेदनमा उल्लिखित जग्गामा गैरकानूनी रूपमा कब्जा जमाई भोग बसोबास गर्ने काम नगर्न नगराउन विपक्षी पुनरावेदकका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहरेको तथा उक्त जग्गालाई अतिक्रमण हुनबाट रोकी संरक्षण गर्ने काम कानूनबमोजिम गर्न गराउन गुठी संस्थान, जनकपुरका नाउँमा परमादेशको आदेश जारी हुने ठहरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।१०।१८ को अन्तिम आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । विपक्षीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-CI-०७८४, निषेधाज्ञा / परमादेश, *ओमहरि पोखरेलसमेत वि. हेमबहादुर थापा*

शिक्षा नियमावली, २०५९ को नियम २२(ङ) मा सामुदायिक शिक्षकको नियुक्तिसम्बन्धी व्यवस्था गरी ऐ. उपनियम ११ मा नियुक्तिका लागि सिफारिस गरिएका उम्मेदवारले नियुक्तिको सूचना प्रकाशित भएको वा सूचना पाएको मितिले तीस दिनभित्र नियुक्ति लिनु पर्नेछ सो मितिभित्र नियुक्तिपत्र नलिएमा वा नियुक्ति लिएको ३० दिनभित्र विद्यालयमा हाजिर नभएमा वा त्यस्तो उम्मेदवारको मृत्यु भएमा वा अन्य कुनै कारणले सो पद रिक्त भएमा व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमानुसार नियुक्ति गर्न सक्नेछ भन्ने व्यवस्था भएको पाइन्छ । शिक्षक छनौट समितिले निवेदकलाई प्रथम वैकल्पिक उम्मेदवारको रूपमा कायम रहने गरी सूचना प्रकाशित गरेको तथ्यलाई स्वीकार गरिसकेपछि सिफारिस भएका उम्मेदवारले नियुक्तिपत्र लिएपछि विद्यालयमा हाजिर नै नभई राजीनामा दिएको अवस्थामा उक्त कानूनी व्यवस्थाअनुसार प्रथम वैकल्पिक उम्मेदवारको रूपमा रहेका निवेदकलाई नियुक्ति दिन किन नमिल्ने हो विपक्षीहरूको लिखितजवाफ स्पष्ट देखिँदैन । सिफारिस गरिएको उम्मेदवारले निश्चित समयावधिभित्र नियुक्ति नलिएमा वा नियुक्ति लिए पनि हाजिर नभएमा पुनः परीक्षा लिनुपर्ने झन्झट नहोस् र तत्काल रिक्त स्थानको पूर्ति होस् भन्ने अभिप्रायले वैकल्पिक उम्मेदवारको

सूची प्रकाशन गर्नु पर्ने हुन्छ। सोही प्रयोजनका लागि नै शिक्षक छनौट समितिले समेत निवेदकलाई प्रथम वैकल्पिक उम्मेदवार भनी सूची प्रकाशित गरेको कुरामा विवाद रहेको नदेखिने हुँदा शिक्षा नियमावलीमा रहेको उपर्युक्त कानूनी व्यवस्थाअनुसार सिफारिसमा परेको उम्मेदवारले राजीनामा दिई पद रिक्त रहेको अवस्थामा प्रथम वैकल्पिक उम्मेदवारको रूपमा रहेका निवेदकले नियुक्ति पाउन सक्ने नै देखिँदा सोसमेतका आधार र कारणबाट निवेदन मागबमोजिम निषेधाज्ञा एवम् परमादेशसमेत जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६७।३।३० गतेको आदेश मिलेकै देखिँदा सो सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असोज ११ गते रोज २ शुभम्।

- यसै लगाउको ०६७-CI-०७८५, परमादेश, *ओमहरि पोखरेल वि. जिल्ला शिक्षा कार्यालय, प्युठानसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०१३४, निषेधाज्ञा, *आशिषकुमार खड्कासमेत वि. महानगरीय प्रहरी परिसर, ललितपुरसमेत*

छोरी सुनितालाई आशिष खड्काले विवाह गरी गर्भ रही १० महिनाको गर्भ रहेकोमा विपक्षीले घरमा बस्न नदिई अशान्ति गरेकाले शान्ति सुरक्षा गरिपाउँ भनी मैया बस्नेतले मिति २०६८।९।७ मा निवेदन दिएकाले झिकाई बुझ्दा निजहरूको घरायसी झगडा भएकाले सम्झाई बुझाई अशान्ती नगर्नु भनी पठाएकोसम्म हो। निज पवित्रा खड्कालाई महिला सेलबाट समेत तारेखमा राख्ने कागज गराउने गैरकानूनी कार्यहरू केही गरिएको छैन भनी महानगरीय प्रहरी परिसर जावलाखेल ललितपुर एवम् ऐ.को महिला सेलको लिखित जवाफबाट देखिन्छ। विपक्षीले घरमा बस्न नदिई अशान्ति गरेकाले शान्ति सुरक्षा गरिपाउँ भनी मैया बस्नेतले दिएको निवेदनमा प्रहरी कार्यालयबाट शान्ति सुरक्षा कायमा राख्ने प्रहरी निकायको दायित्वअन्तर्गत दुवै पक्षलाई सम्झाइबुझाई पठाएको भन्ने जवाफबाट देखिएकोले यी पुनरावेदकले निवेदनमा उल्लेख गरेजस्तो विपक्षी कार्यालयबाट माना चामलको कागज गराउन पक्राउ गर्ने थुनामा राख्ने, यातना दिने तारेखमा राख्नेलगायतको कार्वाहीको अवस्थाको विद्यमानता देखिन नआएकोले पुनरावेदक/निवेदकको मागबमोजिमको कुनै आदेश जारी गर्नुपर्ने देखिन नआउने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-१०१९, निषेधाज्ञा, *मानबहादुर पाण्डे वि. महानगरीय प्रहरी प्रभाग कपन, काठमाडौंसमेत*

महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंको च.नं. ९४८ मिति २०६९।७।१९ गतेको पत्रद्वारा यस कार्यालयमा प्राप्त हुन आएकोले यसमा दुवै पक्षलाई शान्ति सुरक्षा कायम गराउने प्रयोजनार्थ मिति २०६९।७।२१ गते यस कार्यालयमा बोलाई छलफल हुँदा कृष्ण तामाङले दाबी लिएकोसम्बन्धमा निजहरू दुवै पक्षबिच आपसी छलफल गरी आपसमा सहमति गरी गएका हुन्। रिट निवेदक विपक्षीलाई निवेदिका कृष्णा तामाङको जग्गा फिर्ता गराउनु भनी धम्की दिनेसमेतका कुनै पनि कार्य यस कार्यालयबाट गरिएको होइन भनी महानगरीय प्रहरी प्रभाग, कपनको लिखित जवाफ रहेको देखिन्छ। यी पुनरावेदकले निवेदनमा दाबी लिएजस्तो प्रहरीबाट लेनदेनको विषयमा पक्राउ गर्ने अवस्था नदेखिएको र विपक्षीमध्येको कृष्णा तामाङले दाबी लिएको निवेदनमा छलफलको लागि झिकाइएको तारिखमा नराखेको भनी लिखित जवाफमा उल्लेख गरेको हुँदा विपक्षीबाट निवेदकलाई पक्राउ गर्ने कागज

गराउने आशङ्काको स्थिति नभएकाले निवेदन खारेज हुने ।
इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०८६१, भ्रष्टाचार, *लोकबहादुर देउबा वि. नेपाल सरकार*

प्रतिवादीले हाइस्कुल परीक्षा उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सुरू नियुक्ति पाउने उद्देश्यले जिल्ला शिक्षा कार्यालय, कैलालीमा पेस गरेको देखिन्छ । सो प्रमाणपत्र ठिक हो होइन भन्नेसम्बन्धमा प्रमाणीकरणको लागि उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरमार्फत सम्बन्धित बोर्डमा लेखि पठाउँदा भारतको माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, वाराणसीको सत्यापन- २३०१, दिनाङ्क-४/०१/१२, पत्रसाथ प्राप्त विवरणको सि.नं. ३ मा परीक्षार्थीको नाम - लोकबहादुर देउवा, पिताको नाम - योगबहादुर देउवा, जन्म मिति - सन् ०३/०१/६०, परीक्षा-एच. एस., वर्ष - १९८९, अनुक्रमाङ्क नं.-१५६१९३८, योग- २४१, श्रेणी- तेस्रो र केन्द्र वा कलेजको नाम 'जन्ता इन्टर कालेज', रानीपूर अजमगंड उल्लेख भई कैफियत महलमा "पुष्टित नहीं" भनी लेखी आएको र सोही आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा प्रतिवादीउपर प्रस्तुत आरोपपत्र दायर गरेको देखिन्छ । प्रतिवादी लोकबहादुर देउवाले आरोपित कसुरलाई इन्कार गरेको भए तापनि निजले उक्त प्रमाणीकरण व्यहोरा खण्डन हुने र आफ्नो जिकिर पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । प्रतिवादीले अदालतमा बयान गर्ने क्रममा सम्बन्धित निकायमा गई उत्तीर्ण भएको प्रमाणपत्र पुन: ल्याई पेस गर्नेछु भनी बयान गरेको भए तापनि निजले कुनै त्यस्तो प्रमाण पेस गर्न सकेको देखिएन । बढुवा प्रयोजनका लागि पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू सो प्रमाणपत्र जारी गर्ने शैक्षिक संस्थाबाट प्रमाणित नभएको भनी लेखि आएको व्यहोरालाई पुनरावेदकले अन्यथा हो भनी प्रमाणित गर्न नसकेको अवस्थामा निजको शैक्षिक योग्यताको प्रमाणपत्र झुठ्ठा भएको पुष्टि भइरहेको अवस्थामा निजको शैक्षिक योग्यताको प्रमाणपत्र झुठ्ठा हैन भन्ने पुनरावेदक जिकिरसँग सहमत हुन सकिएन ।

प्रतिवादीले विवादित लिखत प्रमाणपत्रबाट मैले कुनै बदनियत राखी केही लाभ प्राप्त नगरेकोले अभियोग दाबीबमोजिम मलाई सजाय हुनुपर्ने होइन भनी लिएको जिकिरतर्फ हेर्दा भ्रष्टाचार मुद्दामा पेस गरेको प्रमाणपत्र नक्कली ठहरेपछि त्यसबाट कुनै लाभ प्राप्त नगरे पनि बढुवा पाउने उद्देश्यले नै उक्त प्रमाणपत्र पेस गरेको मान्नु पर्ने हुनाले प्रतिवादीको बदनियत स्पष्टरूपमा देखिन आएको हुँदा यस्तो अवस्थामा नक्कली प्रमाणपत्रको लिखत पेस गरेकै आधारमा भ्रष्टाचार भए गरेको पुष्टि हुने हुँदा प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर गरेको होइन भनी मान्न नमिल्ने हुँदा प्रतिवादी लोकबहादुर देउवाले हाइस्कूल परीक्षा उत्तीर्ण गरेको भनेको प्रमाणपत्र झुठ्ठा देखिन आएकोले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अनुसारको कसुर हुने ठहर गरेको विशेष अदालतको मिति २०६९।१०।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: खगेन्द्रकुमार खत्री
इति संवत् २०७१ साल माघ २९ गते रोज ५ शभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-०२११, कम्पनीले पाउनु पर्ने रकम दिलाई भराई पाउँ, *जिल्ला ललितपुर ललितपुर नगरपालिका वडा नं. ३ स्थित झम्सीखेल मुख्य कार्यालय रहेको नेपाल ल्युब आयल लिमिटेडका तर्फबाट अधिकारप्राप्त कमलनारायण कर्णसमेत वि. राजेशकुमार सर्राफसमेत*

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८४क. को कानून व्यवस्था हेर्दा "प्रतिउत्तरपत्र परी

झगडियाहरूको उपस्थितिको निमित्त तोकिएको तारेखमा दुवै पक्षको रोहवरमा फिरादपत्र र प्रतिउत्तरपत्र तथा दाखिल भएको सबै लिखित हेरी देखाई वादी प्रतिवादीसँग आवश्यक कुरा सोधपुछसमेत गरी त्यसबाट दुवै थरको कुरा मिले नमिलेको अड्डाले विचार गरी कुरा मिलेको देखिन आएमा तुरून्त निर्णय सुनाउनुपर्छ । दुवै थरको कुरा आंशिक वा पूर्णरूपमा नमिलेको देखिन आएमा जुनजुन कुरा नमिली इन्साफ गरी ठहर्‍याउनु पर्ने हो सो कुराहरू र त्यससम्बन्धमा बुझ्नुपर्ने प्रमाणहरू स्पष्ट खोली पर्चा खडा गरी सबुद प्रमाण झिकाउन आदेश दिई सबुद प्रमाण बुझ्ने तारेखसमेत तोक्नुपर्छ। प्रमाण बुझ्न तोकिएको तारेखमा अड्डाले यसै महलको ७८ नं.बमोजिम कारवाही गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थामा उल्लेख भएअनुसार सुरू ललितपुर जिल्ला अदालतबाट प्रमाण पेस दाखिल गर्नु भनी आदेश भएपछि सोअनुसार वादी पक्षबाट पेस दाखेल नै नभई वादीले पेस गर्नुपर्ने विल भरपाइलगायतका प्रमाणको सम्बन्धमा रितपूर्वक परीक्षण नै हुन नपाई वादी दाबीबमोजिम रकम भराइदिने गरी भएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६४।१०।०८ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिल्ने देखिन नआउने ।

त्यसैगरी यसै तथ्यसँग मेल खाने यस अदालतबाट भएको पूर्व फैसला विष्णुप्रजापति विरूद्ध भूमि प्रशासन कार्यालय सिराहा, ने.का.प. २०३४ पृ. २८५ मा "अनिवार्यरूपमा बुझ्नुपर्ने प्रमाण बुझ्दै नबुझी गरेको फैसला न्यायिक मनको पूर्ण अभाव देखिने हुन्छ । वादी प्रतिवादीको मुख नमिले अ.वं. १८४क. नं.बमोजिम सबुद प्रमाण बुझी सबुद प्रमाणको आधारमा ठहर निर्णय गर्नुपर्छ। सबुद प्रमाण नबुझी विनाआधार दिएको निर्णय कानूनी त्रुटिपूर्ण हुन्छ भनी बोलेको पाइन्छ ।" तसर्थ माथि उल्लिखित तथ्य, व्यस्था एवम् विवेचनासमेतको आधारमा सुरू ललितपुर जिल्ला अदालतबाट वादी पक्षबाट प्रमाण पेस दाखेल नै नभई वादीले पेस गर्नुपर्ने विल भरपाइलगायतका प्रमाणको सम्बन्धमा रितपूर्वक परीक्षण नै हुन नपाई वादी दाबीबमोजिम रकम भराइदिने गरी गरेको मिति २०६४।१०।०८ को फैसला मिलेको नदेखिँदा बदर गरी दिई सो सम्बन्धमा जो जे बुझ्नुपर्ने प्रमाणहरू बुझी पेस दाखिल गराई कानूनबमोजिम कारवाही किनारा गर्नु भनी उपस्थित पक्षलाई तारेख तोकी मिसिल सुरू ललितपुर जिल्ला अदालतमा पठाइदिने ठहरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।३।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०४७५, अनियमित वन पैदावार काटी ओसारपसार, *नेपाल सरकार वि. राजेन्द्र सुनुवार*

बरामदी मुचुल्कामा उल्लिखित ११ क्युबफिट काठ मबाट बरामद भएको लिखित अनुमति नलिई काठ काट्नु मेरो गल्ती हो भनी रूख काटेकोमा स्वीकार गरी प्रतिवादीले अदालतमा बयान गरेको देखिएकोले सोभन्दा बढ्ता काठ कटान गरेको तथ्य प्रमाणित गर्ने दायित्व भएको वादीले आफ्नो दाबी ठोस रूपबाट प्रमाणित गराउन सकेको देखिँदैन । बिगो रू.१,०२,५००।- (एक लाख पाँचहजार) बराबरको २०५ क्युबफिट सालको रूख काठ ओसारपसार गरेको भन्ने वादी पक्षको दाबी रहेकोमा सो परिमाण वराबरको काठ निज प्रतिवादीबाट बरामद भएको देखिन नआई केबल ११ क्युबफिट बिगो रू. १२,३६४।– को मात्र बरामद भएको देखिएको छ । अभियोग दाबीबमोजिम काठ बरामद नभएको र सम्पूर्ण काठ प्रतिवादीले नै कटान गरेको वस्तुनिष्ठ आधार नभएको अवस्थामा कसुरदार ठहर गर्न न्यायोचित हुन सक्दैन । गाउँ नजिकैको सामुदायिक वनमा प्रतिवादी एक्लैले मात्र काठ काटेको गाउँलेहरूले थाहा पाउनु पर्नेमा सो कुरा कसैले थाहा नपाएको र प्रतिवादीले दाबीअनुसार काठ कटानी गरेको भन्ने कुराको पुष्ट्याइँ साक्षी प्रमाणसमेत

पेस गरी वादी पक्षले गराउन नसकेको देखिएको अवस्थामा सो सामुदायिक वनमा कटान भएका दाबीबमोजिमका सबै रूख निज प्रतिवादीले नै काटेको भनी आरोप लगाउन मनासिब देखिँदैन । फौजदारी कसुरमा कुनै पनि अभियोग शङ्कारहित तबरले पुष्टि हुनु पर्नेमा वादी दाबीको पुष्ट्याइँ ठोसरूपबाट हुन सकेको पाइएन । चिरान काठको परिमाण ११.०७ क्युबफिटसहित निज राजेन्द्र सुनुवारलाई काठ बोक्दै गरेको अवस्थामा वन गस्ती टोलीले पक्राउ गरेको हो । घटनास्थलमा मसमेत बसी बरामदी मुचुल्का भएको हो। बरामदी मुचुल्काको व्यहोरा र सहीछाप मेरो हो भनी बरामदी मुचुल्काका मानिस गोपाल न्यौपानेले गरेको बकपत्रबाट देखिएको समेतबाट प्रतिवादीले अन्य रूखहरू काटेको हो भनी मान्न मिल्ने देखिएन। यसरी बरामद परिमाण ११ क्युबफिट मात्र प्रतिवादीले काटेको पुष्टि हुन आएकोले कसुरको मात्राअनुसार सजाय गर्नु न्यायोचित हुने हुँदा निजलाई हदैसम्मको सजाय गर्नु उचित नदेखिँदा बरामदी दशीको आधारमा बिगो कायम गरी सजाय गरेको देखिँदा सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी राजेन्द्र सुनुवारलाई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम बरामद काठको बिगो रू. १२,३६४।– को दोब्बर रू.२४,७२८।– जरिवाना हुने र बरामद काठ तथा आरा जफत गरेको सुरू फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट मिति २०७०।२।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०५४३, जबरजस्ती करणी, *नेपाल सरकार वि. मोहम्मद बसर खाँ*

पीडितको योनिमा प्रतिवादीले लिङ्ग प्रवेश गराएको हो होइन भन्ने सम्बन्धमा हेर्दा, पीडितको योनिभित्र वा बाहिर वरिपरि वीर्य पाइएको छैन भनी भेरी अञ्चल अस्पतालको प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । पीडितको योनिझिल्ली च्यातिएको छ, छैन भन्ने सम्बन्धमा हेर्दा निजको महिनाबारी भएको हुँदा भित्र बाहिर रगत देखिएको छ भने पीडितको योनिबाट निकालिएको Swab र प्रतिवादीबाट निकालिएको Swab तथा प्रतिवादीले लगाएको कट्टुको National Police Forensic Laboratory मा गरिएको परीक्षणबाट “Semen could not be detected on exhibit no. 1, 2, and 3” भनी Forensic Test Report मा उल्लेख भएबाट पीडितको योनिमा प्रतिवादीले वीर्य स्खलन गराएको भन्ने देखिँदैन । मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को स्पष्टिकरण (ग) मा “योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिने छ” भन्ने उल्लेख छ। जबरजस्ती करणीको कसुर स्थापित हुन लिङ्गको प्रवेश, वीर्य स्खलन र योनिच्छेद फाटेको हुन आवश्यक छैन। वीर्य स्खलनसहित वा रहित स्त्रीको योनिको बाहिरी भागमा आंशिक लिङ्ग पसाउनु वा लिङ्ग पसाउने प्रयास गर्नु मात्र पनि कानूनी प्रयोजनको निमित्त जबरजस्ती करणी पर्याप्त हुन्छ । वारदातमा योनिमा लिङ्गबाट वीर्य स्खलित भएको होओस् वा स्खलित भएको नहोस् योनिमा लिङ्ग पसाउनु वा लिङ्ग पसाउने प्रयास गर्नु मात्र पनि जबरजस्ती करणीको कसुर स्थापित हुन जाने देखिन्छ । जाहेरी दरखास्त, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको बयान र अदालतमा गरेको बयान एवम् पीडितको बकपत्रसमेतबाट पीडितको योनिमा प्रतिवादीले लिङ्ग प्रवेश गराएको भन्नेरूपमा कहीँकतै पनि उल्लेख नभएको र Medico-Legal Report, Forensic Science Lab Report र Medical Experts को रायसमेतले पीडितको योनिमा प्रतिवादीले लिङ्ग प्रवेश गराएको भन्ने नदेखिएकोले जबरजस्ती करणीसँग सम्बन्धित वारदातको केही तथ्य स्थापित भए पनि जाहेरी दरखास्त र पीडितले

अदालतमा गरेको बकपत्रसमेतबाट प्रतिवादीले पीडीतसँग जबरजस्ती करणी गरेको भनी मान्न नमिल्ने।

भरतप्रसाद आचार्यको जाहेरीले श्री ५ को सरकार विरूद्ध कमलकुमार ओली भएको जबरजस्ती करणी मुद्दामा पीडितलाई जबरजस्ती करणी गर्न लिङ्ग पसाउने बित्तिकै पीडितले हो हल्ला गरेको कारणबाट प्रतिवादीले लगातार करणी गर्न नसकेको अवस्थामा तत्काल वीर्य स्खलन नभएको पनि हुनसक्ने स्थिति देखिएकोले योनिमा वीर्य नदेखिएको र hymen नच्यातिएको हुन सक्ने अवस्था पनि स्वभाविक हुँदा सोबमोजिम चिकित्सकको प्रतिवेदनकै आधारमा प्रतिवादी बेकसुरदार हुन भनी मान्न मिलेन। घरमा धेरै मानिसहरू भेला जम्मा भएको अवस्थामा प्रतिवादीले वादीको योनिमा लिङ्ग प्रवेश गराउने बित्तिकै पीडित रून कराउन थालेकोले हो हल्ला भएको भन्ने मिसिलबाट देखिन आएकोले जबरजस्ती करणीको वारदात भैसकेको मान्न मिल्ने अवस्था पनि देखिन आएन । पीडितलाई करणी गर्नका लागि सम्पूर्ण परिस्थितिहरू पार गरिसकेको तर जबरजस्ती करणीको कार्य सम्पन्न भैसकेको अवस्था नदेखिएको अवस्थामा प्रतिवादीलाई सफाई दिने गरी भएको पुनरावेदन अदालतको फैसला उल्टी भई जबरजस्ती करणीको उद्योगसम्म ठहर्ने भनी ने.का.प.२०६२ अङ्क ७ निर्णय नं.७५७० मा र क कुमारीको जाहेरीले नेपाल सरकार विरूद्ध राजेश क्षेत्री भएको जबरजस्ती करणीको मुद्दामा प्रतिवादीले पीडित बालिकाको योनिमा लिङ्ग प्रवेश गराएको भन्ने देखिँदैन। प्रतिवादीले बालिकाको मुख, टाउकोलगायत शरीरका विभिन्न भागमा लिङ्गको घर्षण गराई पिसाबसमेत फेरिदिएको भन्ने देखिन्छ । यसबाट प्रतिवादीले पीडित बालिकालाई जबरजस्ती करणी गरेको भन्ने स्थापित हुँदैन । प्रतिवादीले पीडित बालिकाउपर उल्लिखित यौन दुर्व्यहार गर्दा बालिका रूँदै चिच्याउँदै कोठा बाहिर निस्की आमा भएतर्फ गएकीले प्रतिवादीले जबरजस्ती करणी गर्न नपाएको र जबरजस्ती करणीको अपराधको उद्योगसम्म गरेको नदेखिँदा उद्योगमा सजाय हुने भनी ने.का.प. २०६५, नि.नं. ७९८३, पृ.७८५ मा सिद्धान्त प्रतिपादन भएको पाइने।

प्रतिवादीले करणीको मनसायले करणी गर्नुपूर्वको क्रिया पीडितलाई जमिनमा पल्टाई छाती स्तन समात्ने कार्य गरेको देखिए पनि जबरजस्ती करणीको कसुरको मुख्य कार्य पीडितको योनिमा लिङ्ग प्रवेश गराउने कार्य हुन नपाएको देखिँदा जबरजस्ती करणी गर्ने उद्योगसम्म गरेको देखिन आएको छ । जबरजस्ती करणीसम्बन्धी कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. मा जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुने भन्ने उल्लेख भएकोले प्रतिवादीलाई सजाय गर्नेसम्बन्धमा पीडितको उमेर हेर्दा वारदातको मितिमा पीडितको उमेर करिब चौध वर्ष छ महिना भएको र जबरजस्ती करणीको ३ नं. को देहाय ३ ले चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भएबाट छ वर्षदेखि दश वर्षसम्म कैद सजाय र ऐजन महलको ५ नं. ले जबरजस्ती करणीको उद्योगको कसुरमा ऐजन ३ नं. को देहाय ३ नं. को सजायको आधा सजाय हुने भन्ने कानूनी व्यवस्था भएबाट प्रतिवादीले जबरजस्ती करणी कसुरको उद्योग गरेको देखिँदा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ५ नं. बमोजिम निज प्रतिवादीलाई ४(चार) वर्ष कैदको सजाय हुने।

पीडित कमलालाई प्रतिवादीले जबरजस्ती करणी गर्ने उद्देश्यले जमिनमा पल्टाई निजको छाती स्तन समाती कोतरिँदा घाउसमेत भई जबरजस्ती करणीको कार्य गर्न नपाई जबरजस्ती करणी गर्ने उद्योगसम्म गरेको देखिएकोले सुरू अदालतबाट प्रतिवादीलाई सफाइ दिएको फैसला उल्टी गरी प्रतिवादीलाई जबरजस्ती करणी कसुरको उद्योग

गरेकोमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ५ नं. बमोजिम निज प्रतिवादीलाई ४(चार) वर्ष कैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६८।२।१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०९५९, उत्प्रेषण / परमादेश, शम्भुप्रसाद घिमिरेसमेत वि. जिल्ला विकास समितिको कार्यालय, लमजुङ, बेंसीसहरसमेत

निवेदकमध्येका शम्भुप्रसाद घिमिरेले मिति २०५५।०३।१६ मा जिल्ला विकास समितिको कार्यालय, लमजुङको रा.प.अनं. प्रथम प्रशासन नायब सुब्बा पदमा अस्थायी नियुक्ति पाई मिति २०६५।०१।०९ देखि सोही पाँचौं तहको पदमा नियुक्ति पाएका, अर्का निवेदक महादेव शाहले मिति २०५६।०७।२६ को निर्णयबाट सबओभरसियरमा अस्थायी नियुक्ति पाई २०६५।०१।०९ बाट सो पदमा स्थायी नियुक्ति पाएका र अन्य निवेदकहरू पासाङ्ग जिरेलले मिति २०५६।०७।२० मा अस्थायी सबओभरसियर र २०६५।०१।०९ मा स्थायी नियुक्ति पाएको, चित्र घलेले २०५६।०७।२८ मा खरिदार पदमा अस्थायी नियुक्ति लिई मिति २०६५।०१।०९ मा स्थायी नियुक्ति पाएको र हरिबहादुरलाई लोहनीले मिति २०६५।०१।०९ गतेदेखि सहलेखापाल पदमा स्थायी नियुक्ति पाएको मिसिल संलग्न प्रतिलिपिबाट देखिन्छ। स्थानीय निकायको कर्मचारीहरूको बढुवाको सम्बन्धमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ नै आकर्षित हुने भएबाट यस नियमावलीको नियम २२५ मा स्थायी सेवा अवधि गणना गर्ने प्रावधान स्पष्टरूपमा उल्लेख भएको पाइन्छ । यस नियमावलीमा कहीँकतै पनि बढुवा प्रयोजनको लागि अस्थायी र करारको सेवा अवधि गणना गर्ने प्रावधान रहेको नदेखिएको अवस्थामा निवेदकहरूले आफूले लामो समयदेखि अस्थायी करारमा रही सो पदमा काम गरेको पदावधिसमेत गणना गरी माथिल्लो पदमा बढुवा गरिपाउँ भन्ने कुनै कानूनी आधार देखिँदैन । ऐजन नियमावली, २०५६ को नियम २२५ ख.मा अस्थायी वा करारको सेवा भन्ने उल्लेख नभएकोले सेवा अवधि मात्र उल्लेख भएको कारणले अस्थायी वा करारको सेवा अवधिसमेत गणना गरी सेवा अवधि कायम गर्न मिल्ने देखिएन। स्थायी सेवा अवधि गणना गर्दा निवेदकहरूको बढुवाको लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२५ ख. १ र २ बमोजिम योग्यता नपुगेकोमा विवाद देखिएन। स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले अस्थायी र ज्यालादारीमा काम गरेको सेवा अवधि गणना गर्ने व्यवस्था नभएकोमा सो नियमावलीको प्रावधानभन्दा विपरीत गणना गर्ने भनी जिल्ला विकास समिति लमजुङको कर्मचारी प्रशासनसम्बन्धी विनियम, २०५८ मा भएको व्यवस्था आकर्षित हुन सक्ने देखिँदैन। स्थानीय प्रशासन नियमावली, २०५६ को विपरीत जिल्ला विकास समिति लमजुङको कर्मचारी प्रशासनसम्बन्धी विनियम, २०५८ मा अस्थायी र ज्यालादारीमा काम गरेको सेवा अवधि गणना गर्ने उल्लेख गरेको आधारमा निवेदकहरूले लिएको निवेदन जिकिर कानूनसम्मत देखिन नआउने।

अतः उल्लिखित आधार र कारण एवम् नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) ले अन्य वैकल्पिक उपचार नभएको अवस्थामा मात्र रिट क्षेत्राधिकारअन्तर्गत निवेदन दिन सकिने उल्लेख भएकोमा निवेदकहरूले वैकल्पिक उपचारको बाटो हुँदाहुँदै रिट निवेदनमा किन पुनरावेदनको व्यवस्था प्रभावकारी नभएको हो सो खुलाउनसमेत सकेको देखिएन । निवेदकहरूको हकको प्रचलनको लागि वैकल्पिक उपचारको बाटो भएकोमा सोहीबमोजिम पर्नेमा सो उपचारको बाटो अवलम्बन गरेको

देखिँदैन । प्रस्तुत जिल्ला विकास समिति लमजुङको मिति २०६७।१२।०६ को पदपूर्ति समितिको निर्णयमा निवेदकहरूको नाम समावेश नभएको बढुवासम्बन्धी विषयमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२६ बमोजिम बढुवामा चित्त नबुझ्ने पक्षले स्थानीय निकायको कर्मचारीले बढुवाको नामावली प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित स्थानीय निकायको सचिवमार्फत मन्त्रालयको सचिवसमक्ष पुनरावेदन गर्न सक्ने कानूनी व्यवस्थाको विपरीत सिधै रिट क्षेत्राधिकारमा प्रवेश गरेकोसमेत देखिएको आधारसमेतबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-WH-००४०, बन्दीप्रत्यक्षीकरण, *गौरीमाया घिमिरे वि. कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंसमेत*

यथोचित विधि र प्रक्रिया न्यायको अर्न्तनिहित तत्त्व हो । यथोचित विधिको प्रयोग र पालनाबाट पक्रियामा स्वच्छता ल्याउँछ । त्यस्तो विधि र प्रक्रियाअन्तर्गत प्रर्याप्तरूपमा सुनुवाईको मौका प्रदान गर्नु र आफ्नो कुरा भन्न पाउने सरल अवसरबाट विमुख नगरिनु पनि पर्न आउँछ । आफू विरूद्ध लागेको अभियोगमाथि प्रतिरक्षा गर्ने अवसर प्राप्त गर्न पाउनु जुनसुकै व्यक्तिको कानूनी र कार्यविधिगत अधिकार पनि हो । सुनुवाइको उचित अवसरमा हरेक पक्षलाई आफ्नो कुरा पुरापुरा (adequatly) राख्न दिनु र हरेक विकल्प प्रयोग गरी प्रर्याप्त र स्वच्छ अवसर दिइनुजस्ता कुरा अपरिहार्य हुन जान्छन् । कसैलाई प्रतिकुल असर पर्ने गरी निर्णय गर्नुभन्दा पहिले निजको कुरा सुनुवाई हुनुपर्ने प्राकृतिक न्यायको मूलभूत सिद्धान्त हो । निजको कुरा सुन्ने प्रयोजनका लागि निजलाई दिनुपर्ने त्यस्तो सूचना नै म्याद हो । निजलाई सूचना प्राप्त हुनसक्ने विभिन्न विकल्पहरू छन् भने सो विकल्प प्रर्याप्तरूपमा अपनाइएको हुनुपर्छ केवल औपचारिकता पुरा गर्ने हिसाबले मात्र सूचनाको अवसरलाई बञ्चित गरिनु नहुने ।

निवेदिकाको बयानबाट निजको बसाई सराईको ठेगाना प्रस्ट खुलाएको र निज कार्यरत कार्यालयको समेत वतन खुलाएकोमा उक्त स्थानमा म्याद तामेल नगरी साबिकको रामेछाप जिल्ला बेताली गा.वि.स.वडा नं. २ मा म्याद तामेल गरी विशेष अदालत, काठमाडौंबाट मुद्दा फैसला भएको देखियो । वास्तविक ठेगानामा म्याद तामेल नगरी अन्यत्र तामेल गरेको म्यादबाट प्रतिवादको मौका प्रदान गरेको भन्न मिल्दैन भनी ने.का.प.२०४७ नि.नं. ४११८ पृष्ठ ३२६ मा प्रतिपादित कानूनी सिद्धान्तसमेतको परिप्रेक्ष्यमा निवेदिकाको नाउँमा जारी भई मिति २०७२।३।२८ मा तामेल भएको म्याद रितपूर्वक नै तामेल भएको भन्ने अर्थ गर्न मिल्ने नदेखिने ।

आफूउपर लागेको अभियोगमा आफूलाई सुनुवाईको मौका नदिई अ.बं. ११० नं. को कानूनी प्रक्रिया पुरा नगरी म्याद तामेल भएको भनी अ.बं. २०८ नं. बमोजिम फैसला भएको मितिले ६ महिनाभित्रै उक्त म्याद बदर गरिपाउँ भनी निवेदिकाले निवेदन दिएको अवस्था मिसिल कागजबाट देखिँदा उपर्युक्त विवेचित तथ्य र कानूनी सिद्धान्तसमेतका आधारमा उक्त मिति २०७२।३।२८ मा तामेल भएको बेरीतको म्याद बदर हुने ।

अतः निवेदिकाको वास्तविक ठेगानामा म्याद तामेल नगरी साबिक ठेगानामा जारी गरी तामेल भएको म्यादबाट निवेदिका विरूद्ध परेको मुद्दाको जानकारी नै निजलाई नभई प्रतिवाद गर्ने अवसरबाट बञ्चित हुने भएको अवस्थामा आफूउपर लागेको अभियोगमा प्रतिवादको मौका प्रदान भएको भन्न मिल्ने नदेखिँदा मिति २०७२।३।२८ मा निवेदिकाको नाउँमा तामेल भएको म्याद, सो म्यादका आधारमा विषेश अदालत

काठमाडौंबाट मिति २०७२।६।२२ मा भएको फैसला र काठमाडौं जिल्ला अदालतबाट च.नं.३४८३ मिति २०७२।१०।११ मा निवेदिकाको नाउँमा जारी गरेको कैदीपुर्जीसमेत बदर गरिदिएको छ। अब निवेदिकालाई अदालतमा झिकाई निजको बयान गराई जो जे बुझ्न पर्ने हो बुझी मुद्दा किनारा गर्न विपक्षी विशेष अदालत, काठमाडौं र कारागार कार्यालय, जगन्नाथदेवलका नाममा यो परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: टेकबहादुर खड्का

इति संवत् २०७२ साल फागुन १८ गते रोज ३ शुभम्।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०५९४, उत्प्रेषण / परमादेश, *भोजराज पाण्डे वि. नेपाल विद्युत् प्राधिकरण, रत्नपार्क, काठमाडौंसमेत*

निवेदकले बाँके जिल्ला, नेपालगन्ज नगरपालिका वडा नं. ४ कि.नं. १११० को जग्गा मिति २०५८।१२।१२ मा हेमन्तकुमार मिश्रसँग ऐ.ऐ. कि.नं. ११०९ को जग्गा मिति २०५८।१२।१२ मा आनन्दकुमार मिश्रसँग र ऐ.ऐ. कि.नं. २०३ को जग्गा मिति २०५८।८।१५ मा केशव प्रजापतिबाट खरिद गरी लिएको देखिन्छ। उक्त जग्गामा निवेदकले २०६० भाद्रमा घर बनाउने नक्सा पास गरी घर निर्माण भएपश्चात् नेपाल विद्युत् प्राधिकरण नेपालगन्ज वितरण केन्द्रको कार्यालयमा निवेदन गरी विद्युत् जडान गरी उक्त बिजुली हालसम्म प्रयोग गर्दै आइरहेको देखिएको छ। वि.सं. २०५८ सालमा जग्गा खरिद गरी २०६० सालमा घर निर्माणको नक्सा पास गरी विपक्षी कार्यालयबाट विद्युत्‌को मिटर जोडेको मिसिल संलग्न कागजबाट देखिएको अवस्थामा उल्लिखित जग्गामा निवेदकले खरिद गर्नुभन्दा पहिलेका जग्गाधनीहरूले विभिन्न प्रयोजनका लागि विद्युत् जडान गरेको विद्युत् मिटरमा बुझाउन रकम बाँकी रहेको देखिन आयो। पूर्वविद्युत् प्रयोगकर्ता ग्राहकहरूबाट भुक्तानी हुनुपर्ने रकम यी निवेदकलाई भुक्तानी गर्नु भनी गरेको पत्राचार न्यायोचित देखिँदैन। जसले जुन प्रयोजनका लागि विद्युत् प्रयोग गरेको हो उसैबाट विद्युत् महसुल असुलउपर गर्नु विपक्षी निकायको आफ्नो दायित्व रहेको विषयलाई पन्छाएर निजहरूलाई उन्मुक्ति दिई पछि जग्गा खरिद गर्ने यी निवेदकलाई दायित्व थोपर्ने कार्य नियमतः मिल्ने नदेखिएकोले विपक्षी नेपाल विद्युत् प्राधिकरण, पुनरावेदन समिति, कानून विभागको मिति २०७०।५।१४ मा भएको निर्णय एवम् नेपाल विद्युत् प्राधिकरण, वितरण तथा ग्राहक सेवा, नेपालगन्ज वितरण केन्द्र, नेपालगन्जले गरेको मिति २०७०।१०।२६ को पत्रबाट निवेदकको ग्राहक नं. ००१-१०-०४४क. को विद्युत् लाइन काट्नेसम्बन्धमा भएका पत्राचारहरू समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम्।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-१०८०, उत्प्रेषण / परमादेश, *गोबर्द्धनलाल नकर्मीसमेत वि. कमला नकर्मीसमेत*

एकातर्फ साधिकार निकायबाट प्रस्तुत निवेदनको विवादमा अन्तिम फैसला भै सो फैसलाअनुसार चलन चलाउनको लागि निवेदकलाई कानूनबमोजिम सूचनासमेत दिएको र अर्कोतर्फ विपक्षीहरूले अदालतको फैसलाअनुसार मिति २०६९।१०।१४ मा कित्ताकाट गरी जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरिसकेको अवस्थामा सो विषयको सम्बन्धमा धेरै ढिलो गरी मिति २०७२।३।३१ मा मात्र आएर उक्त जग्गाधनी प्रमाण पुर्जा नमिलेको भनी अदालत प्रवेश गरेको देखिँदा निवेदकको उक्त कार्य विलम्बले समन्यायलाई पराजित गर्छ। (Delay defeat equity) अर्थात् विलम्बले न्यायको औचित्य समाप्त गर्दछ भन्ने न्यायको सर्वमान्य सिद्धान्तसमेतको

विरूद्ध हुन गएको देखिन्छ।

तसर्थ माथि उल्लिखित अदालतको अन्तिम फैसलाअनुसार अंश मुद्दाका वादीहरू अर्थात् प्रस्तुत निवेदनमा विपक्षीमध्येका कमला नकर्मी र सृष्टिका नकर्मीले मालपोत कार्यालय, डिल्लीबजार काठमाडौं र नापी कार्यालय, डिल्लीबजार काठमाडौंबाट आफ्नो अंश भागमा परेको जग्गाको नापनक्साअनुसार जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरी सो अनुसार चलन गर्न गोबर्द्धन लाल नकर्मीसमेतले नदिएकोले जग्गाधनी प्रमाण पुर्जाअनुसारको जग्गामा अंश चलनको निवेदन दिएको देखिँदा र प्रस्तुत निवेदन जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरिसकेपछि अर्थात् २ वर्ष ५ महिना १६ दिनपश्चात् मात्र गरेको देखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ २० गते रोज १ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-RB-००४४, मूल्य अभिवृद्धि कर, *टङ्कमणि शर्मा वि. सञ्जय चोखानी*

दीर्घराज मैनालीले मिति २०६६।८।७ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौंमा बुझाएको अनुसन्धान प्रतिवेदनमा भाटभटेनी डिपार्टमेन्टल स्टोरलाई आ.व. ०६४।०६५ को आय विवरण पेस गरेको पार्टीवाइज खरिद विवरणमा प्रस्तुत फर्मसँग १,७१,२०,२९१।५० खरिद भएको देखिन्छ। यसरी आ.व. २०६४।०६५ मा भाटभटेनी डिपार्टमेन्टल स्टोरलाई रू.१२,१८,७८६।५२ घटी बिक्री गरेको देखिन्छ । यसबाट स्पष्ट रूपमा खरिद बिक्रीको तथ्याङ्क नै फरक परेको देखिएको यस अवस्थामा करदाता चोखानी इन्टरप्राइजेजको जिकिर मनासिब भन्न नमिल्ने।

प्रारम्भिक कर निर्धारण आदेश परिवर्तन गर्नु नपर्ने ठहर्‍याएको आन्तरिक राजस्व विभाग, अनुसन्धान शाखाको मिति २०६६।९।१७ को निर्णय सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।२।४ को निर्णय उल्टी हुने ठहर्‍याएको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६८।८।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई आन्तरिक राजस्व विभागसमेतको निर्णय सदर हुने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल माघ ५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०६१२, लागु औषध ब्राउन सुगर, *अनुप गुरूङ वि. नेपाल सरकार*

लागु औषध खरिद गरी ल्याउने प्रतिवादी अनुप गुरूङले मबाट लागु औषध बरामद भएको छैन भनी अदालतमा इन्कारी बयान गर्दैमा प्रतिवादी निर्दोष प्रमाणित हुन सक्दैन। लागु औषधको कारोबार एउटा व्यक्ति वा परिवारको सदस्यले मात्र गर्ने अपराध नभएर संगठिततवरबाट गरिने अपराध हो । संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ । यस प्रकारको अपराधको प्रकृतिलाई अन्य सामान्य परम्परागत अपराधलाई जस्तै एउटै दृष्टिले हेर्न सकिन्न । संगठित अपराध योजना र तयारीका साथ विभिन्न भूमिका निर्वाह गर्ने फरक फरक व्यक्तिहरूबाट सम्पन्न हुन्छ। धेरै व्यक्तिहरूको बेग्ला बेग्लै भूमिका हुन्छ। पृथक पृथक व्यक्तिहरूको फरक फरक कार्यको परिणामबाट एउटा संगठित अपराध सम्पन्न हुन्छ। प्रतिवादी अनुप गुरूङले लागु औषध लक्ष्मण पुनसँग खरिद गरी ल्याई यी प्रतिवादीले भाउजू सममाया गुरूङसम्म पुर्‍याउने काम र त्यो लागु औषध विक्री वितरण गर्न मानिस खोज्ने आदि काम भाउजू सममाया गुरूङबाट हुने गरेको तथ्य देखिन्छ । उक्त तथ्यलाई प्रतिवादीको मौकामा भएको बयानसमेतबाट पुष्टि भएको देखिएको छ। भाउजू सममाया गुरूङबाट

लागु औषध बरामद भएको तथ्य स्वीकार गर्ने तर आफूले खरिद गरी ल्याई राख्न दिएको भनी भाउजू सममायाले भनेको तथ्यलाई अस्वीकार गर्ने प्रतिवादी अनुप गुरूङको अदालतमा भएको बयान व्यहोरालाई विश्वासनीय मान्न नमिल्ने।

प्रतिवादी अनुप गुरूङले पठाएको लागु औषध नै बिक्री गर्न हिँडेको अवस्थामा मिति २०६६।११।२९ मा सममायाँ गुरूङ लागु औषधसहित पक्राउ परेको देखिन आयो । यसबाट उक्त मुद्दाको तथ्य र प्रस्तुत मुद्दाको तथ्य नै फरक परेको नदेखिँदा उक्त मुद्दामा प्रतिपादित सिद्धान्त यस मुद्दामा आकर्षित हुनसक्ने देखिएन। त्यसै गरी मिति २०६६।१२।१ को बरामदी मुचुल्कामा मुलुकी ऐन, अ.बं. १७२ नं. को रित पुगेको छैन भनी विद्वान् कानून व्यवसायीले जिकिर लिएको देखिन्छ। तर, उक्त बरामदी मुचुल्का के कुन कानूनी आधार र कारणबाट बेरीतको भएको हो सोसम्बन्धी तथ्यगत र वस्तुनिष्ठ आधार प्रमाण पेस गर्न सकेको नदेखिँदा मिति २०६६।१२।१ को बरामदी मुचुल्कालाई अ.वं. १७२ नं. को रित नपुगेको वा बेरीतको हो भनी मान्न मिल्ने देखिएन । साथै प्रमाणमा आएको संवत् २०६६ सालको स.फौ.दा.नं. ३३५।४ को लागु औषध ब्राउन सुगर मुद्दामा प्रतिवादी अनुप गुरूङलाई सेवनतर्फ ६ महिना कैद सजायसमेत गरेको देखिँदा प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ अनुसार थप सजायसमेत गरेको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने हुँदा प्रतिवादी अनुप गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) छ(२) बमोजिम १० (दश) वर्ष कैद र रू. १,००,०००।– (एक लाख) जरिवाना गरी ऐ. ऐनको दफा १६ अनुसार थप ६ महिना कैद र रू.१०,०००।– (दश हजार) जरिवाना हुने ठहऱ्याएको सुरू कास्की जिल्ला अदालतको मिति २०६८।९।५ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।६।१० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । आरोपित कसुरबाट सफाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल माघ २८ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०७१२, लागु औषध खैरो हेरोइन, *रामराज मोक्तान वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा खान तलासी तथा बरामदी मुचुल्का तयार गर्दा पूर्ण श्रेष्ठ, सञ्जय श्रेष्ठ र रोशन बज्राचार्यलाई साक्षी राखेको देखिन्छ भने अनुसन्धान अधिकारीहरूमा प्रहरी निरीक्षक ज्योतिराज शर्मा, प्रहरी नायव निरीक्षक केशवराज वराकोटी र प्रहरी सहायक निरीक्षक सञ्जय अधिकारीसमेत रोहबरमा बसेको देखियो । यसरी प्रहरी निरीक्षक, प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षकसमेत तीनजनालाई बरामदी मुचुल्काको रोहबरमा राखी मुचुल्का तयार भएको नदेखिँदा मिति २०६७।८।२६ को खानतलासी तथा बरामदी मुचुल्का लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ८(२) को प्रतिबन्धात्मक वाक्यांशको कानूनी व्यवस्थाअनुरूप नै तयार भएको देखियो । गा.वि.स., नगरपालिका वा सरकारी कार्यालयका प्रतिनिधि साक्षी नराखेको तथा मुचुल्कामा रहेका व्यक्तिहरूलाई अदालतमा बकपत्र नगराएको कारणले मात्र खानतलासी बरामदी मुचुल्का बदर हुने व्यवस्था कानूनमा रहे भएको देखिँदैन। खानतलासी तथा बरामदी मुचुल्का बेरीतको भएकोले त्यसलाई प्रमाणमा ग्रहण गर्न मिल्दैन भन्ने पुनरावेदन जिकिर तथा पुनरावेदक प्रतिवादीका कानून व्यवसायीको बहस बुदामा सहमत हुन नसकिने हुँदा प्रतिवादी रामराज मोक्तानलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) अनुसार १४(चौध) वर्ष कैद र एक लाख पचास हजार रूपैयाँ जरिवाना हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।१।१९ को फैसला

सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।४।३० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ २८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-००६३, ००६४, लागु औषध (अफिम), *मिश्रादेवी भण्डारी वि. नेपाल सरकार, नेपाल सरकार वि. मोतीलाल साह*

पुनरावेदिका अबैध लागु औषध ओसार पसारको कसुरमा पक्राउ परी निजसमेतका विरूद्धमा लागु औषध (नियन्त्रण) ऐनबमोजिम अभियोगपत्र दायर भएको सन्दर्भमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को प्रक्रिया पुरा गरी खानतलासी तथा बरामदी मुचुल्का खडा गर्नुपर्ने हुन्छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ विशेष ऐन भएको र यही विशेष ऐनका आधारमा पुनरावेदिका उपर अभियोग लागी अभियोजन पक्षबाट पनि यही ऐनकै प्रावधानबमोजिम बरामदी तथा खानतलासी मुचुल्का खडा भएको अवस्थालाई अन्यथा भएको भन्न सकिएन । तसर्थ बरामदी मुचुल्कालाई प्रमाणमा लिन मिल्दैन भन्ने पुनरावेदिकाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

लागु औषध बरामद भएको अवस्थामा अपराध नमानिनको लागि आफूसँग लागु औषध रहनु पर्ने उचित कानूनी आधार देखाउन सक्नुपर्ने हुन्छ । पुनरावेदिकाको साबिती बयानलाई लागु औषध बरामद भएको तथ्य प्रमाणित भएकोले प्रमाणमा लिन नमिल्ने अवस्था पनि देखिएन । लागु औषध बरामद भएको अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा बरामदी तथ्य आफैँमा कसुरजन्य हुन पुग्छ । पुनरावेदिका मिश्रादेवीले अदालतमा गरेको इन्कारी बयानलाई प्रतिवेदक सुरेन्द्र यादवको प्रतिवेदन र निजको बकपत्रबाट समेत खण्डित भएको अवस्था छ । पुनरावेदिका प्रतिवादी मिश्रादेवी भण्डारीबाट लागु औषध बरामद भएको हुँदा अन्यथा प्रमाणित नभएसम्म निजले अवैध लागु औषध (अफिम) आफ्नो साथमा राखी ओसारपसार कार्यमा संलग्न रहे भएकी हुन् भनी उक्त ऐनको दफा १२ बाट तथ्यगत रूपमा पुष्टि भई सुरू पर्सा जिल्ला अदालतबाट निजलाई कसुरदार ठहर गरी सजाय गरेको हदसम्म मिलेकै देखिँदा सो हदसम्ममा उक्त फैसला सदर हुने नै देखिन आउने ।

सहअभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणबाट पनि पुष्टि हुनुपर्ने हुन्छ । सहअभियुक्तको पोललाई अन्य प्रमाणसँग परीक्षण नगरी एकपक्षीयरूपमा ग्रहण गरिँदा न्यायको मर्म मर्न सक्ने ।

सहअभियुक्तको पोल वा भनाइलाई सर्तकताका साथ लिनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रत्यर्थी प्रतिवादी मोतीलाल साहबाट कुनै लागु औषध बरामद भएको देखिँदैन । प्रतिवेदकको प्रतिवेदन व्यहोरा र निजले अदालतसमक्ष गरेको बकपत्रमा यी प्रत्यर्थीको नामसम्म पनि उल्लेख भएको पाइँदैन । प्रतिवादी पनि कसुरमा पूर्ण इन्कार रही बयान गरेका छन् । यस्तो अवस्थामा प्रत्यर्थी प्रतिवादी मोतीलाल साह आरोपित कसुरमा संलग्न रहे भएको देखिन आएन । यसर्थ, प्रत्यर्थी प्रतिवादी मोतिलाल साहलाई आरोपित कसुरबाट सफाई दिएको हदसम्मको दुवै अदालतको फैसला अन्यथा नदेखिँदा प्रत्यर्थी झिकाईपाऊँ भन्ने विद्वान् उपन्यायाधिवक्ताको बहससँग सहमत हुन नसकिने हुँदा पुनरावेदक प्रतिवादी मिश्रादेवी भण्डारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ) को (३) बमोजिम १५(पन्ध्र) वर्ष ६ (छ) महिना कैद र रू. ५,००,०००।- (पाँच लाख) जरिवाना हुने ठहर्‍याएको मिति २०६६।१०।२६ को र अर्का प्रत्यर्थी प्रतिवादी मोतीलाल साहलाई आरोपित कसुरबाट

सफाइ दिएको मिति २०६६।१२।१८ को पर्सा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।०१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लोकनाथ पराजुली
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-०४४९, भ्रष्टाचार, *नेपाल सरकार वि. रीनाकुमारी रायसमेत*

बेरूजु रकम दाखिला गरे पनि भ्रष्टाचारजन्य फौजदारी दायित्वबाट प्रतिवादीले सफाई पाउनु हुँदैन भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्नुपर्ने देखियो । भ्रष्टाचारजन्य कसुर कायम हुन सरकारलाई गैरकानूनी हानि नोक्सानी र प्रतिवादीलाई गैरकानूनी लाभ हुनुपर्ने हुन्छ । प्रस्तुत विवादमा सरकारकै एउटा अङ्ग जिल्ला शिक्षा कार्यालयले बेरूजु रकम दाखिला गर्न कारवाही उठाई रकम दाखिला भइसकेपछि गैरकानूनी लाभ वा हानि हुनसक्ने कुनै अवस्थै रहेन । यसप्रकार प्रतिवादीहरूले विद्यालयको विभिन्न शीर्षकमा खर्च गरेको रकम बेरूजू देखाई सो रकम दाखिला गर्नु भनी आधिकारिक निकायबाट रकम बुझाउन म्याद तोकी पत्राचार भएकोमा अख्तियारवालाबाट सरकारी राजस्व खातामा बैंक दाखिला गरिसकेको मिसिल प्रमाणबाट देखिएको अवस्थामा यी प्रतिवादीहरूले उक्त रकम लिए खाएको वा मस्यौट गरेको वा भ्रष्टाचारजन्य कसुर गरेको हो भनी मान्न नमिल्ने हुँदा प्रतिवादीहरू रीनाकुमारी राय, महेशप्रसाद यादव, दिनेशकुमार यादव, लक्ष्मणप्रसाद यादव र ज्ञानेन्द्र यादवलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७२।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०५५१, कर्तव्य ज्यान, *निरज खाती वि. नेपाल सरकार*

वादी पक्षले आफ्नो साक्षीको बकपत्र गराई दाबी समर्थित गर्न नसकेको भनी पुनरावेदक प्रतिवादीले जिकिर लिए पनि प्रतिवादीको मौकाको साबिती बयान मिसिल संलग्न स्वतन्त्र वस्तुनिष्ठ प्रमाण तथा परिस्थितिजन्य प्रमाणसमेतबाट प्रतिवादीले कसुर गरेको तथ्य पुष्टि भइरहेको अवस्थामा मौकामा कागज गर्ने व्यक्तिहरू अदालतमा उपस्थित नभएको कारण वा उपस्थिति भए पनि प्रतिकूल बकपत्र गरेकै आधारमा अभियुक्तले सफाइ पाउन सक्दैन । जाहेरवालाले अदालतमा बकपत्र गर्दा मृतक हजुरआमालाई अज्ञात समूहले मारेका हुन् भनी व्यहोरा लेखाए तापनि मौकामा त्यस्तो अज्ञात समूहको आक्रमणले मरेको भन्ने व्यहोरा लेखाउन सकेको पाइँदैन । गाउघरमा भएको हत्यामा अज्ञात समूह आई मारेको भए कोही कसैलाई पनि थाहा नै नहुने गरी कसरी त्यस्तो समूह आउन सफल भयो, त्यसबारेमा प्रतिवादीको कथन तथा निजका साक्षीको कथन मौन छ । निज जाहेरवाला प्रतिवादी निरज खातीको दाइ पर्ने देखिएको र समयको अन्तरालमा भाइलाई कसुर सजायबाट बचावट गर्नको लागी त्यस्ता साक्षीहरू प्रभाव दबाबमा पर्न सक्ने । साथै वस्तुनिष्ठ आधार विनाका कुनै किसिमको बकपत्र कसुरदारले सफाइ पाउने कडी वन्न सक्ने पनि नहुने ।

सम्पत्तिको लोभमा हजुरआमालाई मारेको

भन्ने प्रतिवादी निरज खातीको मौकाको साबिती बयान मिसिल संलग्न वस्तुनिष्ट प्रमाण एवम् तथ्यको मालाकार कडीसमेतबाट पुष्टि भएकोले सुरू धनुषा जिल्ला अदालतबाट अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर्‍याई निज प्रतिवादी निरज खातीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई मिति २०६७।३।२९ मा धनुषा जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।१२।२९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल कात्तिक १६ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०६८५, ०६९-CR-०६०७, लागु औषध खैरो हेरोइन, *विजय साह रौनियार वि. नेपाल सरकार, नेपाल सरकार वि. राजेश शाह कानुसमेत*

लागु औषध खैरो हेरोइन २८० ग्राम बरामद भएको प्रमाणित भएको अवस्थामा ठुलो सजायबाट बच्ने उद्देश्यले अपुष्टरूपमा लागु औषध सेवन गर्ने गरेको भन्ने जिकिरको आधारमा मात्रै कम सजाय हुने पनि देखिएन । उल्लिखित विवेचित तथ्य एवम् आधार प्रमाणबाट प्रतिवादी विजय साह रौनियरले विरगञ्जदेखि २८० ग्राम तौलको खैरो हेरोइन बेचबिखन गर्ने उद्देश्यले काठमाडौंसम्म लिई आई ओसार पसार गरेको देखिँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को निषेधित कार्य गरेको पुष्टि भएको देखिँदा सोही ऐनको दफा १४(१) छ (३) बमोजिम निज प्रतिवादी विजय साह रौनियार १५(पन्ध्र) वर्ष कैद वर्ष कैद र रू.५०००००।- (पाँच लाख) जरिवाना हुने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सफाइ पाउनु पर्ने भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी राजेश साह कानुको भूमिका मुख्य अभियुक्तसँग लागु औषध रहेको जानकारी हुँदाहुँदै काम सिक्ने उद्देश्यसमेतले साथ लागी आएको मतियार देखिँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिमको कसुरदार देखिँदा निजलाई ७ वर्ष ६ महिना कैद र दुई लाख पचास हजार रूपैयाँ जरिवाना हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा अभियोग दाबीबमोजिम नै पुरै सजाय हुनु पर्छ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी विजय साह रौनियारले लागु औषध खैरो हेरोइनको कारोबार पटकपटक गर्दै आएको देखिँदा दफा १६ बमोजिम थप सजाय हुन भन्नेसम्म अभियोगपत्रमा उल्लेख भएको देखिन्छ । यसरी पटकपटक कारोबार गरेको सजाय पाइसकेको भनी स्पष्टरूपमा खुलाएको पाइएन । प्रमाणको लागि आएको प्र.ना.नि. होमबहादुर कार्कीसमेतको जाहेरीले नेपाल सरकार वादी र विजय साहसमेत प्रतिवादी भएको २०६६ सालको स.वा.फौ.नं. ११५९ को लागु औषध खैरो हेरोइन मुद्दामा यी प्रतिवादीले सफाइ पाउने ठहर भएउपर वादी नेपाल सरकारले समेत पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट मिति २०६९।१।१२ मा सुरू फैसला सदर भएको देखिन्छ। उल्लिखित मुद्दा र प्रस्तुत मुद्दाको अभियोग एकैदिन दायर भएको समेत देखिएबाट दफा १६ बमोजिम थप सजाय हुनुपर्छ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर मिलेको नदेखिने हुँदा प्रतिवादी विजय साह रौनियार लागु औषध लिई बेच्ने उद्देश्यले वीरगन्जदेखि काठमाडौंसम्म लिई ओसारपसार गरेकोले निजलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम १५ वर्ष कैद र पाँच लाख रूपैयाँ जरिवाना तथा प्रतिवादी राजेश साह कानु लागु औषध लिई आएको मुख्य

अभियुक्तसँग काम सिक्नेसमेत उद्देश्यबाट साथ लागी आएकोले मतियार देखिँदा निजलाई सोही ऐनको दफा १७ बमोजिम ७ वर्ष ६ महिना कैद र दुईलाख पचास हजार रूपैयाँ जरिवाना हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।१।२१ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०५९।५।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CI-०२७०, निर्णय दर्ता बदर, *प्रतुतलाल श्रेष्ठ वि. मु.स. गर्ने खुशबु सरकार श्रेष्ठ*

मोहीले वादीलाई नै बाली बुझाई आएको भनी स्पष्टरूपमा लेखाई दिएको देखिइरहेको हुँदा बाली बुझाएको कुरालाई प्रमाणमा लिनुपर्ने नै देखिन्छ भने वादीले दाबीको जग्गा नैकाप मौजाको हो भनी दाबी लिएको र उक्त जग्गा नैकाप मौजाको हा.न.६८ को लगत शंकरमानका नाउँमा कायम रहेको देखिन आएको तथा दर्ता स्रेस्ताबाट उक्त जग्गाहरू सतुङ्गल गाउँ विकास समितिअन्तर्गतको नै देखिन आएको देखिन्छ। मोहीले प्रतिवादीलाई बाली बुझाएको भन्ने कहीँ कतैबाट देखिन आएको छैन। यस अवस्थामा दाबीका जग्गाहरू प्रतिवादीको साबिक दर्ताभित्रका हुन् भन्न सकिने अवस्था हुँदैन। ने.का.प. २०३० निर्णय नं. ७१९, मा जग्गाको मुख्य प्रमाण नै मोठ, स्रेस्तामा लेखिएको दर्तावाला जग्गा धनी मानिने भनी सिद्धान्तसमेत प्रतिपादन भएको परिप्रेक्ष्यमा साबिक दर्ता स्रेस्ता हेर्दा पनि नैकाप मौजाको सतुङ्गलको जग्गा भै हा.नं.समेत भिडेको र वादीतर्फबाट पेस हुन आएको रसिदबाट समेत सो जग्गा वादीको नाउँमा भिडेको देखिन्छ। कि.नं. ९१ को हकमा जिल्ला अदालतबाट निर्णय भएको नदेखिएकोले यस अदालतबाट मिति २०६६।५।२६ मा मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गरेको आदेशसँग सहमत हुन नसकिने हुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।५।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : रामप्रसाद पौडेल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल असार १५ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०६६६, उत्प्रेषण / परमादेश, *सन्जयकुमार के.सी.समेत वि. लक्ष्मणकुमार बि.सी.समेत*

उत्प्रेषणको आदेश सामान्य अवस्थामा जारी हुने आदेश होइन। उत्प्रेषणको आदेश जारी हुन अन्य विकल्पहरूले काम नगरेको तथा गर्न नसकेको अवस्थामा जारी हुने हो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गत उत्प्रेषण जारी हुनलाई निश्चित आधारहरू चाहिन्छ। उत्प्रेषणलगायतका आदेशहरूको व्यवस्था न्याय प्रदान गर्ने क्रममा न्याय पाउन नसकेको तथा न्याय प्रदान गर्ने सामान्य अवस्थाका उपचारहरूको अभावमा व्यक्तिको हकमा असर नपरोस्, न्याय प्राप्त गर्ने बाटोको अभावमा कुनै पनि व्यक्ति वञ्चित हुन नपरोस भनेर सर्वोच्च अदालतलाई असाधारण अधिकार दिइएको हो। जुन अधिकारको प्रयोग जुनसुकै बेला तथा सामान्य अवस्थामा गर्दा संविधानको मर्मप्रतिकूल हुन गई समन्यायको मार्ग दिशाहिनता तिर लाग्ने हुन्छ। असाधारण अधिकार सामान्य अवस्थामा आकर्षित हुन सक्दैन। न्याय पूर्ण कामकारवाही तथा निर्णय भएकोमा असाधारण अधिकारअन्तर्गतको रिट जारी हुन सक्दैनन्। उत्प्रेषणको आदेश जारी हुनको लागि विभिन्न अवस्थाको विद्यमानता हुनु पर्ने। उत्प्रेषण जारी हुने अवस्थाहरूमाः

- अधिकार क्षेत्रात्मक त्रुटी (अधिकार क्षेत्रको अभावमा निर्णय गर्नु, अधिकारक्षेत्र नाघेर निर्णय गर्नु, आफूलाई भएको अधिकारक्षेत्र अस्वीकार गर्नु तथा अधिकारक्षेत्रको

दुरूपयोग गरेको अन्य अवस्थाहरूमा)

- कानून प्रतिकूल निर्णय गरेकोमा
- प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेमा
- गलत भावना लिई निर्णय गरेमा
- बाध्यात्मकरूपमा अवलम्बन गर्नुपर्ने कार्यविधिको प्रयोग नगरेमा
- पश्चातदर्शी असर पर्ने गरी निर्णय गरेमा
- कानूनको प्रयोग एवम् व्याख्यामा Apparent error देखा परेमा
- कपटपूर्ण तरिकाले दूषित निर्णय गरेमा
- अविवेकी तथा स्वेच्छाचारी ढंगले निर्णय गरेमा
- लगायतका विभिन्न अवस्थाहरूमा उत्प्रेषण जारी नगरे व्यक्तिको हकमा प्रत्यक्ष असर पर्ने स्थिति भएमा उत्प्रेषणको आदेश जारी गरिने

वैकल्पिक उपचारको विद्यमानता रहेको अवस्थामा उत्प्रेषणको आदेश जारी गर्न मिल्दैन । फैसला कार्यान्वयनको अवस्थामा जिल्ला अदालतले गरेको आदेशलाई बदर गरी कानून अनुरुप गरेको पुनरावेदन अदालतको आदेशलाई असाधारण क्षेत्राधिकारअन्तर्गत बदर गर्नुपर्ने प्रस्तुत मुद्दामा कुनै आधार देखिँदैन। विना आधार उत्प्रेषणको आदेश जारी गर्दा न्याय निस्पादन गर्ने निकायहरूमा अनिश्चितता हुनुका साथै फैसलाको अन्त हुने अवस्थासमेत देखिँदैन। जसबाट निवेदक स्वयम्‌समेतलाई असर पर्न जाने।

पुनरावेदन अदालतको आदेशले निवेदकहरूको बिगो तथा हर्जना प्राप्त गर्ने हकबाट बन्चित नगरी प्रतिवादी लक्ष्मणले पाउने ४ भागको १ भाग सम्पत्तिबाट कानूनबमोजिम भरिभराउ गर्न पाउने गरी मार्ग खोलिदिएको छ । यसरी कानूनबमोजिम गरिएको आदेशबाट निवेदकहरूको कुनै पनि संविधान प्रदत्त हकमा आघात परेको देखिँदैन । जुन आदेशले वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भई अन्तिम भई बसेको फैसला कानूनबमोजिम कार्यान्वयन गर्ने बाटो खुल्ला नै रहेको छ । कानूनविपरीतको कार्यबाट कुनै पक्षलाई फाइदा पुगे पनि त्यो कार्य न्यायिक दृष्टिबाट मान्य हुन सक्दैन । पिताको नाममा सगोलमा रहेको सम्पत्तिमा अरू अंशियारको हक लाग्ने जग्गालाई निवेदकहरूले निरपेक्ष रूपमा सकार गर्न नमिली ४ भागको १ भागको सम्पत्तिबाट भरिभराउ गर्न सक्ने नै हुँदा निवेदकहरूको मागबमोजिमका आदेश जारी गर्नु नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CI-०९४६, उत्प्रेषण, *हिरालाल रजक वि. जिल्ला शिक्षा कार्यालय, सप्तरीसमेत*

म निवेदकले निषेधाज्ञाको मुद्दा दायर गरी उक्त मुद्दामा मिति २०६६।९।१२ मा अन्तरिम आदेश भएकोमा सोलाई बेवास्ता गरी कन्छु नरप्रताप उच्च माध्यमिक विद्यालयका माध्यमिक विद्यालय तृतीय श्रेणीको स्थायी शिक्षक श्याम प्रसाद यादवलाई जिल्ला शिक्षा कार्यालय सप्तरीले मिति २०६९।९।८ को निर्णयले काज सरूवा गरी जनता माध्यमिक विद्यालय बसविट्टीमा नि.प्र.अ. तोकेको हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गरी निषेधाज्ञाको निवेदन दर्ता गरेको देखिन्छ । विपक्षी श्यामप्रसाद यादवको लिखित जवाफ हेर्दा विपक्षी जिल्ला शिक्षा कार्यालयले आफूले शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५६ को अधिनमा रही उक्त निर्णय गरेको र आफू काज सरूवा भएको विद्यालयमा हाजिर भई नि.प्रधानाध्यापक भई कामकाज सम्हाल्दै आएको छु भनी लिखित जवाफ पेस गरेकोमा सुरू पुनरावेदन अदालत, राजविराजबाट आदेश हुँदा निवेदक माध्यमिक विद्यालय तहको शिक्षक नभई निम्न

माध्यमिक विद्यालय तहका शिक्षकको रूपमा कार्यरत रही निजले माध्यमिक तहको निमित्तको कार्यभार सम्हालेको देखिएको र जिल्ला शिक्षा कार्यालयबाट माध्यमिक तहको शिक्षकलाई काजमा खटाई कामकाज गर्न तोकिएको देखिँदा निवेदक मागबमोजिम यस अवस्थामा उत्प्रेषणको आदेश जारी गरिरहनु पर्ने देखिएन भनी भएको फैसलाउपर उक्त फैसला उल्टी गरिपाउँ भनी निवेदकले यस अदालतमा पुनरावेदन गरी निर्णयार्थ पेस हुन आएको देखिने।

शिक्षा ऐन नियमावलीमा भएको कानूनी व्यवस्थाबमोजिम नै जिल्ला शिक्षा कार्यालय सप्तरीले कन्छु नरप्रताप उच्च माध्यमिक विद्यालयमा माध्यमिक विद्यालय तृतीय शिक्षक श्यामप्रसाद यादवलाई काज सरूवा हुने विद्यालय र काज सरूवा भई जाने विद्यालयको सहमति लिई मिति २०६९।९।८ च.नं. १३२२ को पत्रद्वारा काज सरूवा गरी जनता माध्यमिक विद्यालय वसविट्टीमा निमित्त प्रधान अध्यापक भई कामकाज गर्न तोकेको र विपक्षी शिक्षक श्यामप्रसाद यादव कन्छु नर प्रताप उच्च माध्यमिक विद्यालयबाट मिति २०६९।९।९ मा रमाना भई मिति २०६९।९।११ मा जनता माध्यमिक विद्यालय वसविट्टीमा हाजिर भई निमित्त प्रधानाध्यापक भई कामकाज गरेको श्यामप्रसाद यादव र जिल्ला शिक्षा कार्यालय सप्तरीले लगाएको लिखित जवाफसाथ पेस भएको कागजातको प्रतिलिपिबाट समेत देखिन आएको छ । साथै प्रस्तुत विषयसँग सम्बन्धित ०७१-CI-०९४७ को निषेधाज्ञाको पुनरावेदन पत्रसमेतमा सुरू पुनरावेदन अदालत, राजविराजकै आदेश सदर हुने ठहरी फैसला भएको हुँदा उक्त मुद्दामा गरिएको विवेचनाको आधार प्रमाणसमेतबाट यी पुनरावेदकको पुनरावेदन जिकिर कानूनसम्मत मान्न नमिल्ने।

विश्लेषण गरिएका आधार कारण र प्रमाण समेतबाट पुनरावेदक कार्यरत विद्यालय माध्यमिक विद्यालय तहको भएको र यी पुनरावेदक माध्यमिक विद्यालय तहको शिक्षक नभई निम्न माध्यमिक विद्यालय तहको शिक्षकको रूपमा कार्यरत रही निजले माध्यमिक तहको निमित्तको कार्यभार सम्हालेको र जिल्ला शिक्षा कार्यालयबाट माध्यमिक तहको शिक्षकलाई काजमा खटाई कामकाज गर्न तोकिएको कार्य कानूनसङ्गतकै देखिँदा उत्प्रेषणको रिट निवेदन खारेज हुने ठहर्‍याएको मिति २०७०।३।१६ को पुनरावेदन अदालत, राजविराजको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल जेठ १२ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-०७८३, कर्तव्य ज्यान, *रामबहादुर कापर वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी रामबहादुर कापडका नाउँमा जारी भई मिति २०६७।४।५ मा तामेल भएको म्याद बेरीतको भनी पुनरावेदन अदालत, जनकपुरका रजिस्ट्रारले मिति २०७१।६।२७ मा बदर गरेको देखिन्छ । तत्पश्चात् उक्त पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।४।२६ फैसलाउपर यी पुनरावेदक प्रतिवादी रामबहादुर कापडले यस अदालतमा प्रस्तुत पुनरावेदन दर्ता गरेको देखियो । यी प्रतिवादी रामबहादुर कापडको हकमा साधकको रोहबाट दर्ता भएको ०६७-RC-००९० को मुद्दामा यसै अदालतबाट मिति २०६८।३।३१ मा भएको फैसलाबमोजिम साधक सदर भैसकेको देखिएको र तत्पश्चात् यी प्रतिवादी रामबहादुरले पुनरावेदनको रोहबाट प्रस्तुत पुनरावेदन गरेको देखियो । उपरोक्तानुसार कानूनले तोकेको म्यादभित्र पुनरावेदन गर्ने यी प्रतिवादीको हकमा प्रस्तुत मुद्दाबाट त्यसको औचित्यभित्र प्रवेश गरी हेर्नका लागि उक्त अघि भएको (मुद्दा नं. ०६७-RC-००९०, फैसला मिति २०६८।३।३१) फैसलाले बाधा पर्न देखिएकोले र अ.ब. १९३ नं बमोजिम पुनरावेदनको म्याद बाँकी

हुँदै यी प्रतिवादी रामबहादुर कापडका हकमा फैसला भएकोले सो अ.ब. १९३ नं. समेतको जटिल कानूनी प्रश्न उपस्थित भएकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१) देहाय (घ) बमोजिम पूर्ण इजलासबाट हेर्नु पर्ने देखिएको हुँदा प्रस्तुत मुद्दाको संयुक्त इजलासको दायरी लगत कट्टा गरिदिने ठहर्छ। प्रस्तुत मुद्दाको सुनुवाई पूर्ण इजलासबाट हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: गुणाखर शर्मा

इति संवत् २०७२ साल फागुन १३ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०१७४, जबरजस्ती करणी, *राजु पराजुली वि. नेपाल सरकार*

जाहेरवाला स्वयम् प्रत्यक्षदर्शी नरहेको र पीडितले बकपत्रमा प्रतिवादीले जबरजस्ती करणी गरेको लेखाए तापनि निजको यौनाङ्गमा कुनै घा खत, निलडाम नभएको, यौनाङ्गमा गरिएको परीक्षणबाट शुक्रकिट पाइएको नदेखिएकोसमेतको तथ्यबाट पीडितको बकपत्रबमोजिम निजसँग प्रतिवादीले जबरजस्ती करणी गरेको तथ्य शङ्कारहित रूपबाट समर्थित हुन सकेको नदेखिने।

जाहेरी दरखास्तको व्यहोरा हेर्दा छोरी आत्तिई रोई कराई गरेकोमा नजिकै रहेको महेश तिवारीले थाहा पाई उक्त स्थानमा जाँदा निज विपक्षी राजु पराजुलीले छोरीलाई नाङ्गै पारी गालामा टोकिरहेको देखी निजले हारगुहार गर्दा विपक्षी भागेको भन्ने कथन व्यहोराबाट पनि अभियोग दाबीबमोजिमको जबरजस्ती करणीको वारदात भएको भन्ने नदेखिई जबरजस्ती करणी गर्ने प्रयाससम्म गरेको भन्ने नै देखिन आउँछ। त्यस्तै निज महेश तिवारीको मौकाको कागज हेर्दा राजु पराजुलीले पीडितसित जबरजस्ती करणी गर्ने प्रयाससम्म गरेको कुरा सुनेको हुँ आफैँले देखेको होइन भनी अनुसन्धानको क्रममा आफ्नो व्यहोरा लेखाई दिएबाट पनि प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य समर्थित हुन सकेको नदेखिने।

१२ वर्षको नाबालिकालाई प्रतिवादीले ट्वाइलेटमा लगी पीडितलाई जबरजस्तीसँग शरीर तथा गालासमेतमा टोकी घाउखत पार्ने, पीडितको लुगा फुकाल्नेसमेतको कार्य गरी जबरजस्ती करणी गर्ने उद्योग गरेको देखिएको तर पीडित रोइकराई गरेपश्चात करणी नगरी पीडितलाई छोडी भागेको हुदा अभियोग दाबीबमोजिमको कसुर अर्थात् करणी नै गर्न भने नपाएको अवस्था देखिएबाट प्रतिवादी राजु पराजुलीको उपर्युक्त कसुरजन्य कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. विपरीतको देखिँदा सोही ५ नं. बमोजिम ४ (चार) वर्ष कैदको सजाय हुने ठहर्छ। अभियोग दाबीबमोजिमको जबरजस्ती करणीको कसुर ठहर्‍याई प्रतिवादी राजु पराजुलीबाट पीडितलाई रू. ५०,०००।- क्षतिपूर्ति भराउने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।९।३ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१०।१९ को फैसला सो हदसम्म केही उल्टी हुने ठहर्छ। अभियोग दाबीबमोजिमको जबरजस्ती करणीको कसुर नठहरेकोले प्रतिवादी राजु पराजुलीबाट पीडितलाई क्षतिपूर्ति भराइरहनु परेन। सोबाहेक सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल मङ्सिर २१ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१०७२, १११२, १०८७, कर्तव्य ज्यान, *लक्ष्मी प्रकाश सक्सेना वि. नेपाल सरकार, नेपाल सरकार वि. रामदेवी सक्सेनासमेत, गंगादेवी श्रेष्ठ कारणजीत वि. नेपाल सरकार*

लास जाँच गर्ने चिकित्सकहरूले अदालतमा आई बकपत्र गर्दा सुरू शव परीक्षण प्रतिवेदनको

लेखिएको Cause of Death मा Hanging बाट नै मृतकको मृत्यु भएको थप पुष्टि हुने गरी बकपत्र गरिदिएको अवस्थाबाट ज्यानजस्तो गम्भीर फौजदारी अभियोगमा जाहेरी व्यहोरालाई अकाट्य वैज्ञानिक प्रमाणबाट पुष्टि नभएसम्म दोषी करार गर्ने हो भने फौजदारी न्यायको मर्म र भावनाविपरीत हुन जान्छ। शव परीक्षण प्रतिवेदनबाट Hanging भन्ने देखिएको र शव परीक्षण गर्ने चिकित्सकहरू कर्तव्य गरी मारेको वा घाँटी थिचेको अवस्था थियो भने सो कुरा शव परीक्षण प्रतिवेदनबाट स्पष्ट प्रमाणित हुनुपर्दछ । घाँटीमा हातले थिचेको डामहरू देखिनुपर्ने हुन्छ। शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण Hanging नै भनिएको छ र अदालतमा आई गरेको बकपत्रमा Judicial Hanging मा Spinal cord भाँचिएको वा खुस्किएको पाइन्छ। अन्य Hanging हरूमा सो पाइँदैन। विश्वव्यापी तथ्य यो छ कि अन्यथा प्रमाणित नभएमा सबै झुन्डिएका लासहरू आत्महत्या हुन् भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । त्यसैगरी झुन्डिएको मरेको देखाउनलाई लासलाई झुन्डिएकोभन्दा फरक हुन्छ र झुन्ड्याउने प्रक्रियामा शरीरका अन्य भागमा बल प्रयोग भएका केही न केही चोटपटक, लछारपछार घर्षण आदि चिह्नहरू फेला पर्न सक्छन्। यदि कसैले कुनै पासोले व्यक्तिको घाँटी कसेमा घाँटीभित्रका अङ्गमा प्रशस्त चोटहरू देखिन्छन् र त्यसलाई Hanging नभनेर Ligature Strangulation (अरूले घाँटी कसेको) भनी उल्लेख गरिन्छ भनी स्पष्ट ढङ्गले बकपत्र गरेको देखिन्छ।

प्रतिवादीहरूले कर्तव्य गरी झुन्डिएर मरेको देखाउन उक्त कार्य गरेको अवस्था हुँदो हो त प्रतिवादीका शरीरमा शव परीक्षण गर्ने चिकित्सकहरूले भनेजस्तो चोटपटक र संघर्षका चिह्नहरू देखिनु पर्ने हुन्छ। आफूमाथि प्रहार भएको अवस्थामा र आफ्नो मृत्यु अवश्यम्भावी छ भन्ने अवस्थामा बाँच्नका लागि मानिसले सक्दो संघर्ष गर्दछ । त्यस्तो संघर्ष भएको देखिएको चोटपटकलगायतको कुनै कुरा शव परीक्षण प्रतिवेदनबाट देखिन आउँदैन। पुनरावेदन अदालतको फैसलाबाट मृतक निदाएको अवस्थामा कर्तव्य गरी मारेको हुन सक्दछ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । यस्तो हुनसक्छ भन्ने अनुमान गर्ने काम अदालतको होइन। अदालतले वस्तुनिष्ठ तवरले भएका प्रमाणहरू केलाई निष्कर्षमा पुग्नुपर्ने हुन्छ।

आफ्नो निराशापूर्ण जीवनलाई उल्लेख गर्दै Suicide Note मा लेखिएको अभिव्यक्तिसमेतको विश्लेषणबाट प्रतिवादीहरूसँगको व्यवहारबाट दिक्क लागेर मृत्युलाई आफैँले रोजेको भन्ने स्पष्ट देखिन्छ । त्यसैगरी जाहेरवाला प्रदिप नारायण शाह र अनुसन्धानको क्रममा कागज गर्ने कपिल शाहले घर परिवारले विवाह भएको २/३ महिनापछि छोरी बैनीलाई कुटपिट गर्ने र ज्वाइँले घरमा बस्ने अर्को श्रीमती लिएर बसेको कारणबाट बैनीसँग मिल्ती थिएन । प्रतिवादीहरूले नै कर्तव्य गरी मारेका हुन् भनी बकपत्र गरेको देखिन्छ तापनि यी कपिल शाह घटनाका प्रत्यक्षदर्शी रहेको देखिँदैन । त्यसै गरी प्रतिवादी लक्ष्मीप्रसाद सक्सेनाले अर्को विवाह गरेको भनी बकपत्र गरेको भए पनि अर्को विवाह गरेको मिसिल संलग्न कागजातहरूबाट पुष्टि हुन आएको छैन । यस प्रकारको घटनाक्रमहरूबाट यी प्रतिवादीहरूको कर्तव्यबाट मृतकको मृत्यु भएको भनी निष्कर्षमा पुग्नु उचित नदेखिने।

माथि विवेचना गरिएका आधार कारण र विश्लेषणहरूबाट प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष भएको इन्कारी बयान, मृतकलाई कुटपिट गरेको वा मारेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट स्थापित हुन नसकेको र परिस्थिति जन्य कुनै पनि प्रमाणबाट प्रतिवादीहरूलाई दोषी करार गर्ने आधार प्रमाण नदेखिएको अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउने नैं नदेखिँदा केही प्रतिवादीहरूको हकमा अभियोग दाबीबमोजिम सजाय गर्ने र केहीका हकमा ज्यानसम्बन्धीको महलको १७ (३) बमोजिम सजाय गर्ने गरेको मिति २०६७।६।१२ को पुनरावेदन अदालत, पाटनको फैसला न्याय र कानूनसम्मत

नदेखिँदा उल्टी भई प्रतिवादी लक्ष्मीप्रसाद सक्सेनासमेतका प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल असार २१ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-१०३९, परमादेश, *शम्भु कुसियैत यादव वि. नारायणी मिश्र*

मागअनुरूप विद्युत् आपुर्ति हुन नसक्दा खाना, कपडा, बास, गुणस्तरीय स्वास्थ्य सेवा, यातायात, सूचना, सञ्चार आदि मानिसको आधारभूत अधिकारको रूपमा स्वीकार गरिएका छन् भने यी तमाम विषयहरूसँग गुणस्तरीय विद्युत् सेवा अन्योन्याश्रित रूपबाट जोडिन गएकोले आजको समयमा विद्युत् सेवा प्राप्त गर्ने अधिकारको पनि उपभोक्ताको आधारभूत अधिकारको रूपमा मान्यता प्राप्त गरिरहेको स्पष्ट देखिन्छ । यसैगरी उद्योगधन्दा, बन्दव्यापार, कृषि उत्पादन, सरकारी तथा गैरसरकारी कार्यालय सबैमा सूचना प्रविधिको प्रयोगमा आएको अभिबृद्धिले संवेदनशील विद्युतीय साधनहरूको प्रयोग पनि बढ्दै गएको फलस्वरूप गुणस्तरीय विद्युत् सेवाको निरन्तरता उपभोक्ताको अधिकारको विषय बन्न गएकोमा अन्यथा भन्नुपर्ने नदेखिने।

विद्युत् प्राधिकरण, राजविराजसँग सप्तरी जिल्लाको उपभोक्तालाई चौबिसै घण्टा विद्युत् वितरण गर्नको लागि १६ मेगावाट विद्युत् वितरण क्षमता रहनुपर्नेमा सो क्षमता राजविराज कार्यालयसँग तत्काल नभएको भनी प्रष्ट गरिसकेको देखिन्छ । सार्वजनिक सरोकारको विषय नैं भएपनि आदेश गर्दा विशुद्ध प्राविधिक विषय र प्राकृतिक स्रोत साधनको अवस्थामा भर पर्नुपर्ने विषयमा अदालतले आदेश गर्दा अत्यन्त संवेदनशीलता र संयमितता अपनाउनुपर्ने हुन्छ । अदालतले आदेश दिँदै जाने र उक्त आदेश पालना हुन नसक्ने भयो भने त्यसको अर्थ रहँदैन । अदालतको फैसलाको उपहास भएको जस्तो देखिने अवस्था उत्पन्न हुन जान्छ । त्यस्तो अवस्था उत्पन्न हुनु अदालतको लागि शोभनीय हुँदैन । प्रस्तुत विवादको विषय प्राकृतिक स्रोत साधनमा भर पर्नुपर्ने विषय भएको र मुलुकभरि नै विद्युत् सङ्कट उत्पन्न हुँदै गएको कुरा लिखित जवाफ र पुनरावेदनपत्रको व्यहोराबाट स्पष्टैरूपमा देखिएको छ । विद्युत् उत्पादन तथा वितरण भनेको विशुद्ध प्राविधिक विषय भएको हुँदा सम्मानित अदालतले परमादेशको आदेश जारी गर्दैमा विद्युत् प्रसारण स्वतः सहज र सरलीकरण भै लोडसेडिङको समस्या समाधान भई हाल्ने पनि होइन । विद्युत्को माग कति छ र विद्युत् उत्पादन क्षमता कति छ कति विद्युत् वितरण गर्न सकिन्छ विशुद्ध प्राविधिक विषय वस्तु भएको नदेखिँदा त्यस्तो विषयमा परमादेशको आदेश जारी गरेको पुनरावेदन अदालत, राजविराजको फैसलासँग सहमत हुन नसकिने।

माथि विश्लेषण गरिएका आधार कारणहरूबाट सम्पूर्ण मुलुक नै लोडसेडिङको मारमा परेको अवस्थामा राजविराजमा मात्र १६ घण्टाभन्दा बढी लोडसेडिङ नगर्नु नगराउनु भनी पुनरावेदन अदालत, राजविराजबाट जारी भएको परमादेशको आदेश मिलेको नदेखिँदा उक्त आदेश उल्टी हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ असोज १२ गते रोज् ३ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-१३४७, निषेधाज्ञा, *बचाईराम चमारसमेत वि. सुकनीदेवी चमैन*

पुनरावेदन अदालतको आदेशानुसार भई आएको नक्सा मुचुल्का हेर्दा कि.नं. १०३३ को घर जग्गा न.नं. ८ मा रहेको देखिन्छ भने न.नं. ६ को ऐलानी सार्वजनिक डगर बाटोको जग्गामा यी पुनरावेदकहरूको घर बसोबास रहेको भन्ने देखिन आएको छ । प्रत्यर्थी निवेदिकाको घरको पश्चिम तर्फबाट र पुनरावेदकहरूको घर बसोबासको पूर्वतर्फबाट दक्षिणतर्फ गएको न.नं. ७

को दाबीको बाटो अवस्थित रही सोको चौडाई १-२ मिटरसम्म रहेको देखिन्छ । यी पुनरावेदकहरूले समेत सामूहिक ऐलानी बाटो हिँडी आएको भन्ने तथ्यलाई स्वीकार गरेकै देखिन आएको छ । यसरी दुवै पक्षले बाटो ऐलानी जग्गामा रहेको भन्ने कुरालाई स्वीकार गरेको देखिइरहेको अवस्थामा त्यस्तो जग्गामा कुनै पनि व्यक्तिको स्वामित्व रहन सक्ने अवस्था देखिएन । यस्तो जग्गामा भोगसम्ममा दुवै पक्षको सरोकार रहन जाने देखिने ।

कानूनबमोजिम बाहेक उक्त न.नं. ७ को बाटोमा प्रयोग भै आएको ऐलानी जग्गामा विपक्षी / निवेदिकालाई प्रयोग गर्न दिन कुनै किसिमको बाधा अवरोध नगर्नु गर्न नलाउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।११।४ को आदेश मिलेकै नदेखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-०६१८, निषेधाज्ञा / परमादेश, *विष्णुकान्त यादवसमेत वि. चन्द्रशेखर साफीसमेत*

विपक्षी गा.वि.स. सचिव चन्द्रशेखर साफीले आ.व. २०६७/०६८ को आयव्यय सार्वजनिक नगरेको विनियोजित शीर्षकको रकम खर्च नगरेको गर्न लागेको काम अधुरै छाडेको गाउँ परिषद् गा.वि.स.को कार्यालयमा नबसाई आफ्नो घरमा बसाएको र सोसम्बन्धमा जिल्ला विकास समितिको कार्यालय एवम् जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे पनि कुनै कारवाही नभएकोले उक्त गाउँ परिषद्को निर्णय उत्प्रेषणको आदेशले बदर गरी तत्काल निज गा.वि.स. सचिवको तलब रोक्का गर्न परमादेशसमेत जारी गरिपाउँ भन्ने निवेदन जिकिर रहेको देखिन्छ भने आ. वं ०६७/०६८ मा म लिखित जवाफ प्रस्तुतकर्ता उक्त गा.वि.स.को कार्यालयको सचिव पदमा कार्यरत् नरहेको हुँदा निवेदकले झुट्टा कुरा उठाई रिट निवेदन गरेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको चन्द्रशेखर साफीको लिखित जवाफ रहेको पाइने ।

यसमा रिट निवेदकले आ.वं. २०६७/०६८ को गाउँ परिषद्को बैठक गाउँ विकास समितिको कार्यालयमा नगरी विपक्षी गाविस सचिवले आफ्नै घरमा गरेको भन्ने जिकिर लिएको देखिन्छ तापनि उक्त गाउँ परिषदको बैठक के कुन मितिमा भएको थियो भनी भन्न सकेको देखिँदैन । अर्कोतर्फ जुन आर्थिक वर्षको गाउँ परिषद्को निर्णय बदरको माग गरेका छन् सो गाउँ परिषदको बैठक नै पुरा भइसकेको भन्ने देखिन आएको छ । निवेदकले गाउँ परिषद्को बैठक उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी सकेपछि उक्त बैठक के कुन मितिमा भएको थियो सो कुरा प्रष्ट रूपमा खुलाउन सक्नुपर्दथ्यो । सो गर्न सकेको मिसिलबाट देखिँदैन । जहाँसम्म पुनरावेदकले गाविस सचिवको तलब रोक्काको माग गरेको देखिन्छ प्रत्यर्थी गा.वि.स. सचिवको तलब रोक्का गर्नु पर्ने स्पष्ट कानूनी आधार र औचित्यसमेत देखाउन सकेको नदेखिने ।

माथि विश्लेषण गरिएका आधार कारण र विश्लेषणबाट पुनरावेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।१०।२८ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन अदालत राजविराजको आदेश उल्टी गरी आ.व. २०६७/०६८ को गाउँ परिषद्को बैठक उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CI-०९५८, हक कायम, *धर्मनारायण महर्जनसमेत वि. लक्ष्मीनारायण महर्जन*

विवादित कि.नं. ११३ को जग्गामध्ये वादी दाबीबमोजिमको ४ खण्डको १ खण्डमा वादीको हक कायम गरी वादीलाई चलन चलाई दिनेसमेत ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन । तसर्थ पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर एवम् यस अदालतबाट मिति २०६६।१२।२७ मा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्ने गरी भएको आदेशसँग सहमत हुन नसकिने।

मिसिल संलग्न आधार प्रमाणको विवेचना र मूल्याङ्कन गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।२।२ मा विवादित कि.नं. १३३ को जग्गामध्ये वादी दाबीबमोजिम ४ खण्डको १ खण्डमा वादीको हक कायम गरी वादीलाई चलनसमेत चलाई दिने ठहर्‍याएको सुरूको फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

- ०६६-CI-०९६३, हक कायम, *बसमाया महर्जनसमेत वि. धर्मनारायण महर्जनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-RC-००५६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रभु माझी*

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष मृतकलाई जबरजस्ती करणी गरी वीर्य स्खलित भएपछि मृतकलाई मारी फालेको भनी करणी र ज्यान दुवै वारदातमा साबित रही बयान गरेको देखिएको तथा अदालतमा आई बयान गर्दा मृतकको ज्यान मात्र मारेको हो भनी करणीतर्फ इन्कार भई बयान गरेको भए तापनि निजको सुरू बयानलाई मृतकको लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनले पुष्टि गरिरहेको तथ्य मृतकको योनिसमेत सुन्निएको देखिएबाट स्थापित भएको छ। प्रतिवादीले अनुसन्धान क्रममा बयान गर्दा मृतकको कट्टुलाई जाहेरवालाले सनाखत गरिदिएकोसमेतका अवस्थाबाट निजले मृतकलाई जबरजस्ती करणीसमेत गरी ज्यान मारेको हो भन्ने स्पष्ट पुष्टि भइरहेको देखिने।

प्रतिवादीले अदालतमा पुनरावेदन गर्दा जाहेरवालासमेतको डरले अदालतमा साबित भएको भनी भने तापनि स्वतन्त्र रूपमा बयान गर्न पाइने निष्पक्ष अदालतमा कुनै डर धाकको अवस्था रहन्छ भन्ने सामान्य अवस्थामा स्वीकार गर्न सकिने हुँदैन र आफूउपर डर, धाक दबाब रहेको विशेष अवस्था थियो भन्ने कुरा निज प्रतिवादीले स्वीकार गर्न सकिने हुँदैन आफूउपर डर, धाक दबाब रहेको विशेष अवस्था थियो भन्ने कुरा निज प्रतिवादीले देखाउनसमेत सकेको छैन । तथा निजले अनुसन्धानको क्रममा कर्तव्य ज्यान र जबरजस्ती करणीसमेतको वारदातमा साबित रही गरेको बयानलाई बुझिएका व्यक्तिहरूको कागज, लास जाँच मुचुल्का, शव प्रतिवेदन, जाहेरी दरखास्त, अदालतमा भएको निजकै बयानसमेतबाट स्पष्ट पुष्टि भइरहेको देखिएको हुँदा निज प्रतिवादी प्रभु माझीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. तथा जबरजस्ती करणीको ३(१) बमोजिम सजाय गरी मृतकका परिवारलाई क्षतिपूर्तिसमेत भराइदिने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

जन्मकैदजस्तो अधिकतम् कडा सजाय गरिसकेपछि सर्वस्वसमेत गरिनुको औचित्य हालको परिवेशमा असान्दर्भिक हुँदै गएको पनि देखिन्छ । जन्मकैद भुक्तान गरेर समाजमा स्थापित हुन निस्किएको

व्यक्तिलाई समाजमा बसेर अघि बढ्ने आधारको रूपमा रहने उसको सम्पूर्ण सम्पत्तिबाट बिहिन गरिनु मानवीय दृष्टिले समेत व्यावहारिक मान्न नसकिने।

हालको कानूनी व्यवस्थामा प्रस्तुत मुद्दामा जस्तै अधिकतम् सजाय तथा सर्वस्वसमेत गरिएको व्यक्तिले मुलुकी ऐन, दण्ड सजायको २७ नं. बमोजिम सर्वस्वको प्रक्रिया सुरू नभएको अवस्थामा पीडित वा निजको परिवारलाई के कसरी कुन स्रोतबाट क्षतिपूर्ति बुझाउने हो सोको तर्कसङ्गत व्यवस्थासमेत देखिँदैन। अधिकतम् कडा सजाय भएपछि सर्वस्व गर्ने प्रावधान तथा सर्वस्व गरिसकेपछि प्रतिवादीकै सम्पत्तिबाट क्षतिपूर्ति भराउने सजाय थप सजायको रूपमा रहने प्रावधान हालको अवस्थामा व्यावहारिक नदेखिने भएकोले त्यसतर्फ दृष्टिगत गरी कानूनहरूलाई व्यावहारिक बनाउनेतर्फ पहल गर्नुसमेत सान्दर्भिक देखिन आउने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल चैत १२ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RC-०१५५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कालु तामाङ (लामा)*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा बाटोमा आउँदै गर्दा भेट भएका अपरिचितलाई कुन बाटो जाने भन्ने कुरामा विवाद भई भिरबाट धकेलिदिएको, तत्पश्चात् माथिबाट ढुङ्गाले हिर्काएको र तल गई ढुङ्गाले छोपी आएको भन्ने सिलसिलेवार व्यहोरा खुलाई बयान गरेको देखिएको छ। निजको उक्त बयानलाई लास जाँच मुचुल्का तथा मृतकको मृत्यु टाउकोको चोटको कारणले भएको भन्नेसमेत व्यहोराको शव परीक्षण प्रतिवेदन समेतले पुष्टि गरिरहेको अवस्था छ। बुझिएका सन्तबहादुर गुरूङ, सन्तकुमारी गुरूङ, काली गुरूङ, लक्ष्मण गुरूङ, आशापुरे गुरूङसमेतका व्यक्तिहरूले यिनै प्रतिवादीले मृतकलाई बाटोमा भेटी कुटपिट गरी मारेको भन्ने थाहा पाएको भनी कागज गरिदिएको र सो व्यहोरा पुष्टि हुने गरी अदालतमा आई बकपत्र गरेको समेतको अवस्था देखिने।

प्रतिवादीको अनुसन्धान अधिकारी तथा अदालतसमक्षको साबिती बयान, सो बयानलाई पुष्टि गर्ने लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन बुझिएका व्यक्तिहरूको कागज व्यहोरा तथा बकपत्रसमेतका सबुद प्रमाणका आधारमा प्रतिवादी कालु तामाङ (लामा) ले बाटोमा भेट भएका मृतकलाई कुटपिट गरी भिरबाट लडाई ढुङ्गासमेतले प्रहार गरी थिची ज्यान मारेको भन्ने पुष्टि भइरहेको हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम कसुरदार ठहर गरी सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, पोखराको मिति २०७१।६।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल चैत १२ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-RC-००९०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रसाते काजी भन्ने नरभुपाल राई*

प्रतिवादीले मृतक आफैँ झुन्डिई मरेकी हुन् भनी भने तापनि त्यसरी आफैँ झुन्डी घरमा मरेकी श्रीमतीलाई माइत जान्छु भनी गएको भन्नु र गाउँ घरमा खोजतलास गरेको देखाउनुले निजको आफ्नै भनाई विरोधाभाषपूर्ण रहेको देखिएको छ। प्रतिवादीकै बयानबाट लासलाई आफैँले घरबाट बोकी खोलामा फाली आएको भन्नेसमेत देखिन्छ। घरैमा रहेकी मृत श्रीमतीको लासलाई त्यति लामो समयसम्म निजले फेला नै नपारेको भनी विश्वास गर्न सकिने अवस्था पनि नदेखिने।

जाहेरी दरखास्त, बुझिएका व्यक्तिहरूको कागज र बकपत्र, प्रतिवादीको बयान, लास जाँच मुचुल्काको व्यहोरा तथा हराउनुपूर्वको रात पनि

मृतक रोइरहेकी र घरमा खाना नै नपकाएको अवस्था देखिएको, भोलिपल्ट बिहानदेखि नै मृतक घरमा नदेखिएको । मृतक झुन्डिएर मरेको भए तत्काल सो कुराको जानकारी घर परिवार, गाउँलेलाई गराउनु पर्नेमा त्यसो नगरी घरदेखि पर लास फाली आएको देखिएकोसमेतका तथ्य प्रमाणको आधारमा प्रतिवादीले मृतक श्रीमतीलाई कर्तव्य गरी ज्यान मारेको र कसुर सजायबाट बच्न लास खोलामा लगी फालेको पुष्टि हुन आएकोले प्रतिवादी प्रसाते भन्ने नरभूपाल राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०७१।९।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल चैत १२ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०३५४, ०६९-CI-०६९९, अंश, *ओमराज हरिजनसमेत वि. भेषराज हरिजनसमेत, भेषराज हरिजन वि. ओमराज हरिजनसमेत*

कि.नं. ६०, ६२ र ३०३ का जग्गाहरू मिति २०५५।५।४ को हालै देखिको बकसपत्रबाट प्राप्त हुन आएको जग्गा नदेखिँदा मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. बमोजिम बन्डा नलाग्ने भन्ने पुनरावेदन अदालतको निर्णयाधार देखिन्छ । तर पुनरावेदन अदालतको फैसलासहितको मिसिलमा प्रतिवादी भेषराजले मिति २०५४।२।१९ मा बलिराम हरिजनलाई कि.नं. ६० र ६२ को जग्गाको र कि.नं. ३०३ को जग्गा प्रतिवादी बृजलालले बलिराम हरिजनलाई मिति २०५४।५।२४ मा राजीनामा गरिदिएको देखिन्छ । यसप्रकार ती जग्गाहरू सुरूमा यिनै अंशियारहरूको दर्ताको बन्डा लाग्ने जग्गा हुँदा सो छल्नका लागि प्रस्तुत कारोबार भएको पाइन्छ । ती कुरा झुट्टा हो भनी प्रतिवादीहरूले दर्ता स्रेस्तासमेतको प्रमाण दिई युक्तियुक्त खण्डन गर्न सकेको देखिँदैन । न त बलिराम हरिजन प्रतिवादीहरू बृजलाल र भेषराजका नाताका मिलुवा व्यक्ति भएका भन्ने वादीहरूको आरोपलाई प्रतिवादीहरूले अस्वीकार गर्न सकेको अवस्था छ । जुन कुरालाई प्रत्यक्ष रूपले गर्न सकिँदैन त्यसलाई अप्रत्यक्षरूपले पनि गर्न नमिल्ने ।

जहाँसम्म कि.नं. २३१ को जग्गा आफूले मजदुरी गरी कमाएको पैसाबाट बाबु बृजलालसँग मिति २०५५।५।२१ मा खरिद गरेको र कि.नं. ३०२, ३१२ र ६३ को जग्गा स्वर्गीय आमा विद्यादेवी हरिजनको निजी आर्जनको जग्गा भएकोले ती जग्गाहरू बन्डा गरेको मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. विपरीत भयो भन्ने पुनरावेदक प्रतिवादीको जिकिर छ त्यस सम्बन्धमा विचार गर्दा निजी आर्जनको जिकिर लिनेले ठोस र अकाट्य प्रमाणबाट निजी आर्जनलाई प्रमाणित गर्न सक्नु पर्छ । प्रतिवादी भेषराजले आफू यो यस ठाउँमा यो यति तलबमा यो यस किसिमको काम गरेको भन्ने कुनै लिखत प्रमाण गुजार्न सकेको देखिँदैन । त्यसैगरी निजको स्वर्गीय आमाको नाममा दर्ता रहेको उल्लिखित जग्गाहरू निज आमाको निजी आर्जनको भन्नेतर्फ पनि कुनै लिखत प्रमाण पेस हुन सकेको पाइँदैन । अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारहरू मध्ये जुनसुकै अंशियारहरूका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भन्ने अदालतले अनुमान गर्नेछ भनी प्रमाण ऐन, २०३१ को दफा ६(क) को व्यवस्थालाई प्रतिवादीले स्पष्ट प्रमाणद्वारा विस्थापित गर्न नसकेकोले उल्लिखित जग्गाहरूलाई सगोलको जग्गा ठहऱ्याई त्यसबाट वादीहरू समेतले अंश भाग पाउने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।८।१६ मा भएको फैसला सो हदसम्म मिलेकै देखिने ।

अतः माथि उल्लेख भएबमोजिम कि.नं. ६०,

६२ र ३०३ को जग्गाबाट समेत वादीहरूले ६ भागको ४ भाग अंश पाउने ठहर्‍याएको सुरू बाँके जिल्ला अदालतको फैसला मनासिब नदेखिँदा सो सदर कायम हुने ठहर्छ। त्यसलाई उल्टी गरेको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।८।१६ को फैसला सो हदसम्म उल्टी हुन्छ। कि.नं. २३१, ३०२, ३१२ र ६३ को जग्गा बन्डा गरेको पुनरावेदन अदालत, नेपालगन्जको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ। उल्लिखित जग्गा बन्डा गरेको मिलेन सो उल्टी गरिपाउँ भन्ने प्रतिवादी भेषराजको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

- यसै लगाउको ०६७-CI-०३५७, अंश भर्पाई लिखत बदर, *ओमराज हरिजनसमेत वि. भेषराज हरिजनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०६३२, कर्तव्य ज्यान, *प्रेम वली वि. नेपाल सरकार*

शव परीक्षण प्रतिवेदन तथा लासजाँच मुचुल्काबाट यी पुनरावेदकले धारिलो हतियार खुकुरीले मृतकको गाला आँखासम्म पुग्ने गरी मृतकउपर प्रहार गरेको र अत्यधिक रक्तश्रावका कारण मृतकको मृत्यु भएको भन्ने व्यहोरा उल्लेख भएबाट प्रतिवादीको मौकाको साबितीको पुष्टि भएको देखिन आएको छ। प्रतिवादीले अदालतमा बयान गर्दा सो अपराध वारदात मैले घटाएको होइन। जाहेरी दिने मानिस तथा कागजमा खुलाई दिने मानिसहरूले किन मलाई पोल गरी लेखाए निजहरू नै जानून् मलाई पढी बाँची नसुनाई तयार गरेको लेखी राखेको कागजमा प्रहरीले सहिछाप गराएका हुन भनी इन्कारी जिकिर लिएको देखिन्छ। तर मौकाको बयानमा कृत्रिमता वा जोरजुलुमको कुनै गन्ध रहेको पाइँदैन। मौकाको बयान गराउँदा प्रहरीले निजलाई कुनै किसिमको दबाब, यातना, प्रलोभन आश्वासन आदि दिएको वा सो बयान हुँदा यी प्रतिवादी सक्षम र सचेत नरहेको अवस्था पनि देखिँदैन। प्रमाण ऐन २०३१ को दफा ९ (२) को देहायहरूको अवस्था विद्यमान रहेको भन्नेतर्फ प्रतिवादीले विश्वसनीय जिकिर लिएको र त्यसलाई प्रमाणित गर्न सकेको अवस्था छैन। शव परीक्षण प्रतिवेदनबाट खम्बिर प्रतिवादीको मौकाको बयान साबिती प्रतिवादी विरूद्ध प्रमाण लाग्ने नै हुँदा अभियोग दाबीबमोजिम प्रतिवादी प्रेम वलीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।१।२८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोगदाबीबाट सफाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

मनसायजन्य, क्रूर र बीभत्स हत्यामा अ.बं. १८८ नं. प्रयोग गरी घटी सजाय गर्दा कसुर अनुसारको सजाय हुन सक्ने अवस्था रहँदैन। यसबाट दण्डहीनताले प्रश्रय पाउने, कसुरदारले प्रोत्साहन पाउने, पीडित न्यायको उपेक्षा हुने र समाजमा नकारात्मक सन्देशसमेत जाने देखिँदा पुनरावेदन अदालतबाट प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम ९ (नौं) वर्ष कैद सजाय गर्ने भनी व्यक्त राय मनासिब देखिन नआएकोले सो राय सदर हुने नठहर्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७२ साल फागुन १० गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-WO-०६५१, उत्प्रेषण, *विष्णुकुमार श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार, काठमाडौंसमेत*

निवेदकले जिकिर लिएको जग्गाको क्षेत्रफल घटी भएको विषयमा भूल सुधार गरिपाउँ भनी ८ नं. नापी गोश्वारामा दिएको निवेदनउपर निर्णय भइ नसकेको भन्ने कुरा स्वयम् रिट निवेदकले स्वीकार गरेको देखिनुका साथै प्रस्तुत हुन आएका लिखित जवाफबाट समेत सो कुरा समर्थित भैरहेको पाइयो । यसरी अधिकारप्राप्त निकायबाट उक्त विषयमा निर्णय निरोपण भइनसकेको र कारवाहीकै क्रममा रहेको अवस्थामा सम्बन्धित मिसिल विद्युत् सर्ट भई जलेर नष्ट भएको तथ्य स्थापित हुन आयो । मिसिल प्रमाण नै जलेको अवस्थामा दिएको निवेदनसम्बन्धमा न्याय निरूपण भएन भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन । यस्तो अवस्थामा रिट निवेदकले जिकिर लिएबमोजिम निजको संवैधानिक एवम् कानूनी हक अतिक्रमण भएको भन्न मिलेन । जुन विषयवस्तुका सम्बन्धमा न्याय निरोपण गर्नुपर्ने हो सो सम्बन्धमा निर्णय भै नसकेको र काम कारवाहीकै क्रममा मिसिल जलेर नष्ट भएको अवस्थामा निवेदकको हक अधिकार अतिक्रमण भएको पनि भन्न नमिल्ने ।

निवेदकले दिएको निवेदनहरूअनुसारको जग्गा बाटो र नहरमा परी निवेदकको सम्पत्तिसम्बन्धी हकअधिकारमा आघात परे नपरेकोतर्फ सम्बन्धित अड्डाबाट कारवाही चलिरहेको अवस्थामा आगलागी भई मिसिल जलेको कुरा मिसिल संलग्न मिति २०७२।३।२२ को महान्यायाधिवक्ताको कार्यालयको पत्रसाथ संलग्न मालपोत कार्यालय, कास्कीको च.नं. २८९८ मिति २०७२।२।२८ को पत्र र प्रतिवेदनबाट देखिन आएको छ । निर्णय नहुँदैको अवस्थामा मिसिल जलेको भन्ने जिकिर रहेकाले निवेदकको हकहितमा असर पर्ने निर्णय भएको नदेखिँदा निजको सम्पत्तिसम्बन्धी हकमा आघात परेको मान्न मिलेन । निवेदक निवेदनसाथ उपस्थित भएमा कानूनको प्रक्रिया अवलम्बन गरी निवेदन जिकिरको सम्बोधन हुनसक्ने अवस्था रहे भएकै देखिँदा प्रस्तुत निवेदनको रोहमा मागबमोजिम आदेश जारी गरिरहन पर्ने प्रयोजन नरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ईन्द्रबहादुर कठायत

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत २०७२ साल चैत २८ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०२४५, ०५३०, कर्तव्य ज्यान, *राजदेव मंडल वि. नेपाल सरकार, नेपाल सरकार वि. गोसाई मण्डल मघैया*

मृतकलाई मार्नेसम्मको पूर्व रिसइवी र मार्ने मनसाय नभै तत्काल उत्पन्न भएको विवादको परिणाम स्वरूप दुवै पक्ष बिचको विवादमा भएको दोहोरो कुटपिटको परिणामस्वरूप प्रतिवादी राजदेव मण्डलले गरेको प्रहारबाट मृतक बिनोदकुमार खंगको मृत्यु भएको अवस्था रहेको देखिँदा निजउपर अभियोगपत्रमा मागदाबी लिएअनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्दा न्यायोचित नभएको हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. ले १५ वर्ष कैद गर्दा इन्साफ पर्ने र सजायको उद्देश्य पनि पूरा हुने हुँदा प्रतिवादी राजदेव मण्डललाई कैद वर्ष १५ पन्ध्र हुने ।

इजलास अधिकृतः गजेन्द्रबहादुर सिंह

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस १६ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-०१४७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मनबहादुर गुरूङ*

प्रतिवादीले आमालाई आफूले कर्तव्य गरी नमारेको वृद्ध र कमजोर शरीर भएकोले नुहाई दिने क्रममा आफैँ भुइँमा जोतिन पुगेर मृत्यु भएको हो भनी आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरे तापनि निजको सो बयान लास जाँच मुचुल्का एवम् शव परीक्षण प्रतिवेदनलगायतका मिसिल संलग्न प्रमाणबाट समर्थित हुन सकेको देखिएन । साथै निजले आफूलाई अधिकारप्राप्त अधिकारीसमक्ष कुटपिट गरी वा डर

धाक देखाई वा अनुचित प्रभावमा पारी बयान गराइएको भन्न सकेको देखिएन । तसर्थ यी प्रतिवादीलाई इच्छाविपरीत बयान गराइएको भन्ने प्रमाणित नभएको र मिसिल संलग्न अन्य तथ्य प्रमाणबाट समेत समर्थित हुन आएको निजको अधिकार प्राप्त अधिकारीसमक्षको बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) ले प्रमाणको लागी ग्राह्य हुने नै देखिने ।

प्रतिवादी मनबहादुर गुरूङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान निजको ईच्छाविपरीत भए गरेको भन्ने प्रमाणित हुन नआएको र निजको सो बयान मिसिल संलग्न लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट समर्थित भएको देखिँदा यी प्रतिवादीले नै मृतक आमालाई कुटपिट गरी घाँटी थिची श्वास प्रश्वास अवरूद्ध पारी कर्तव्य गरी मारेको पुष्टि भएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय दफा ३ बमोजिम सर्वश्वसहित जन्म कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०७०।०७।२४ को फैसला मिलेकै नदेखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल वैशाख १४ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-०१२९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शिवलाल शर्मा*

वारदातको प्रत्यक्षदर्शी प्रतिवादी प्रवित्रा के.सी.ले २०७०।७।२६ गते साँझ दुरपता मेरो घरमा आई एक बोत्तल घरपाला रक्सी खाई चुरोट खादैँ दलानमा बसिराखेको बखत प्रतिवादी शिवलाल रक्सी सेवन गरेर आई दुरपतालाई तिमी त यहीँ बसी राखेकी छौ भन्दै दलानबाट समाती आँगनमा लगी हातले एक झापड दाहिने गालामा हिर्काई माटोमा लडाइँ उचालेर पछाडि करेसामा राखेका हुन् भनी अधिकारप्राप्त अधिकारी तथा अदालतमा गरेको बयानसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी शिवलाल शर्माले कसुरमा साबित भै गरेको बयान समर्थित भएको देखियो । तसर्थ मृतक दुरपतालाई प्रतिवादी शिवलाल शर्माले कुटपिट गर्दा परेको चोटका कारण निजको मृत्यु भएको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय दफा ३ बमोजिम सर्वश्वसहित जन्मकैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेकै देखिन आउने ।

आफ्नै श्रीमती मृतकलाई प्रतिवादीले मार्नु पर्ने इविलाग केही नदेखिएको, आफूले दिनभर काम गरी घरमा आउँदा श्रीमती नभएको र खोजी गर्दै जाँदा मृतक श्रीमतीले रक्सी खाई बसेको भेटेको र आफूले समेत रक्सी सेवन गरेको कारण तत्काल उठेको रिसको आवेगमा श्रीमतीलाई कुटपिट लछारपछार गरेको, जोखिमी हतियार केही प्रयोग भएको नदेखिएको र वारदातपश्चात आरोपित कसुरमा साबित रही अनुसन्धान र अदालतलाई सहयोग गरेकोसमेतका घटनाक्रम र तथ्यको रोहबाट हेर्दा निजलाई उक्त ठहरअनुसारको सजाय गर्दा चर्को पर्ने देखी अ.बं. १८८ नं. बमोजिम १४ वर्षमात्र कैद गर्न व्यक्त भएको सुरू र पुनरावेदन अदालत, तुलसीपुरको रायसमेत मनासिब देखिन आउँदा प्रतिवादी शिवलाल शर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय दफा ३ बमोजिमको कसुर कायम गरी अ.बं. १८८ नं बमोजिम १४ वर्ष मात्र कैद सजाय गर्ने रायसहितको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७२।३।२ को फैसला मिलेकै नदेखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : आनन्दराज पन्त

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७३ साल वैशाख १४ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०७२९, उत्प्रेषण, *अश्मिर भन्ने मीनबहादुर बस्नेत वि. मकवानपुर जिल्ला*

*अदालत, हेटौंडासमेत*

रिट निवेदक अश्मिर भन्ने मीनबहादुर बस्नेतका उपर मकवानपुर जिल्ला अदालतबाट ठगी मुद्दामा म्याद जारी भई पछिल्लोपटक मिति २०६९।१०।८ मा पालुङ बचत तथा ऋण सहकारी संस्थाको सूचना पाटीमा टाँस गरी तामेल भएको र सो म्याद मकवानपुर जिल्ला अदालतबाट बदर भै पुन: मिति २०७०।१।५ मा दोस्रोपटक म्याद तामेल गर्दा मकवानपुर जिल्ला, दामन गा.वि.स. वडा नं. ७ स्थित सिमभन्ज्याङको सार्वजनिकस्थलको सूचना पाटीमा टाँस गरी तामेल भएको भनिएको अवधिमा रिट निवेदक अश्मिर भन्ने मीनबहादुर बस्नेत मध्यपूर्व एफ.एम. धुलिखेलमा प्राविधिक कर्मचारीको रूपमा आफू कार्यरत रहेको भनी निवेदकले निवेदनमा उल्लेख गरेको हुँदा रिट निवेदनको वतनमा तामेल नगरी अन्यत्र तामेल भएको म्यादको जानकारी रिट निवेदकलाई हुनसक्ने र प्रतिरक्षा एवम् पुर्पक्ष गर्न पाएको अवस्था नहुँदा निवेदक प्रतिवादीले आफ्नो विरूद्धको अभियोगपत्रमा प्रतिरक्षा गर्न पाएको देखिँदैन । यस्तो अवस्थामा भएको मकवानपुर जिल्ला अदालतको म्याद तामेली एवम् सोको आधारमा भएको मिति २०७१।२।२७ को फैसला निवेदकका हकमा यथावत् कायम रहन सक्ने नदेखिने ।

निवेदक अश्मिर भन्ने मीनबहादुर बस्नेतको नाममा मकवानपुर जिल्ला अदालतबाट म्याद जारी गरी दामन गा.वि.स. वडा नं. ७ मा तामेल गर्न पठाइएकोमा जिल्ला मकवानपुर, दामन गा.वि.स. वडा नं. ७ स्थित सिमभन्ज्याङको सार्वजनिकस्थलको सूचना पाटीमा टाँसी मिति २०७०।१।५ मा पछिल्लो पटक तामेल गरेको देखियो । म्याद जारी हुँदा दामन गा.वि.स. वडा नं. ७ भन्ने उल्लेख भएको र निवेदकले निवेदनसाथ पेस गरेको नागरिकताको प्रतिलिपिबाट पनि निजको वतन दामन गा.वि.स. वडा नं. ७ भन्ने रहेको पाइँदा सोविपरीत सिम भन्ज्याङमा तामेल भएको निजको नामको म्याद मुलुकी ऐन, अ.बं. ११०नं. र ११२ नं. बमोजिम रितपूर्वक तामेल भएको देखिँदैन । यसरी तामेल भएको म्याद रितपूर्वकको भन्न नमिली बेरीतको म्याद र सो म्यादलाई आधार लिई ठगी मुद्दामा भएको मकवानपुर जिल्ला अदालतको मिति २०७१।२।२७ को फैसला निवेदकका हकमा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब रिट निवेदकको हकमा सुरू अभियोग पत्रबाट कारवाही भै निवेदक काठमाडौं जिल्ला, कारागार कार्यालय जगन्नाथ देवल, त्रिपुरेश्वरमा कैदमा रहेको देखिँदा निजलाई मकवानपुर जिल्ला अदालतमा बयानको लागि उपस्थित गराई अरूमा कानूनबमोजिम मुद्दाको कारवाही किनारा गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : बिनोद रखाल

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल चैत १२ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-०८०२, निषेधाज्ञा, *भिमप्रसाद हुमागाईं वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत*

मेरो राष्ट्रिय वाणिज्य बैंक जुम्लाको चेक हराएकोमा को-कसले फेला पारी चेकमा रकम भरी चेक बैंकमा पेस गरी बाउन्स गरी विपक्षी महानगरीय प्रहरी प्रभागमा उजुरी गरी विपक्षी प्रहरी कार्यालयले मलाई पक्रने, थुन्ने जस्ता कार्य गर्ने प्रबल आशङ्का रहेकोले त्यस्तो कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्नेसमेतको निवेदन दाबी भएकोमा निवेदकउपर ठगीको कसुरमा उजुरी परेकोले सोही विषयमा खोजतलास गरिएको हो भनी प्रत्यर्थीहरूमध्ये महानगरीय प्रहरी वृत्त, बालाजुको तर्फबाट प्राप्त लिखित जवाफ देखिन्छ । निवेदकउपर धनबहादुर थापाले ठगी मुद्दाको जाहेरी दरखास्त दिएकोले सोही ठगी मुद्दाको सिलसिलामा प्रहरीले खोजतलास गरेको र सोही व्यहोराको लिखित जवाफ विपक्षीबाट आएको हुँदा अनुसन्धान र तहकिकातको सिलसिलामा प्रहरीबाट खोजतलास हुनसक्ने नै हुँदा विना कारण

र अनाहकमा विपक्षीहरूले खोजतलास गरेको भन्न मिल्ने देखिएन। साथै, विपक्षी प्रहरी कार्यालयले ठगी मुद्दामा उजुरी परी छानबिन तथा अनुसन्धान गरेको कार्यलाई अनाधिकार कामकारवाही गरेको भन्न मिल्ने देखिँदैन। तसर्थ निवेदकले माग गरेबमोजिमको आदेश जारी गर्नुपर्नेसम्मको विद्यमानता नदेखिँदा निवेदन खारेज हुने ठहर गरेको पनुरावेदन अदालत, पाटनबाट मिति २०७१।५।११ मा भएको आदेश न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ।

इजलास अधिकृत: बिनोद रखाल

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम्।

३

**मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-११४१, उत्प्रेषण / परमादेश, *नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयसमेत वि. श्री श्रम अदालत अनामनगर, काठमाडौंसमेत*

प्रस्तुत रिटमा विपक्षी बनाइएका प्रत्यर्थी शिवप्रसाद अधिकारी कार्यरत रहेको रेडक्रस सोसाइटीमा सञ्चालित परियोजनाका कर्मचारी भएकोले निज कर्मचारी कार्यरत परियोजना समाप्त भएपछि बहाल रहन पाउनुपर्छ भन्ने जिकिरका आधारमा सेवामा पुनस्थापित गर्ने गरी भएको श्रम अदालतको निर्णय न्यायको रोहमा मिलेको देखिन नआउँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्धारा बदर हुन्छ। सेवामा पुनः स्थापित गरिपाउँ भन्ने विपक्षीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले प्रस्तुत गरेको नजिर एवम् बहससमेतसँग सहमत हुन सकिएन। तसर्थ रिट निवेदक नेपाल रेडक्रस सोसाइटीको मागबमोजिम उत्प्रेषणको रिट जारी भई श्रम अदालतको मिति २०६९।११।१६ को फैसला बदर हुने।

इजलास अधिकृतः बिनोद रखाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७२ साल माघ १९ गते रोज ३ शुभम्।

४

**मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-RC-०००९, कर्तव्य ज्यान, *नेपाल सरकार वि.ललित भन्ने सूर्या दयाल*

वारदातमा प्रतिवादी ललित भन्ने सूर्या दयालले अनुसन्धान अधिकारी र अदालतमा समेत आरोपित कसुरमा साबित रही मृतक अजय पाटिललाई लाठीले कञ्चटमा र हातमा तथा ढुङ्गाले टाउकोमा प्रहार गरी मारेपछि तरूल खनेको खाल्डोमा लगी पुरिदिएको हुँ भन्ने बयानलाई अर्का प्रतिवादी जनक दयालले मस्त निन्द्रामा सुतिरहेका मृतकलाई ढुङ्गाले टाउकोमा हानी मृतक छटपटिँदा लठ्ठीले समेत हानी जिउँदै अवस्थामा तानी लगी तरूल खनेको खाल्डोमा हाली पुरेको हो भनी गरेको बयानसमेतले समर्थन गरिरहेको तथा बुझिएका मानिसहरूको बयान, मृतकको लास पूर्णरूपमा सडिगलिसकेको हुँदा शव परीक्षण गराउन नसकिने अवस्थामा रहेको भन्ने घटनास्थल मुचुल्का र प्रहरीको प्रतिवेदन तथा सोलाई समर्थन हुने गरी प्रतिवेदकले अदालतमा गरेको बकपत्रसमेतबाट प्रतिवादी ललित भन्ने सूर्या दयालको कर्तव्यबाट मृतक अजय पाटिलको मृत्यु भएकोमा विवाद देखिएन। यसरी घटनाको अटुट क्रमबद्धताबाट मृतकलाई प्रतिवादी सूर्या दयालले जङ्गलमा लगी ढुङ्गाले प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएको देखिँदा निज ललित भन्ने सूर्या दयाललाई आरोपित कसुर ठहर्‍याई सर्वस्वसहित जन्मकैद हुने बैतडी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला मिलेकै देखिने।

प्रतिवादी ललित भन्ने सूर्या दयालले मृतक अजय पाटिललाई मार्ने पूर्वयोजना बनाई अत्यन्त क्रूर र अमानवीय तरिकाले ढुङ्गा लठ्ठीलगायतका वस्तुले प्रहार गरी जिउँदै खाल्डोमा पुरी मारेको मिसिल संलग्न प्रमाणहरूबाट स्थापित भइरहेको देखिँदा पुनरावेदन अदालत महेन्द्रनगरले १२ वर्ष कैद सजाय गर्ने गरी व्यक्त गरेको राय कायम रहन सक्दैन। निज प्रतिवादी ललित भन्ने सूर्य दयाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको

महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद ठहर्‍याई भएको मिति २०७१।०६।०६ को पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला सदर हुने ।
इजलास अधिकृतः गीता श्रेष्ठ
कम्प्युटरः सिजन रेग्मी
इति संवत् २०७२ साल माघ १५ गते रोज ६ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०६४७, मोटरसाइकल चोरी, *नेपाल सरकार वि. बिनोद थापा*

प्रतिवादी बिनोद थापाले तत्काल मौकामा बयान गर्दा नै सो मोटरसाइकल आफूले चोरी नगरेको र चोरीको हो भन्ने थाहा पनि नभएको भनी यस अदालतमा पनि आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइयो । यी प्रतिवादीले मोटरसाइकल किरण ठकुरीले ल्याएको भनी मौका र अदालतको बयानमा समेत जिकिर लिएको देखिन्छ । जहाँसम्म निज किरण ठकुरीको अस्तित्वको सम्बन्धमा यी प्रतिवादीले निज व्यक्तिसँग १ वर्षअगाडि परिचय भएको र सिन्धुली घर बताउँथे भन्ने उल्लेखसम्म गरेको देखिन्छ । भिन्नभिन्न ठाउँमा बसोबास गर्ने भई काठमाडौंमा भेटघाट परिचय भएका व्यक्तिको सम्पूर्ण विवरणसहितको परिचय सबैमा नहुन सक्ने यथार्थतालाई नकार्न सकिँदैन । त्यसकारण किरण ठकुरीको बाबु बाजेसहितको नाम नामेसी दिई निजको अस्तित्वलाई स्थापित गर्न नसकेको भन्ने आधारमा मात्र यी प्रतिवादीलाई कसुरदार ठहर गर्नु न्यायसङ्गत नहुने ।

प्रतिवादीले मोटरसाइकल आफूले चोरी नगरेको र चोरीको हो भन्ने थाहा नभएको भनी जिकिर लिई बयान गरेको अवस्थामा निजलाई सो मोटरसाइकल चोरीको हो होइन ? यी प्रतिवादीलाई चोरीको हो भन्ने थाहा थिएन ? भन्ने कुराको वस्तुपरक ढङ्गबाट प्रमाणित गर्ने अभिभारा प्रमाण ऐन, २०३१ को दफा २५ ले वादी पक्षउपर रहन्छ । वादी पक्षले घटनास्थलबाट विवादित मोटरसाइकल बरामद गरी बरामदी मुचुल्का खडा गर्नु र जाहेरवालाबाट सनाखत जाहेरी लिनुबाहेक कुनै पनि खम्बिर प्रमाण पेस गरी यी प्रतिवादीउपरको अभियोग प्रमाणित गर्न सकेको देखिँदैन । स्वयम् जाहेरवाला अदालतमा आई बकपत्र गरेको अवस्था छैन । अत: यी प्रतिवादी चढेको अवस्थामा उक्त मोटरसाइकल बरामद भएको भन्ने आधारमा मात्र यी प्रतिवादीले नै चोरी गरेका हुन् भनी भन्न सकिने अवस्था नदेखिएकोले यस अदालतबाट प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन नसकिने हुँदा वादी पक्षले उक्त मोटरसाइकल प्रतिवादी बिनोद थापाले चोरी गरेको वा निजले चोरीको मोटरसाइकल हो भन्ने जानीजानी सो मोटरसाइकलमा चढेको भन्ने कुरा वादी पक्षले तथ्ययुक्त र वस्तुनिष्ठ प्रमाणबाट प्रमाणित गर्न नसकेको देखिएकोले प्रतिवादी बिनोद थापाले सफाइ पाउने ठहर्‍याई गरेको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनले गरेको मिति २०६९।१।३१ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल वैशाख २ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०८७७, उत्प्रेषण / परमादेश, *पृथान स्याङतान वि. कारागार कार्यालय, नख्खु ललितपुरसमेत*

निवेदक पृथान स्याङतानलाई इन्द्रप्रसाद घिमिरेको जाहेरीले वादी नेपाल सरकार, प्रतिवादी निजै पृथान स्याङतान भएको कर्तव्य ज्यान र रहजनी चोरी मुद्दामा कैदको सजाय हुँदा निजलाई ज्यानसम्बन्धी

महलको १७(३) नं. अनुसार ३ (तीन) वर्ष कैद र सजाय हुने र रहजनी चोरीतर्फ चोरीको महलको १४(३) र २७ नं. ले कैद वर्ष १२ हुने दण्ड सजायको ४१ नं. ले ज्यान मुद्दाको कैद नखापिने गरी तपसिल खण्डमा निज कैद बसेको अवधि ०।४।१२ दिन कट्टा गरी बाँकी ११।७।१८ कैद असुल गर्ने गरी ललितपुर जिल्ला अदालतबाट २०५४।३।१६ मा भएको फैसला पुनरावेदन अदालतबाट मिति ०५७।३।२७ मा सदर फैसला भई सर्वोच्च अदालतबाट समेत मिति २०६१।६।१५ मा सदर भएको देखिएको अवस्था छ। निवेदक फरार रही ललितपुर जिल्ला अदालतको डोरमार्फत मिति २०७१।१२।११ मा पक्राउ परेपछि निजलाई मिति २०७१।१२।११ देखि २०८३।७।२८ सम्म थुनामा राखी मिति २०८३।७।२९ मा थुनामुक्त गर्ने भनी थुनुवा पुर्जी दिएको कानूनसम्मत नदेखिँदा सो हदसम्म उक्त फैसलाको तपसिल खण्ड र कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर हुन्छ। निवेदकलाई दण्डसजायको महलको ३८(१) ले जरिवानाबापत हुने कैद वर्ष ४ (चार) समेत निजलाई जम्मा कैद वर्ष (सात) हुनेमा निज अनुसन्धानको अवधिमा ०-४-१२ दिन थुनामा बसेको भन्ने देखिँदा सो कटाई निज पक्राउ परेको मिति २०७१।१२।११ देखि बाँकी कैदको हकमा सोअनुसार कैदी पुर्जी ठेकी असुलउपर गर्नु भनी निवेदन माग दाबीबमोजिम विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: बिनोद रखाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल चैत ११ गते रोज ५ शुभम्।

## एकल इजलास

१

**मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७२-WO-०६४७, उत्प्रेषण, *विजय सिंह सिजापति वि. न्यायपरिषद् काठमाडौंसमेत*

संविधानको धारा १२९(५) ले सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिको लागि कानूनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशका रूपमा कम्तीमा ५ वर्ष काम गरेको हुनुपर्ने योग्यता तोकेको छ। सोही उपधाराको स्पष्टीकरण खण्डमा यो संविधान लागु हुनुभन्दा पहिले पुनरावेदन अदालतमा मुख्य न्यायाधीश वा न्यायाधीश भई काम गरेको अवधिलाई यो उपधाराको प्रयोजनको लागि उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको हैसियतमा काम गरेको अवधि मानिने व्यवस्था गरेको छ। संविधानको धारा १२९(५) ले सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिको व्यवस्था गरेको छ। सोही उपधाराको स्पष्टीकरणले यस उपधाराको प्रयोजनको लागि पुनरावेदन अदालतमा मुख्य न्यायाधीश वा न्यायाधीश भई काम गरेको अवधीलाई उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको हैसियतमा काम गरेको अवधि मानिने व्यवस्था गरेको देखिँदा यो संविधान प्रारम्भ हुँदाको अवस्थामा कायम रहेको पुनरावेदन अदालतका मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा रही ५ वर्ष सेवा अवधि पुगेका मुख्य न्यायाधीशहरूलाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति गर्न संविधानको उक्त व्यवस्थाले मिल्ने नै देखिन आयो। पुनरावेदन अदालतमा मुख्य न्यायाधीश वा न्यायाधीशको हैसियतमा काम गरेको अवधिलाई गणना गरी सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति गर्न मिल्ने भएपछि संविधानले तोकेको ५ वर्ष पुनरावेदन अदालतमा मुख्य न्यायाधीशको हैसियतमा रही काम गरेको मुख्य न्यायाधीशबाट सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति गर्न गरिएको सिफारिस त्रुटिपूर्ण देखिन नआउने।

संविधानको धारा ४२(१) मा सामाजिकरूपले पछाडि परेका, महिला, दलित, आदिवासी, जनजाती, मधेसी, थारूलगायत विपन्न खस आर्यलाई समावेसी सिद्धान्तका आधारमा राज्यका निकायमा

सहभागिताको हक हुने मौलिक हकको व्यवस्था गरेको छ । तर न्यायपरिषद्ले सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिको सिफारिस गर्दा संविधानको उक्त व्यवस्थाको भावनाविपरीत सिफारिस गरिएको छ भन्ने निवेदकको जिकिर रहेको छ । सोतर्फ विचार गर्दा निवेदकले आफ्नो निवेदन साथ संलग्न न्यायपरिषद्बाट सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिको लागि मिति २०७२।११।१८ मा सिफारिस गरिएको व्यक्तिहरूको नामावली हेर्दा महिला, मधेशी, जनजाति, खस, आर्यलगायत व्यक्तिहरू सिफारिस भएको उक्त नामावलीबाट देखिएको छ । सर्वोच्च अदालतमा रिक्त न्यायाधीश पदमा ११ जनाको नाम सिफारिस गरिएको अवस्था छ । सर्वोच्च अदालतमा कानूनको ज्ञाता र संविधानले तोकेको योग्यता पुगेका व्यक्तिहरूबाट मात्र न्यायाधीशमा नियुक्ति गर्नु पर्ने अवस्था छ । न्यायाधीश नियुक्तिमा संविधानले तोकेको योग्यता पुगेका व्यक्तिहरूमध्येबाट नै सम्भव भएसम्म समावेशी सिद्धान्तसमेतको आधारमा सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिको सिफारिस हुने कुरामा दुईमत हुनसक्ने अवस्था नहुने ।

न्यायपरिषद्बाट मिति २०७२।११।१८ मा सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्तिको लागि सिफारिस गरिएका व्यक्तिहरूको नामावली हेर्दा संविधानको भावनाविपरीत समावेशी सिद्धान्तलाई समेत पूर्णतया इन्कार गरी नियुक्तिको सिफारिस गरेको भन्ने नदेखिँदा उक्त सिफारिस संविधानको भावना र मर्मविपरीत गरिएको भन्न मिल्ने नदेखिने ।

संविधानको धारा २९२(१) बमोजिम सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति हुन अघि सङ्घीय कानूनबमोजिम नियुक्तिको लागि सिफारिस गरिएका व्यक्तिहरूको संसदीय सुनुवाई हुनुपर्ने अनिवार्य व्यवस्था छ । सार्वभौम संसद्बाट गठन हुने संसदीय समितिले सर्वोच्च अदालतमा रिक्त न्यायाधीश पदमा नियुक्तिको लागि सिफारिस भएका व्यक्तिहरू संविधान र कानूनबमोजिम सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति हुन उपयुक्त र योग्य छन् ? छैनन् भनी संसदीय सुनुवाई समितिबाट संसदीय सुनुवाइको सिलसिलामा छलफल गरी निर्णय गर्न सक्ने पनि देखिने ।

सर्वोच्च अदालतको रिक्त न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस गरेको न्यायपरिषद्को मिति २०७२।११।१८ को निर्णय निवेदकले आफ्नो निवेदनमा दाबी गरेअनुरूप नेपालको संविधानको प्रतिकुल नदेखिँदा निवेदक मागबमोजिम न्यायपरिषद्ले सर्वोच्च अदालतको रिक्त न्यायाधीश पदमा नियुक्तिको लागि सिफारिस गरेको मिति २०७२।११।१८ को निर्णय बदर गर्नुपर्ने अवस्था नदेखिँदा निवेदन मागबमोजिम अन्तरिम आदेशलगायत विपक्षीहरूबाट लिखित जवाफसमेत मगाइरहनु पर्ने नदेखिएकोले प्रथम दृष्टिमा नै यस सम्बन्धमा निवेदन लाग्नसक्ने नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः बिनोद रखाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७२ साल चैत ७ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७२-WO-०८९७, उत्प्रेषण, *दीपक विक्रम मिश्र वि. सम्माननीय राष्ट्रपतिको कार्यालय, शीतलनिवास काठमाडौंसमेत*

निवेदनमा उठाएको संसदीय सुनुवाईको अवधारणा महत्त्वपूर्ण पदमा नियुक्ति हुने व्यक्तिहरू जनप्रतिनिधि तथा अन्त्यमा जनताप्रति नै उत्तरदायी हुनुपर्दछ भन्ने मान्यताबाट विकास भएको हो । त्यसैले यो नितान्त जनताका प्रतिनिधि रहने व्यवस्थापिका संसद्को क्षेत्र (Domain) भित्रको कार्य हो । नेपालको संविधानले पनि यसलाई सोहीरूपमा राखेको स्पष्ट छ । धारा २९२ को उपधारा २ अनुसारको संसदीय सुनुवाइको लागि समिति गठन गर्ने, सोको काम कारवाही वा कार्यविधि नियमित गर्न नियमावली बनाउने र नियमावली नबनेसम्म व्यवस्थापिका वा सो समितिले नै आफ्नो कार्यविधि नियमित गर्ने, सदन वा यसका समितिको काम कारवाही नियमित छ वा छैन

भनी निर्णय गर्ने सम्पूर्ण अधिकार उपर्युक्त धारा १०४ र धारा १०३ को उपधारा २ को प्रावधानअनुसार व्यवस्थापिका संसद्को अन्तर्निहित अधिकार तथा विशेषाधिकारका रूपमा रही अदालतमा समेत प्रशन उठाउन नपाइने विषयका रूपमा समेत स्पस्टरूपमा राखेको अवस्थामा निवेदकले उठाएको संविधानसभा (व्यवस्थापिका संसद्को कार्य सञ्चालन) नियमावली २०७० को नियम ११८ अनुसार बनेको संसदीय सुनुवाई विशेष समिति वर्तमान नेपालको संविधान आएपछि कायमै रहेको हो ? वा कायम नरहेको हो ? वा नेपालको संविधान २०७२ को धारा २९२ बमोजिम नयाँ संसदीय सुनुवाई समिति बन्नुपर्ने हो ? भन्ने सम्बन्धमा व्याख्या गर्ने कार्यलाई यस अदालतको क्षेत्राधिकारभित्र रहेको मान्न नसकिने।

संसदीय सुनुवाइको लागि पहिलेकै समिति कायम राख्ने वा नयाँ समिति बनाउने ? के कस्तो प्रक्रिया अपनाउने ? कहिले गर्ने ? भन्नेजस्ता सवालका सम्बन्धमा व्यवस्थापिका संसद्ले संविधानसम्मत् निर्णय आफैँ गर्नुपर्ने हुन्छ । साथै उल्लिखित संवैधानिक प्रावधान रहेको सन्दर्भमा व्यवस्थापिका संसद्ले आफ्नो संवैधानिक जवाफदेहिता उचित किसिमले निर्वाह नगरेको अवस्थामा संसद्को संवैधानिक जिम्मेवारी निर्वाह गर्न यस अदालतले उपयुक्त आदेश जारी गरी आफ्नो संवैधानिक दायित्व निर्वाह गर्नसक्ने देखिए पनि व्यवस्थापिका संसद्मा व्यवस्थापिका संसद्को कार्य सञ्चालन नियमावली निर्माणाधीन प्रक्रियामा रहेको हालको अवस्थामा यस अदालतले यस विषयमा हाल के कुन कारणले संसदीय सुनुवाई नभई उपरोक्तानुसारका पदाधिकारीको नियुक्ति प्रक्रिया अवरूद्ध भएको हो ? केही बाधा अड्काउ भए संविधानको धारा ३०५ बमोजिम बाधा अड्काउ फुकाउने कार्यसमेत गर्नु भनी विपक्षीका नाममा उत्प्रेषणलगायतका आज्ञा आदेश जारी गर्न पर्ने अवस्थापनि नदेखिने।

शक्ति पृथकीकरणको मान्यताबाट आउन सक्ने खराबीलाई रोक्न यसलाई निरपेक्ष रूपमा नलिई कुनै अङ्गले विना हस्तक्षेप स्वतन्त्ररूपमा काम गर्दा संविधान तथा कानूनको सीमा नाघेमा अर्को अङ्गले रोक्न तथा खबरदारी गर्न भने पाउने गरी नियन्त्रण र सन्तुलनको अवस्था गरिएको पाइन्छ । यसलाई नेपालको संविधानले पनि अंगिकार गरेको छ तापनि नियन्त्रण र सन्तुलनको प्रयोग गर्न सकिँदैन । कुनै अङ्गको विशेषाधिकारमा नै हस्तक्षेप हुने गरी नियन्त्रण र सन्तुलनको प्रयोग गर्न सकिँदैन । कुनै अङ्गको विशेषाधिकार माथिको अर्को अङ्गको हस्तक्षेपको अर्थ उक्त विशेषाधिकारयुक्त अङ्ग वा निकायको अस्तित्व नै समाप्त पार्ने भन्ने हुन जान्छ। जो गर्न पनि सकिँदैन र गर्न खोज्नु उचित पनि नहुने।

निवेदकले उल्लेख गरेको न्यायिक हस्तक्षेप र सक्रियताको विषय कुनै अङ्ग वा निकायको संविधान तथा कानूनबमोजिम गर्नु वा नगर्नु भनेको कार्य क्रमश: नगर्दा वा गर्दा जनताका हित वा हक अधिकार कुण्ठित भएमा वा हुने अवस्था देखिएमा अर्थात् जनतालाई वितरणात्मक न्याय प्रदान गरी जनहितको अभिवृद्धि गर्न न्यायपालिकाले केही गर्नु आवश्यक ठानेमा प्रयोग गर्ने विषय भए तापनि यसको प्रयोग गर्दा संवैधानिक तथा कानूनी प्रावधान, अर्को अङ्गको विशेषाधिकारका विषय, आफ्नो अधिकारक्षेत्र जस्ता कुरामा पर्याप्त सावधानी भने अपनाउनु पर्ने।

राज्यको महत्त्वपूर्ण काम गर्न नियुक्ति गरिने पदाधिकारीको नियुक्ति प्रक्रियाका विभिन्न चरणमा हुने ढिलाइले राज्यका महत्त्वपूर्ण कार्य नै प्रभावित हुन गई अन्ततः राज्यप्रतिको जनविश्वासमा प्रश्न खडा हुन सक्छ । त्यसैले संसदीय सुनुवाई हुनुपर्ने पदाधिकारीमा सिफारिस भएका व्यक्तिहरूको छिटो संसदीय सुनुवाई भई निर्णय हुनुपर्ने भन्ने निवेदकको माग दाबीको सम्बन्धमा दुईमत हुन सकिँदैन। तर सो लाई छिटो गराउन यो वा त्यो प्रक्रिया अपाउनु भनी विशेषाधिकारभित्र नै प्रवेश गरी समानान्तररूपमा रहेको अर्को अङ्ग न्यायपालिकाले भन्न मिल्दैन ।

अन्य अङ्ग जस्तै संविधानको सिर्जनाका रूपमा रहेको न्यायपालिकाका पनि आफ्नै संवैधानिक, कानूनी तथा आत्म संयमका सीमाहरू हुन्छन् । यस्ता विषयमा व्यवस्थापिका संसद् र यसका सदस्यले नै मनन गरी आफ्नो बुद्धिमत्ता प्रयोग गर्नुपर्ने हुन्छ । सोही अनुरूप व्यवस्थापिका संसद्भित्र यससम्बन्धमा छलफल चलिरहेको पनि देखिन्छ । संसदीय सनुवाई समिति निर्माणलगायतको कामको लागि संसद् नियमावली व्यवस्थापिका संसद्मा विचाराधीन रहेकोसमेत देखिन्छ । यस्ता कार्यहरूमा सम्बन्धित निकायलाई अझ चनाखो गराउन नागरिकहरूले पनि विभिन्न तरिकाले पहल गर्न सक्ने नै देखिने ।

माथि विवेचित आधार र कारणबाट निवेदकले निवेदनमा उठाएको संसदीय सुनुवाइसम्बन्धी व्यवस्था व्यवस्थापिका संसद्को आफ्नो आन्तरिक कामकारवाहीको विषय भएको संसद्लाई आफ्नो कामकारवाही र निर्णय गर्ने पूर्ण अधिकार रहने, सदनको कुनै कारवाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुने र यससम्बन्धमा कुनै अदालतमा पश्न उठाउन नपाउने भनी आन्तरिक कामकारवाहीको विषय संसद्को विशेषाधिकारभित्रको विषयका रूपमा संविधानले नै व्यवस्थित गरेको देखिँदा र यसमा संविधान तथा कानूनको व्याख्याको प्रश्नसमेत सन्निहित रहेको नदेखिँदा निवेदक मागबमोजिम हालको अवस्थामा प्रस्तुत विषयमा अदालतले हस्तक्षेप गरी आदेशसहित विपक्षीहरूबाट लिखित जवाफसमेत मगाई रहनुको कुनै औचित्य नभएकाले प्रथम दृष्टिमा नै प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः यदुराज शर्मा

कम्प्युटरः सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**